राष्ट्रिय सूचना आयोग

National Information Commission

बार्षिक प्रतिवेदन

२०७६/७७

राष्ट्रिय सूचना आयोग

काठमाडौं, नेपाल

राष्ट्रिय सूचना आयोग

National Information Commission

बार्षिक प्रतिवेदन

२०७६/७७

राष्ट्रिय सूचना आयोग

काठमाडौं, नेपाल

राष्ट्रिय सूचना आयोगको वार्षिक प्रतिवेदन २०७६/७७

प्रकाशक : राष्ट्रिय सूचना आयोग
काठमाडौँ, नेपाल ।

फोन नं. : ४४६४४१२/४४९६५४४

फ्याक्स नं. : ४४९६५४५

इमेल : info@nic.gov.np

वेभसाईट : www.nic.gov.np

हेल्प लाइन : ४४९६५४१

अडियो नोटिस : १६१८०७०७८२४२६

प्रकाशन मिति : २०७७

प्रति :

मुद्रक : .....

विषय : बाह्रौं बार्षिक प्रतिवेदन ।

नेपालको संविधानको धारा २७ मा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ भन्ने व्यवस्था छ । यस संवैधानिक मौलिक हकको कार्यान्वयनका लागि जारी गरिएको सूचनाको हकसम्बन्धी ऐन, २०६४ मा प्रत्येक नेपालीलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भनी कानूनीरूपमा प्रत्याभूत गरिएको छ । साथै, सोही ऐनको दफा ११ मा सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गर्ने कामको लागि एक स्वतन्त्र राष्ट्रिय सूचना आयोग रहनेछ भन्ने व्यवस्था छ । यसै अनुरूप यस आयोगबाट आर्थिक बर्ष २०७६/७७ मा सम्पादन भएका मुख्य मुख्य कामहरू समावेश गरी यो बार्षिक प्रतिवेदन तयार गरिएको छ । आर्थिक वर्ष २०७६/७७ मा राष्ट्रिय सूचना आयोगद्वारा सम्पादित काम कारवाहीको प्रस्तुत बार्षिक प्रतिवेदन सम्माननीय प्रधानमन्त्रीमार्फत् व्यवस्थापिका-संसदमा प्रस्तुत गर्नुका साथै सर्वसाधारणको जानकारीका लागि सार्वजनिकरूपमा प्रकाशन गर्नुपर्ने कानूनी व्यवस्था अनुरूप कानूनले सुम्पिएको जिम्मेवारीमा मन, वचन र कर्मले इमान्दार र क्रियाशील रही सम्पादन गरिएका कार्यहरू प्रतिवेदन तयार गरेका हौँ ।

यो प्रतिवेदन आठ वटा परिच्छेदमा तयार गरिएको छ । पहिलो परिच्छेदमा आयोगको परिचय र दोस्रो परिच्छेदमा सूचनाको हकसम्बन्धी ऐन, नियम तथा कानूनी व्यवस्था समावेश गरिएको छ । तेस्रो परिच्छेदमा आयोगमा परेका पुनरावेदन र फछ्र्यौटको विवरण समावेश गरिएको छ भने चौथो परिच्छेदमा आयोगबाट यस आर्थिक बर्षमा भएका महत्वपूर्ण आदेशहरू तथा निर्देशन समावेश गरिएको छ । पाँचौ परिच्छेदमा आयोगबाट सञ्चालित वित्तीय तथा भौतिक प्रगतिको विवरणसमावेश गरिएको छ भने छैठौँ परिच्छेदमा आयोगबाट सम्पन्न भएका प्रमुख कार्यहरू समेटिएको छ । सातौँ परिच्छेदमा विभिन्न निकायहरूले सञ्चालन गरेका सूचनाको हकसम्बन्धी कार्यक्रमहरूको विवरण र आठौँ परिच्छेदमा आयोगका सुझावहरूको विवरण समावेश गरिएको छ । यस अतिरिक्त चार वटा अनुसूचीहरू र एक वटा परिशिष्ट समावेश गरी तयार पारिएको यो बार्षिक प्रतिवेदन सर्वसाधारणको जानकारीको लागि आयोगको वेबसाइट www.nic.gov.np मा पनि राखिएको छ । यो प्रतिवेदन तयार पार्ने कार्यमा संलग्न राष्ट्र सेवक कर्मचारीहरू तथा सूचनाका हकका अभियन्ताहरूप्रति आयोग आभार व्यक्त गर्दछ ।

(रत्नप्रसाद मैनाली)	(कमला ओली थापा)	(महेन्द्र मान गुरूङ्ग)
सूचना आयुक्त	सूचना आयुक्त	प्रमुख सूचना आयुक्त

संक्षेपीकरण

उ.म.न.पा.	-	उपमहानगरपालिका
उ.मा.वि.	-	उच्च माद्यमिक विद्यालय
का.म.न.पा.	-	काठमाडौं महानगरपालिका
को.ले.नि.का.	-	कोष तथा लेखा नियन्त्रक कार्यालय
गा.पा.	-	गाउँपालिका
जि.प्र.का.	-	जिल्ला प्रशासन कार्यालय
त्रि.वि.	-	त्रिभुवन विश्वविद्यालय
ने.रा.बैंक	-	नेपाल राष्ट्र वैंक
ब.उ.शी.नं.	-	बजेट उपशीर्षक नम्बर
म. ले. प.	-	महालेखा परीक्षक
मा.वि.	-	माध्यमिक विद्यालय
रा.प.अनं.	-	राजपत्र अनङ्कित
रा.प.अनं.प्र.	-	राजपत्र अनङ्कित प्रथम
रा.प.तृ.	-	राजपत्राङ्कित तृतीय
रा.प.द्वि.	-	राजपत्राङ्कित द्वितीय
सा. प्र	-	सामान्य प्रशासन

बिषय सूची

कार्यकारी सारांश

परिच्छेद १ राष्ट्रिय सूचना आयोगको परिचय

१.१ संवैधानिक व्यवस्था

१.२ कानूनी व्यवस्था

१.३ राष्ट्रिय सूचना आयोगको गठन

१.४ राष्ट्रिय सूचना आयोगको काम, कर्तव्य र अधिकार

१.५ राष्ट्रिय सूचना आयोगको थप काम, कर्तव्य र अधिकार

१.६ अधिकार प्रत्यायोजन

१.७ आयोगको कार्यालय र कर्मचारी सम्बन्धी व्यवस्था

१.८ आयोगको बार्षिक प्रतिवेदन

परिच्छेद २ सूचनाको हकसम्बन्धी ऐन, नियम तथा कानूनी व्यवस्था

२.१ सूचनाको हकसम्बन्धी ऐन, २०६४ तथा सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को कानूनी व्यवस्था:

परिच्छेद ३ पुनरावेदन र फछ्र्यौटको अवस्था

३.१ निवेदन, उजुरी तथा पुनरावेदनको विवरण

३.२ क्षेत्रगत पुनरावेदनको विवरण

परिच्छेद ४ आयोगबाट भएका महत्वपूर्ण आदेश तथा निर्देशन

परिच्छेद ५ वित्तीय तथा भौतिक प्रगति

५.१ विनियोजित बजेट र खर्चको विवरण

५.२ विगत आठ वर्षको विनियोजित बजेट र खर्चको विवरण

५.३ आयोगका पदाधिकारीहरूले लिएको भुक्तानीको विवरण

परिच्छेद ६ आयोगबाट सम्पन्न भएका प्रमुख कार्यक्रमहरू

६.१ पृष्ठभूमी

६.२ उच्च अदालतका माननीय न्यायधीशहरू लक्षित कार्यक्रम

६.३ सूचनाको हकमा महिला सशक्तीकरणसम्बन्धी कार्यक्रम

६.४ प्रदेश सभाका माननीय सदस्यहरूसँग अन्तरक्रिया कार्यक्रम

६.५ जिल्लास्तरीय अभिमुखीकरण कार्यक्रम

६.६ सम्माननीय प्रधानमन्त्रीसमक्ष बार्षिक प्रतिवेदन हस्तान्तरण

६.७ सञ्चार माध्यमबाट सूचनाको हक सम्बन्धमा भएका प्रबर्द्धनात्मक कार्यक्रमहरू

६.८ कोरोना भाइरसका कारण हुन नसकेका कार्यक्रम

६.९ विनय कसजू पुरस्कार

६.१० कार्यक्रमहरूको निष्कर्ष र प्राप्त सुझावहरू

६.११ बार्षिक स्वीकृत कार्यक्रम बाहेक आयोगको निर्णयानुसार भएका कार्यक्रम

परिच्छेद ७ अन्य निकायहरूमा सूचनाको हकका सम्बन्धमा भएका कार्यहरू

परिच्छेद ८ सूचनाको हकको प्रभावकारी प्रचलनसम्बन्धी आयोगका सुझावहरू

अनुसूची १ नागरिक बडापत्र

अनुसूची २ राष्ट्रिय सूचना आयोगको संगठन संरचना

अनुसूची ३ आर्थिक बर्ष २०७६/७७ मा सम्पन्न भएका सूचनाको हकसम्बन्धी कार्यक्रमहरूको संक्षिप्त विवरण

अनुसूची ४ राष्ट्रिय सूचना आयोगमा आर्थिक बर्ष २०७६/७७ मा कार्यरत पदाधिकारी र कर्मचारीहरूको विवरण

अनुसूची ५ आर्थिक बर्ष २०७६/७७ मा आयोगबाट भएका आदेशहरूको विवरण

परिशिष्ट आर्थिक बर्ष ०७६/७७ मा आयोगमा परेको पुनरावेदनउपर भएको कारवाहीको संक्षिप्त विवरण

कार्यकारी सारांश

राष्ट्रिय सूचना आयोगबाट आर्थिक बर्ष २०७६/७७ मा सम्पादित प्रमुख कार्यहरूमध्ये आयोगमा दर्ता भएका सबै १०१३ वटा उजुरी र पुनरावेदनहरूउपर कारबाही गरी शतप्रतिशत फर्छ्यौट गरिनु हो । यी १०१३ वटा उजुरीहरू तथा पुनरावेदनहरूलाई १० वर्गमा बाँडी विश्लेषण गर्दा स्थानीय तहहरूसँग सम्बन्धित उजुरीहरू ५६ प्रतिशत रहेको छ भने गैरसरकारी संस्थासँग सम्बन्धित उजुरीहरू २१ प्रतिशत रहेको छ । शिक्षा स्वास्थ्य र खेलकुदसँग सम्बन्धित उजुरीहरू १० प्रतिशत रहेको छ भने आर्थिक क्षेत्रसँग सम्बन्धित उजुरीहरू ७ प्रतिशत रहेको छ । यसले स्थानीय तहमा सूचनाको हक सम्बन्धमा थप प्रयासको जरुरत रहेको देखाएको छ ।

आर्थिक वर्ष २०७६/७७ मा राष्ट्रिय सूचना आयोगले विभिन्न अन्तरक्रिया कार्यक्रमहरू सञ्चालन गरेको थियो । प्रमुख कार्यक्रमहरूमा उच्च अदालत तुल्सीपुर, उच्च अदालत बुटवल, उच्च अदालत पाटन र विशेष अदालत तथा उच्च अदालत बिराटनगरका न्यायाधीशहरू र कानून व्यवसायीहरूसँग गरिएका अन्तरक्रिया कार्यक्रमहरू प्रमुख थिए । आयोगले सूचनाको हकमा महिला सशक्तीकरणको कार्यक्रम पनि सञ्चालन गरेको थियो । काठमाडौंमा सम्पन्न यो कार्यक्रममा १२० भन्दा बढी महिलाको सहभागिता रहेको थियो ।

यसैगरी नेपाल कम्युनिस्ट पार्टी र नेपाली कांग्रेस लगायतका अन्य राजनैतिक दलहरूसँग काठमाडौंमा सूचनाको हकसम्बन्धी गरिएको अन्तरक्रिया कार्यक्रम अर्को महत्वपूर्ण कार्यक्रम थियो । प्रदेश सरकारका माननीय सांसदहरूलाई लक्षित गरी विराटनगरमा भएको कार्यक्रम पनि आयोगले गरेको महत्वपूर्ण कार्यक्रम हो । यस्तै सूचनाको हकका अभियन्ता तथा सूचना मागकर्ताहरूसँग आयोगले विभिन्न पटक छलफल तथा अन्तरक्रिया कार्यक्रमहरू सञ्चालन गरेको थियो । यसका साथै विभिन्न कार्यालयका सूचना अधिकारी तथा कार्यालय प्रमुखहरूसँग सूचनाको हकसम्बन्धी विषयमा विभिन्न अन्तरक्रिया कार्यक्रमहरू आयोजना गरिएको थियो । स्थलगतरूपमा नै आयोगले महोत्तरी, पाल्पा, गुल्मी, डोल्पा, नवलपरासी सुस्ता पूर्व, संखुवासभा, रुकुम पुर्व, सल्यान लगायतका जिल्लाका सञ्चारकर्मीहरूसँग सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रमहरू पनि सञ्चालन गरेको थियो ।

सूचनाको हक सम्वन्धमा अभिमुखीकरण कार्यक्रम आयोगले गरेको अर्को महत्वपूर्ण कार्यक्रम थियो । आर्थिक वर्ष २०७६/७७ मा आयोगले विभिन्न जिल्ला जस्तै डोल्पा, महोत्तरी, सल्यान, रुकुम पूर्व, पाल्पा, गुल्मी, नवलपरासी सुस्ता पूर्व आदिमा गई विद्यालय, सार्वजनिक निकाय र सूचनाको हकका अभियन्ताहरूका लागि लक्षित गरी अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गरेको थियो ।

सूचनाको हक सम्बन्धमा आयोगबाट अनुगमन तथा मूल्याङ्कनका कार्यहरू पनि भएका थिए । आर्थिक वर्ष २०७६/७७ मा झापा, मोरङ्ग, कैलाली, कञ्चनपुर, गुल्मी, अर्घाखाँची, रूपन्देही, स्याङ्गजा लगायतका जिल्लाका सार्वजनिक निकायमा सूचनाको हकसम्बन्धी अनुगमन तथा मुल्यांकनको काम भएको थियो ।

संघीय संसद, प्रदेश सभा र स्थानीय तहबाट आगामी दिनमा कानूनमा गरिने संशोधन वा परिमार्जन तथा नयाँ कानून निर्माण गर्दा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) मा उल्लेख भएबमोजिमका बाहेक कुनै पनि विषयलाई कानूनीरूपमा गोप्य नराख्ने गरी व्यवस्था गर्न सबै विषयगत समितिहरूलाई अनुरोध गरिएको आयोगले गरेको अर्को महत्वपूर्ण कार्य थियो ।

कोरोना भाइरसको संक्रमणको कारण देशमा लकडाउनको समयमा पनि संघीय सरकारका मुख्य सचिव, प्रदेश सरकारका प्रमुख सचिव, स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतका नाममा सूचना सार्वजनिक गर्न आयोगका तर्फबाट विभिन्न आदेशहरू जारी गरिएको थियो । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिवका नाममा डेंगु तथा कोरोना भाइरसबाट बच्न र त्यसबाट संक्रमित व्यक्तिको गोपनियतालाई मध्यनजर गरी आमनागरिकलाई सुसूचित गराउन आदेश जारी गरिएको थियो । यसैगरी कृषि तथा पशुपंक्षी विकास मन्त्रालयका सचिवका नाममा किसानले लकडाउनको समयमा मल, बीउ, किटनाशक औषधिलगायत प्राविधिक सहयोग कहाँ र कसरी प्राप्त गर्न सक्दछन् सो सम्बन्धमा सबै कृषकलाई सुसूचित गराउन आदेश जारी गरिएको थियो ।

सूचना दिन अटेर गर्ने दिल्ली पब्लिक स्कूल, लिपनीमाल-८, बारा, ईशनाथ नगरपालिकाको कार्यालय, रौतहट र नेपाल चार्टर्ड एकाण्टेन्ट संस्था, ललितपुरका कार्यालय प्रमुख र सूचना अधिकारीलाई आयोगले दण्डित गरेको थियो ।

कोभिडका कारण प्रत्यक्ष अनुगमन गर्न नसकिए पनि राष्ट्रिय सूचना आयोगबाट आर्थिक वर्ष २०७६/७७ मा नेपाल टेलिभिजन, रेडियो नेपाल र गोरखापत्र संस्थानसँगको सहकार्यमा विभिन्न जानकारीमूलक र चेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिएका थिए । सूचना हाम्रो अधिकार र सूचनाको हक मौलिक हक भन्ने जस्ता चेतनामूलक कार्यक्रमहरू निकै प्रभावकारी भएको अनुभव आयोगले गरेको छ ।

आयोगबाट यस आर्थिक वर्षमा गरिएका महत्वपूर्ण कार्यक्रमहरू मध्ये संघीय मन्त्रालय, विभाग र प्रदेशका मन्त्रालयहरूको वेबमा आधारित (Web-based) अनुगमन पनि महत्वपूर्ण थियो । कूल १२० वटा कार्यालयको अनुगमन गरिएकोमा संघीय सरकार अन्तर्गतका कार्यालयहरूको अवस्था संतोषजनक नै पाइएता पनि प्रदेश सरकार अन्तर्गतका कार्यालयहरूको अवस्थामा निकै सुधार गर्नु पर्ने देखियो ।

आयोग स्वयम्ले नै सूचनाको हकको महाअभियानलगायत त्रैमासिक स्वतः प्रकाशन, बार्षिक प्रतिवेदन, २०७६ लगायत विभिन्न प्रकाशन र सचेतनामूलक सन्देशहरू प्रवाह गरेको थियो । आयोगले राष्ट्रिय सूचना दिवस, २०७६, आयोग स्थापना दिवस, सूचनामा सर्वव्यापी पहुँच सम्बन्धी अन्तर्राष्ट्रिय दिवस, २०१९ भव्यताका साथ मनाएको थियो । आयोगका काम कारबाहीहरू विद्युतीय प्रणालीबाट सञ्चालन भएका थिए । आयोग स्थापना दिवसका दिन प्रत्येक बर्ष सूचनाको हकका अभियन्तालाई आयोगबाट प्रदान गरिँदै आएको पुरस्कारको नाम राष्ट्रिय सूचना आयोगका प्रथम प्रमुख सूचना आयुक्त विनयकुमार कसजूको सम्मानमा 'विनय कसजू पुरस्कार' नामाकरण गरिएको थियो । आयोगको कार्य प्रगति र गतिविधिका सम्बन्धमा अद्यावधिक सूचना सम्प्रेषण गर्न प्रत्येक महिना पत्रकार सम्मेलनको आयोजना गरिएको थियो ।

आयोगले देशको संघीय संरचनाको परिप्रेक्षमा आगामी दिनमा आफ्ना कामकारबाहीहरू प्रदेश तथा स्थानीय तहमा लक्षित गर्नु पर्ने महसुस गरेको छ । साथै आयोगले सूचनाको हकसम्बन्धी नियम, कानूनहरू पनि परिवर्तित परिवेश अनुरूप अद्यावधिक गरिनु पर्ने महशुस गरेको छ । साथै आयोगलाई नेपाल सरकारबाट वर्षेनी प्राप्त हुने वित्तीय स्रोत साधनलाई पर्याप्त विनियोजन गरिनुका साथै स्वायत्तता प्रदान गरिनु पर्ने महसुस भएको छ ।

परिच्छेद १

राष्ट्रिय सूचना आयोगको परिचय

नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली अपनाएको मुलुक हो । नेपालको संविधानको प्रस्तावनामा समृद्ध राष्ट्र निर्माण गर्न सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकङ्क्षा पुरा गर्न संविधान जारी भएको उल्लेख गरिएको छ । संविधानबमोजिम नेपालको सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा निहित रहेको छ । यसैगरी संविधानको धारा २७ मा सूचनाको हकअन्तर्गत प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ भन्ने व्यवस्था छ । यसरी नागरिकलाई सूचनाको हकको प्रत्याभूति प्रदान गरिएकोले संविधानको यस धाराको कार्यान्वयनका लागि तत्कालीन व्यवस्थापिका-संसद्बाट सूचनाको हकसम्बन्धी ऐन, २०६४ पारित भई २०६४ श्रावण ५ गते प्रमाणीकरण भएको हो । यो ऐन २०६४ भदौ ३ गतेदेखि लागू भएको छ । जुन दिनलाई राष्ट्रिय सूचना दिवसका रूपमा मनाईन्छ । वर्तमान संविधानको धारा २७ मा नागरिकको सूचनाको हकको व्यवस्था गरिएको छ ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले नेपाली नागरिकको सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गराउन एक स्वतन्त्र राष्ट्रिय सूचना आयोग रहने कानूनी व्यवस्था गरेको छ । यस अनुसार आयोगले प्रत्येक आर्थिक वर्षमा आफूले सम्पादन गरेका काम कारवाहीको बार्षिक प्रतिवेदन सम्माननीय प्रधानमन्त्री मार्फत् संघीय-संसद्मा प्रस्तुत गर्नुपर्ने कानूनी व्यवस्था ऐनको दफा २५ मा रहेको छ । यस बमोजिम आयोगबाट आर्थिक बर्ष २०७६/७७ मा सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलनका सम्बन्धमा भए गरेका कामहरूको कार्य सम्पादन एवम् गतिविधिका सम्बन्धमा प्रस्तुत बाह्रौं बार्षिक प्रतिवेदन तयार गरिएको छ ।

१.१ संवैधानिक व्यवस्था

नेपालमा सूचनाको हकलाई सर्वप्रथम ऐतिहासिक जनआन्दोलनपश्चात् जारी भएको तत्कालीन नेपाल अधिराज्यको संविधान, २०४७ मा प्रत्याभूत गरिएको थियो । उक्त संविधानको भाग-३, मौलिक हकअन्तर्गत धारा १६ मा प्रत्येक नागरिकलाई सार्वजनिक महत्वको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ भन्ने व्यवस्था र सोही धाराको प्रतिबन्धात्मक व्यवस्थामा तर यस धारामा लेखिएको कुनै कुराले कानून बमोजिम गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई कर लगाएको मानिने छैन, उल्लेख गरिएको थियो । तत् पश्चात् जारी भएका दुवैवटा संविधानमा सूचनाको हकलाई व्यवस्था गरेको पाइन्छ ।

नेपालको अन्तरिम संविधान, २०६३ को भाग-३, मौलिक हकअन्तर्गत धारा २७ मा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने वा पाउने हक हुनेछ भन्ने व्यवस्था र सोही धाराको प्रतिबन्धात्मक व्यवस्थामा तर कानूनद्वारा गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई कर लगाएको मानिने छैन भन्ने उल्लेख गरिएको थियो ।

वर्तमान नेपालको संविधानको भाग-३ मौलिक हकअन्तर्गत धारा २७ मा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयमा सूचना माग्ने र पाउने हक हुनेछ भन्ने उल्लेख गरिएको छ । सोही धाराको प्रतिबन्धात्मक व्यवस्थामा तर कानुनद्वारा गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई कर लगाएको मानिने छैन भन्ने उल्लेख गरिएको छ ।

यसैगरी धारा २८ मा गोपनीयताको हक सम्बन्धमा व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्याङ्क, पत्राचार, चरित्रसम्बन्धी कुराहरूको गोपनीयता कानूनद्वारा तोकिएको अवस्थामा बाहेक अनतिक्रम्य हुनेछ भन्ने उल्लेख गरिएको छ ।

१.२ कानूनी व्यवस्था

वर्तमान नेपालको संविधानको धारा २७ मा व्यवस्था गरिएको सूचनाको हकअन्तर्गत नागरिकको आफ्नो र सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हकलाई

कानूनद्वारा व्यवस्थित गर्नुका साथै राज्यका कामकारवाहीलाई लोकतान्त्रिक पद्धतिअनुरूप खुला र पारदर्शी बनाई नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउन, सार्वजनिक निकायमा रहेका सार्वजनिक महत्वका सूचनामा आमनागरिकको पहुँचलाई सरल र सहज तुल्याउन, राज्य र नागरिकको हितमा प्रतिकूल असर पार्ने सम्वेदनशील सूचनाको संरक्षण गर्न र नागरिकको सुसूचित हुने हकलाई संरक्षण र प्रचलन गराउने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले तत्कालीन व्यवस्थापिका-संसद्ले सूचनाको हकसम्बन्धी ऐन, २०६४ पारित गरी २०६४ साल श्रावण ५ गते प्रमाणीकरण गरेको हो । सो ऐन प्रमाणीकरण भएको ३० औँ दिनमा प्रारम्भ हुने व्यवस्था बमोजिम २०६४ भाद्र ३ गतेदेखि कार्यान्वयनमा आएको छ । सोही ऐनको दफा ३ ले प्रत्येक नेपाली नागरिकलाई यस ऐनको अधीनमा रही सूचनाको हक हुने र सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुने व्यवस्था सुनिश्चित गरिएको छ । यसरी संवैधानिक र कानूनीरूपमा राज्यको कामकारवाहीलाई लोकतान्त्रिक पद्धति अनुरूप खुला, पारदर्शी, उत्तरदायी र जवाफदेही बनाई सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गर्नु गराउनु सार्वजनिक निकायहरूको दायित्व हो भनी व्याख्या गरिएको छ ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले सूचनाको हकसम्बन्धी नियमावली, २०६५ बनाई लागू गरेको छ । यस नियमावलीमा २०६८ चैत्र १३ गते पहिलो संशोधन र २०७० साल श्रावण २८ गते दोस्रो संशोधन गरिएको छ ।

१.३ राष्ट्रिय सूचना आयोगको गठन

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को परिच्छेद ३ को दफा ११ मा सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गर्ने कामका लागि कम्तिमा एकजना महिलासमेत समावेश हुने गरी एक जना प्रमुख सूचना आयुक्त र दुई जना सूचना आयुक्त भएको तीन सदस्यीय स्वतन्त्र राष्ट्रिय सूचना आयोग रहने व्यवस्था छ । व्यवस्थापिका-संसद्का सभामुखको अध्यक्षतामा सञ्चार तथा सूचना प्रविधि मन्त्री र नेपाल पत्रकार महासंघका अध्यक्ष सदस्य रहेको समितिको सिफारिसमा नेपाल सरकारले प्रमुख सूचना आयुक्त र सूचना आयुक्तहरूको नियुक्ति गर्छ । सोही व्यवस्था अनुसार २०६५ साल वैशाख २२ गते पहिलो पटक गठित राष्ट्रिय सूचना आयोगको प्रमुख सूचना आयुक्तमा श्री विनय कुमार कसजू र सूचना आयुक्तहरूमा क्रमशः श्री श्री आचार्य र श्री सविता भण्डारी बराल नियुक्त हुनुभयो । प्रमुख सूचना आयुक्त विनयकुमार कसजूको कार्यकाल उमेर हदको कारण २०६९ श्रावण ३ गते समाप्त भयो । त्यसपछि सूचना आयुक्त श्री श्री आचार्यले कार्यवाहक प्रमुख सूचना आयुक्तको कार्यभार सम्हाल्नुभयो । २०७० जेठ २४ गते कार्यवाहक प्रमुख सूचना आयुक्त श्री श्री आचार्य र सूचना आयुक्त श्री सविता भण्डारी बरालको कार्यकाल पदावधिका कारण समाप्त भयो । तत् पश्चात् करिब १७ महिना आयोग पदाधिकारी विहीन हुँदा कार्यालयका तर्फबाट रिक्त पदाधिकारीहरूको भूमिका निर्वाह गरियो ।

दोस्रो कार्यकालको रूपमा २०७१ पुस २४ गतेको मन्त्रिपरिषद्को निर्णयानुसार प्रमुख सूचना आयुक्तमा श्री कृष्णहरि बाँस्कोटा र सूचना आयुक्तहरूमा श्री किरणकुमार पोखरेल र श्री यशोदादेवी तिम्सिना नियुक्त भएर २०७१ पौष ३० गते पद बहाली गर्नु भई २०७६ पुष २३ सम्म कार्य गर्नु भयो । पदावधि समाप्त भई अवकाश हुनु भएपछि नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७६ मंसिर २३ को निर्णयानुसार मिति २०७६ पुष २४ बाट प्रमुख सूचना आयुक्तमा श्री महेन्द्र मान गुरूङ्ग र सूचना आयुक्तद्वयमा श्री कमला ओली थापा र श्री रत्नप्रसाद मैनालीले पदबहाली गर्नु भयो । आयोगका पदाधिकारीको कार्यकाल ५ वर्षको हुने कानूनी व्यवस्था छ ।

१.४ राष्ट्रिय सूचना आयोगको काम, कर्तव्य र अधिकार

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को परिच्छेद ३ को दफा १९ ले राष्ट्रिय सूचना आयोगको काम, कर्तव्य र अधिकार देहायबमोजिम तोकिएको छ :

१.४.१ सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचना सम्बन्धी अभिलेख, लिखत तथा अन्य सामग्रीको अध्ययन तथा अवलोकन गर्ने ।

१.४.२ त्यस्तो निकायमा रहेको अभिलेख, लिखत वा अन्य सामग्रीसम्बन्धी सूचना सूचीकृत गरी मिलाई राख्न आदेश दिने ।

१.४.३ नागरिकको जानकारीको लागि सूचना सार्वजनिक गर्न सम्बन्धित सार्वजनिक निकायलाई आदेश दिने ।

१.४.४ समय किटान गरी निवेदकले माग गरेको सूचना दिन सम्बन्धित सार्वजनिक निकायलाई आदेश दिने ।

१.४.५ यस ऐनबमोजिमको दायित्व पालना गर्न गराउन सम्बन्धित पक्षलाई आदेश दिने ।

१.४.६ नेपाल सरकार तथा सूचना तथा सञ्चारसँग सम्बन्धित विभिन्न निकायहरूलाई सूचनाको हकको संरक्षण र सम्बर्द्धनका लागि आवश्यक सुझाव दिने वा सिफारिस गर्ने ।

१.४.७ सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गर्नको लागि आवश्यक पर्ने उपयुक्त आदेश दिने ।

१.५ राष्ट्रिय सूचना आयोगको थप काम, कर्तव्य र अधिकार

१.५.१ नेपाली नागरिकले सार्वजनिक निकायसँग सूचना माग गर्दा मागेको सूचना नपाएमा वा पाएको सूचनाउपर चित्त नबुझेमा निजले आयोगसमक्ष पुनरावेदन दिन सक्छन् । आयोगले सो पुनरावेदनमाथि कारवाही गरी सूचना दिनु भन्ने आदेश जारी गर्न सक्छ ।

१.५.२ सरकारी निकायमा रहेका सूचनाको वर्गीकरण गर्न बनेको समितिले वर्गीकरण गरेको सूचनाउपर चित्त नबुझी त्यस्तो सूचना सार्वजनिक हुनुपर्ने भनी पुनरावलोकनको लागि निवेदन पर्न सक्छ। यस्ता निवेदनउपर आयोगले छानबिन गरी त्यस्तो सूचना गोप्य राख्नुपर्ने नदेखिएमा सार्वजनिक गर्न आदेश दिन सक्छ ।

१.५.३ सूचना नदिने, दिन इन्कार गर्ने, आंशिक रूपमा सूचना दिने वा गलत सूचना दिने वा समयमा सूचना नदिने सार्वजनिक निकायका प्रमुख वा सूचना अधिकारीलाई जरिवाना गर्न र विभागीय कारवाहीका लागि आयोगले सम्बन्धित पदाधिकारीसमक्ष लेखी पठाउन सक्छ ।

१.५.४ सूचना नदिएको, दिन इन्कार गरेको, आंशिक रूपमा दिएको वा गलत सूचना दिएको वा सूचना नष्ट गरेको कारणले कुनै व्यक्तिलाई हानि नोक्सानी पर्न गएमा आयोगले सम्बन्धित निकाय वा पदाधिकारीबाट क्षतिपूर्ति भराई दिन सक्छ ।

१.५.५ सूचना प्रवाह गर्ने क्रममा कुनै निकाय वा पदाधिकारीले बढी दस्तुर लिने अवस्था सिर्जना भएमा नागरिकले आयोगमा उजुरी गर्न सक्ने र आयोगले दस्तुर पुनरावलोकनको आदेश दिन सक्छ ।

१.५.६ आयोगले सूचनादाताको संरक्षण गर्छ र निजलाई कुनै क्षति पुऱ्याइएको भए क्षतिपूर्ति समेत दिलाउँछ ।

१.५.७ कुनै पनि व्यक्तिले सार्वजनिक निकायबाट प्राप्त गरेको सूचनालाई दुरूपयोग गरेमा आयोगले जरिवाना गर्न सक्छ ।

१.५.८ आयोगले आफूले वर्षभरि गरेको काम कारवाहीको बार्षिक प्रतिवेदन प्रधानमन्त्रीमार्फत् संघीय संसद्मा प्रस्तुत गर्छ । यसका साथै सर्वसाधारणको जानकारीको लागि सार्वजनिक रूपमा समेत प्रकाशन गर्छ ।

१.६ अधिकार प्रत्यायोजन

राष्ट्रिय सूचना आयोगले आफूलाई प्राप्त पुनरावेदनको कारवाही र किनारा गर्ने अधिकारबाहेक अन्य काम, कर्तव्य र अधिकारमध्ये कुनै काम, कर्तव्य र अधिकार प्रमुख सूचना आयुक्त, सूचना आयुक्त वा कुनै निकाय वा अधिकारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालना गर्न पाउने गरी

प्रत्यायोजन गर्न सक्ने ऐनको दफा २० मा उल्लेखित छ । यस अनुसार आयोगले २०७३ बैशाख ३१ गतेको निर्णयानुसार तत्कालीन ७५ र हाल ७७ जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूलाई निम्नानुसार ३ बुँदे अधिकार प्रत्यायोजन गरेको छ :

(क) सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) र (४) तथा सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम प्रत्येक तीन/तीन महिनामा स्वतः प्रकाशन नियमित प्रकाशन गर्न जिल्लाका सबै सरकारी कार्यालय तथा सार्वजनिक संस्थानहरूलाई आदेश दिने ।

(ख) सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ६ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम २४क बमोजिम जिल्लाका सबै सरकारी कार्यालय तथा सार्वजनिक संस्थामा सूचना अधिकारी तोक्न ती पदाधिकारीको नाम, सम्पर्क नं. र फोटो सहितको विवरण फ्लेक्स बोर्डमा सार्वजनिक गर्न आदेश दिने ।

(ग) सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ख(४) मा सार्वजनिक निकायमा परेको सूचनाको मागसम्बन्धी निवेदन र सोउपर सूचना दिएको विषयलाई पनि ३/३ महिनामा सार्वजनिक गर्नुपर्ने व्यवस्था भएबमोजिम जिल्लाका सबै सरकारी कार्यालय तथा सार्वजनिक संस्थानहरूमा पर्ने निवेदन र सोबमोजिम सूचना उपलब्ध गराइएको वा इन्कार गरिएको विवरणको छुट्टै अभिलेख राख्न आदेश दिने ।

१.७ आयोगको कार्यालय र कर्मचारीसम्बन्धी व्यवस्था

राष्ट्रिय सूचना आयोगको केन्द्रीय कार्यालय काठमाडौँमा छ । यस आयोगले आवश्यकता अनुसार नेपालका विभिन्न स्थानमा आफ्नो कार्यालय खोल्न सक्नेछ । सूचनाको हकसम्बन्धी क्रियाकलाप अझ प्रभावकारी रूपमा सञ्चालन गर्न राष्ट्रिय सूचना आयोगले नेपाल सरकारलाई सातै प्रदेशमा प्रादेशिक सूचना आयोग गठन गर्नुपर्ने सुझाव दिएको छ । साथै, प्रादेशिक सूचना आयोगको स्थापना नहुञ्जेल आयोगको प्रदेशस्तरमा वा जिल्लास्तरमा सम्पर्क कार्यालय स्थापना गर्न पनि नेपाल सरकारसमक्ष सुझाव प्रस्तुत भएको छ। आयोगलाई आवश्यक कर्मचारीको व्यवस्था नेपाल सरकारले गर्नेछ । यस्ता कर्मचारीहरूमध्ये प्रशासकीय प्रमुखका रूपमा निजामती सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिव रहने व्यवस्था छ । यस आयोगको नागरिक बडापत्र **अनुसूची १** मा समावेश गरिएको छ भने संगठन संरचना **अनुसूची २** मा समावेश गरिएको छ । साथै, **अनुसूची ३** मा आर्थिक बर्ष २०७६/७७ मा आयोगबाट सम्पन्न भएका सूचनाको हकसम्बन्धी कार्यक्रमहरूको संक्षिप्त विवरण र प्रतिवेदन अवधिसम्ममा कार्यरत पदाधिकारी तथा कर्मचारीहरूको विवरण **अनुसूची ४** मा समावेश गरिएको छ । आयोगको कार्यसम्पादन गर्न आवश्यक पर्ने खर्चको व्यवस्था नेपाल सरकारले गर्दछ ।

१.८ आयोगको बार्षिक प्रतिवेदन

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २५ बमोजिम आयोगले प्रत्येक वर्ष आफूले सम्पादन गरेका कामकारवाहीको बार्षिक प्रतिवेदन सम्माननीय प्रधानमन्त्रीमार्फत् संघीय संसद्समक्ष प्रस्तुत गर्नुपर्छ । यही व्यवस्था अनुसार आयोगले स्थापनाकालदेखि नै प्रतिवेदन प्रस्तुत गर्दै आएको छ । सोही ऐनको दफा २५ को उपदफा (२) बमोजिम यसरी प्रस्तुत गरिएको प्रतिवेदन सर्वसाधारणको जानकारीका लागि आयोगको वेबसाइट www.nic.gov.np मा पनि सार्वजनिक रूपमा प्रकाशित गर्ने गरिएको छ । आयोगले विगतमा आर्थिक बर्ष २०६५/६६, २०६६/६७, २०६७/६८, २०६८/६९, २०६९/७०, २०७०/७१, २०७१/७२, २०७२/७३, २०७३/७४, २०७४/७५ र २०७५/७६ को ११ वटा प्रतिवेदन प्रस्तुत गरिसकेको छ । यो आयोगको बाह्रौं प्रतिवेदन हो । यी सबै प्रतिवेदनहरू संघीय संसद्मा छलफल गर्नुपर्ने कानूनी व्यवस्था रहेपनि हालसम्म पनि आयोगका प्रतिवेदनहरू उपर संसदमा छलफल हुन सकेको छैन ।

परिच्छेद २

सूचनाको हकसम्बन्धी ऐन, नियम तथा कानूनी व्यवस्था

नेपाल अधिराज्यको संविधान, २०१५ को भाग ३ को मौलिक हकअन्तर्गत धारा ३ को वैयक्तिक स्वतन्त्रता अन्तर्गत उपधारा (६) र नेपालको संविधान, २०१९ को धारा ११ को समानताको हक अन्तर्गत उपधारा (६) मा कुनै गिरफ्तार भएको व्यक्तिलाई गिरफ्तार भएको कारण सहितको सूचना, यथाशक्य चाँडो नदिई थुनामा राखिने छैन भनी मौलिक हक अन्तर्गत स्वतन्त्रताको हकमा केही विषयलाई समावेश गरिएको थियो । नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १६ मा पहिलो पटक सूचनाको हकसम्बन्धी छुट्टै धाराको व्यवस्था गरी प्रत्येक नागरिकलाई सार्वजनिक महत्वको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ भनी उल्लेख गरेको पाइन्छ । नेपालको अन्तरिम संविधान, २०६३ मा पनि यस सम्बन्धी केही प्रावधानहरू थिए । वर्तमान नेपालको संविधान, २०७२ को धारा २७ मा सूचनाको हकसम्बन्धी व्यवस्था गरी प्रत्येक नागरिकलाई सार्वजनिक महत्वको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ भनी व्यवस्था गरिएको छ । संवैधानिक व्यवस्थालाई आधार मानी पहिलो पटक सूचनाको हकसम्बन्धी ऐन, २०६४ तथा सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को कानूनी व्यवस्थाबाट नेपालमा सूचना आयोग गठन भई सूचनाको हक कार्यान्वयनमा आएको हो ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आयोगसँग परामर्श गरी सूचनाको हकसम्बन्धी नियमावली, २०६५ बनाई लागू गरेको छ । यस नियमावलीमा २०६८ चैत्र १३ गते पहिलो र २०७० श्रावण २८ गते दोस्रो संशोधन गरिएको छ । संविधान र ऐन नियममा व्यवस्थित नागरिकको सूचनाको हकलाई प्रचलन गर्न/गराउन राष्ट्रिय सूचना आयोगले आफ्नो आन्तरिक कार्यविधिलाई चुस्त र दुरुस्त पार्ने क्रममा राष्ट्रिय सूचना आयोगको बैठक व्यवस्थापनसम्बन्धी कार्यविधि, २०७२, पुनरावेदनको कारवाही र किनारा गर्ने सम्बन्धी कार्यविधि, २०७२, उजुरीको कारवाही र किनारा गर्ने सम्बन्धी कार्यविधि, २०७२ र निवेदनको कारवाही र किनारा गर्ने सम्बन्धी कार्यविधि, २०७२ बनाई कार्यान्वयन भइरहेका छन् । यसैगरी राष्ट्रिय सूचना आयोगमा कार्यरत कर्मचारीले पालना गर्नुपर्ने आचारसंहिता, २०७२, सरकारी निकायले स्वतः प्रकाशन (Proactive Disclosure) गर्नुपर्ने सम्बन्धी निर्देशिका, २०७१ र राष्ट्रिय सूचना आयोगको इजलास सञ्चालन सम्बन्धी निर्देशिका, २०७५, इजलास सञ्चालन तथा पेसी व्यवस्थापनसम्बन्धी निर्देशिका, २०७६ र सूचनाको हकसम्बन्धी अनुगमन निर्देशिका, २०७६ र राष्ट्रिय सूचना आयोगका पदाधिकारीको आचारसंहिता, २०७६ जारी भई कार्यान्वयन भइरहेका छन् ।

२.१ सूचनाको हकसम्बन्धी ऐन, २०६४ तथा सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को कानूनी व्यवस्था :

सूचना माग गर्न सकिने निकाय र विषयहरू :

सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको विषयमा नेपाली नागरिकले सूचना माग गर्न पाउँछ । सार्वजनिक निकाय भन्नाले सूचनाको हकसम्बन्धी ऐनको दफा २ को खण्ड (क) अनुसार,

(१) संविधान अन्तर्गतका निकाय,

(२) ऐनद्वारा स्थापित निकाय,

(३) नेपाल सरकारद्वारा गठित निकाय,

(४) प्रदेश सरकारका कार्यालय वा प्रदेश सरकारद्वारा गठित निकाय,

(५) स्थानीय तह वा त्यसका कार्यालयहरू,

(६) कानूनद्वारा स्थापित सार्वजनिक सेवा प्रदायक संगठित संस्था वा प्रतिष्ठान,

(७) प्रचलित कानूनबमोजिम दर्ता भएका राजनीतिक दल तथा संगठन,

(८) नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेको वा अनुदानमा सञ्चालित वा नेपाल सरकारको अनुदान प्राप्त संगठित संस्था,

(९) नेपाल सरकार वा कानूनद्वारा स्थापित निकायले कुनै सम्झौता गरी गठन गरेको संगठित संस्था,

(१०) प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा नेपाल सरकार वा विदेशी राष्ट्र वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट रकम प्राप्त गरेर सञ्चालन भएका गैरसरकारी संघ संस्थाहरू,

(११) प्रदेश सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेको वा अनुदानमा सञ्चालित वा प्रदेश सरकारको अनुदान प्राप्त संगठित संस्था,

(१२) प्रदेश सरकार वा कानूनद्वारा स्थापित निकायले कुनै सम्झौता गरी गठन गरेको संगठित संस्था,

(१३) प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रदेश सरकारबाट रकम प्राप्त गरेर सञ्चालन भएका गैरसरकारी संघ र संस्थाहरू,

(१४) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक निकाय भनी तोकेका अन्य निकाय वा संस्था रहेका छन् ।

सार्वजनिक महत्वको विषय भन्नाले सोही ऐनको दफा २ को खण्ड (ग) अनुसार सार्वजनिक सरोकारको विषय समावेश भएको छ ।

सूचना माग गर्ने प्रक्रिया र पुनरावेदन :

ऐनको दफा ७ बमोजिम सूचना माग गर्ने मागकर्ताले आफूलाई चाहिएको सार्वजनिक सरोकारको सूचना कारणसहित माग गर्न सक्दछ । निवेदनमा कुन सूचना मागिएको हो भन्ने कुरा स्पष्ट रूपमा उल्लेख गरेको हुनु पर्नेछ । सूचना अधिकारीले तत्काल उपलब्ध गराउन सकिने प्रकृतिको सूचना भए तत्काल र तत्काल उपलब्ध गराउन नसकिने प्रकृतिको सूचना भए निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र निवेदकलाई सूचना उपलब्ध गराउनु पर्नेछ । तत्काल सूचना उपलब्ध गराउन नसकिने भएमा सूचना अधिकारीले सोको कारणसहितको जानकारी तुरुन्त निवेदकलाई गराउनु पर्नेछ । कुनै व्यक्तिको जीउ-ज्यानको सुरक्षासँग सम्बन्धित सूचना माग गरेको रहेछ भने त्यस्तो सूचना माग गरेको चौबीस घण्टाभित्र निवेदकलाई उपलब्ध गराउनु पर्नेछ । सूचनाको हकसम्बन्धी ऐनको उद्देश्य नै खुला, पारदर्शी र जिम्मेवार शासन व्यवस्थाको स्थापना गर्नु रहेकोले सूचना माग्दा मौखिक, टेलिफोन, इमेल वा अन्य माध्यमबाट माग्न सकिन्छ तापनि कानूनी प्रक्रिया पूरा गर्नका लागि लिखित रूपमा सूचना माग्नु पर्ने हुन्छ । सूचना माग्दा कुनै दस्तुर लाग्दैन । वारेशद्वारा पनि सूचना माग्न सकिन्छ ।

सूचना अधिकारीले निवेदकद्वारा माग भएको सूचना सम्भव भएसम्म माग भएको स्वरूपमा नै उपलब्ध गराउनु पर्नेछ । कुनै लिखत, सामग्री वा कामकारबाहीको अध्ययन वा अवलोकन गर्नको लागि निवेदन दिएको भए सूचना अधिकारीले निवेदकलाई त्यस्तो लिखत, सामग्री वा कामकारबाहीको अध्ययन वा अवलोकनको निमित्त मनासिव समय उपलब्ध गराउनेछ ।

सूचना माग गर्दा बुझाउनु पर्ने दस्तुरको सम्बन्धमा ऐनको दफा ८ तथा सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ४ बमोजिम प्रचलित कानूनमा छुट्टै व्यवस्था गरेकोमा सोही बमोजिमको दस्तुर र त्यस्तो दस्तुरको व्यवस्था नगरेकोमा देहायबमोजिमको दस्तुर सम्बन्धित सार्वजनिक निकायसमक्ष बुझाउनु पर्नेछ :

(क) सामान्य आकारको (आठ दशमलब तीन इञ्च चौडाई र एघार दशमलब सात इञ्च लम्बाईसम्म आकार भएको) कागजमा तयार गरिएको वा रहेको सूचनाको लागि प्रति पृष्ठ पाँच रूपैया,

(ख) खण्ड (क) मा उल्लेख भएभन्दा ठूलो आकारको कागजमा तयार गरिएको वा रहेको सूचनाको लागि प्रतिपृष्ठ दश रूपैयाँ,

(ग) डिस्केट, सीडी र अन्य यस्तै प्रकारका विद्युतीय माध्यमद्वारा प्रदान गरिने सूचनाको लागि प्रतिडिस्केट, सीडीवापत पचास रूपैयाँ,

(घ) सार्वजनिक निकायमा रहेको कुनै लिखत, सामग्री वा सो निकायको काम कारबाहीको अध्ययन वा अवलोकन वा सार्वजनिक महत्वको निर्माण कार्य भइरहेको स्थलको भ्रमण वा अवलोकन आधा घण्टाभन्दा बढी समय गर्ने भएमा प्रतिघण्टा प्रतिव्यक्ति पचास रूपैयाँ ।

तर सार्वजनिक पुस्तकालय र सार्वजनिक रूपमा निःशुल्क उपलब्ध गराइएको स्थानको अवलोकन बापत दस्तुर लाग्ने छैन ।

माथि जुनसुकै कुरा लेखिएको भएतापनि सामान्य आकारको (आठ दशमलब तीन इञ्च चौडाइ र एघार दशमलब सात इञ्च लम्बाइसम्म साइज भएको) कागजमा तयार गरिएको वा रहेको दश पृष्ठसम्मको सूचना सम्बन्धित सार्वजनिक निकायले निःशुल्क उपलब्ध गराउनु पर्नेछ । कुनै सूचना तयार गर्दा लेखिएभन्दा बढी खर्च लाग्ने भएमा सार्वजनिक निकायले वास्तविक लागतको आधारमा दस्तुर निर्धारण गर्न सक्नेछ । सार्वजनिक निकायले सूचना दिंदा लिने दस्तुरबापतको रकम नगदै लिने वा कुनै खास बैङ्कमा जम्मा गरी सोको भौचर पेश गर्न लगाउन वा सो रकम बराबरको टिकट निवेदनमा टाँस गर्न लगाउन सक्नेछ । सूचना वापतको दस्तुर प्रत्येक दुई बर्षमा पुनरावलोकन गरी अद्यावधिक गरिनेछ भनिएता पनि हालसम्म पुनरावलोकन गरिएको छैन ।

ऐनको दफा ९ बमोजिम सूचना अधिकारीले सूचना उपलब्ध नगराएमा, सूचना दिन अस्वीकार गरेमा, आंशिकरूपमा सूचना उपलब्ध गराएमा वा गलत सूचना दिएमा वा सरोकारवाला होइन भनी सूचना नदिएमा सम्बन्धित व्यक्तिले त्यसरी सूचना नपाएको वा आंशिक रूपमा सूचना पाएको मितिले सात दिनभित्र कार्यालय प्रमुखसमक्ष उजूरी दिन सक्नेछ ।

उजुरी प्राप्त भएपछि उजुरी जाँचबुझ गर्दा सूचना नदिएको वा आंशिक रूपमा सूचना दिएको वा गलत सूचना दिएको देखिएमा प्रमुखले निवेदकद्वारा माग भए बमोजिमको सूचना उपलब्ध गराउन सूचना अधिकारीलाई आदेश दिनेछ र त्यसरी आदेश भएमा सूचना अधिकारीले सम्बन्धित निवेदकलाई सूचना उपलब्ध गराउनु पर्नेछ । सूचना अधिकारीले जानी जानी वा बदनियतपूर्वक सूचना नदिएको, सूचना दिन अस्वीकार गरेको वा आंशिक रूपमा सूचना दिएको वा गलत सूचना दिएको देखिएमा प्रमुखले त्यस्तो सूचना अधिकारीलाई प्रचलित कानूनबमोजिम विभागीय कारबाही गर्न सक्नेछ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ५क. बमोजिम ७ दिनभित्र सूचना उपलब्ध गराउन आदेश दिन सक्दछ । जाँचबुझ गर्दा सूचना दिन नमिल्ने देखिएमा प्रमुखले सोही व्यहोराको निर्णय गरी सोको कारणसहितको जानकारी निवेदकलाई दिनु पर्नेछ ।

कार्यालय प्रमुखसमक्ष उजूरी दिंदा निवेदकको उजुरीउपर सात दिनभित्र कुनै कारवाही नभएमा वा सार्वजनिक निकायको प्रमुखले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले ऐनको दफा १० बमोजिम त्यस्तो निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र आयोगसमक्ष देहायबमोजिमको विवरण उल्लेख गरी स्वयम् आफै कार्यालयमा उपस्थित भई लिखित निवेदन दिन, वारेशमार्फत्, ईमेल वा अनलाईनमार्फत्, हुलाक वा जिल्ला प्रशासन कार्यालमार्फत् पुनरावेदन दिन सक्नेछ ।

क. पुनरावेदकको नाम, थर, वतन र सम्पर्क नम्बर सम्भव भए इमेल ठेगाना ।

ख. वारिश भए निजको नाम, थर, वतन र सम्पर्क नम्बर ।

ग. विपक्षीको नाम, थर, वतन सम्भव भए सम्पर्क नम्बर ।

घ. आफूले माग गरेको सूचनाको स्पष्ट विवरण ।

ङ. सूचना रहेको सार्वजनिक निकायमा पुनरावेदक सूचना माग गर्न गएको स्पष्ट विवरण ।

च. सूचना रहेको सार्वजनिक निकायको कुन पदाधिकारी वा शाखा र उपशाखामा सूचना छ, सम्भव भए खुलाउने ।

पुनरावेदकले पुनरावेदन पत्रसाथ पेश गर्नुपर्ने कागजात निम्नानुसार हुनु पर्दछ :

१. नेपालको नागरिक देखिन सक्ने कुनै प्रमाण ।

२. सूचना अधिकारीसमक्ष सूचना माग गरेको निवेदनको प्रतिलिपि ।

३. कार्यालय प्रमुखसमक्ष उजुरी गरेको प्रमाणको प्रतिलिपि ।

४. हुलाकमार्फत् पुनरावेदन गरेमा हुलाकको छाप लागेको रसिद वा डकुमेन्ट ।

५. वारिस राखेमा सम्बन्धित व्यक्तिले सहीछाप गरेको वारिसनामा वा मञ्जुरीनामा कागज ।

आयोगबाट गरिने निर्णय प्रक्रिया:

प्रक्रिया पूरा गरी प्राप्त हुन आएका पुनरावेदनको कारबाही र किनारा गर्दा आयोगले सम्बन्धित कार्यालय प्रमुख वा सूचना अधिकारीलाई आफूसमक्ष उपस्थित गराई बयान गराउन, कुनै लिखत पेश गर्न लगाउन, सो सम्बन्धमा साक्षी प्रमाण बुझ्न वा सार्वजनिक निकायबाट कुनै लिखतको नक्कल माग गर्न सक्नेछ । पुनरावेदनको कारबाही र किनारा गर्दा देहायबमोजिमको आदेश गर्न सकिने छ :

(क) पुनरावेदनको व्यहोरा मनासिब देखिएमा समयावधि तोकी पुनरावेदकलाई विना शुल्क सूचना उपलब्ध गराउनू भनी सम्बन्धित सार्वजनिक निकायको प्रमुख र सूचना अधिकारीको नाममा आदेश गर्न,

(ख) सार्वजनिक निकायको प्रमुख वा सूचना अधिकारीले मनासिब कारणबिना सूचना नदिएको वा दिन इन्कार गरेको, आंशिक रूपमा वा गलत सूचना दिएको वा सूचना नष्ट गरेको देखिएमा आयोगले त्यस्तो प्रमुख वा सूचना अधिकारीलाई एक हजारदेखि पच्चीस हजार रूपैयाँसम्म जरिवाना गरी त्यस्तो प्रमुख वा सूचना अधिकारी विभागीय कारबाही हुने पदमा रहेको भए निजलाई विभागीय सजायको लागि सम्बन्धित निकायमा लेखी पठाउन ।

(ग) प्रमुख वा सूचना अधिकारीले समयमा दिनु पर्ने सूचना बिनाकारण समयमा उपलब्ध नगराई ढिलाई गरेमा जति दिन ढिलाई गरेको हो प्रतिदिन दुई सय रूपैयाँका दरले निजलाई जरिवाना गर्न ।

(घ) पुनरावेदन निरर्थक देखिएमा पुनरावेदन खारेज गर्न ।

दर्ता भएको पुनरावेदन ६० (साठ्ठी) दिनभित्र निर्णय हुनेछ । आयोगले पुनरावेदनको कारबाही र किनारा गर्दा पुनरावेदकको मागदाबी, सम्बन्धित प्रमुखको जवाफ तथा प्राप्त सबुद प्रमाणको मूल्याङ्कनका आधारमा गर्नेछ ।

सूचनाको संरक्षण :

सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनासम्बन्धी अभिलेख, लिखत तथा अन्य सामग्री आदेशसम्बन्धी सूचना सूचीकृत गरी मिलाई राख्नु सार्वजनिक निकायको दायित्व हो । सार्वजनिक निकायले सम्भव भएसम्म सूचनाको हकसम्बन्धी ऐन, २०६४ लागू हुनुभन्दा कम्तिमा बीस बर्षसम्मका आफ्नो निकायसँग सम्बन्धित सूचना अद्यावधिक गर्नु गराउनु पर्ने व्यवस्था ऐ. ऐनको दफा ५ मा गरेको छ भने प्रत्येक ३/३ महिनामा सूचना अद्यावधिक गरी प्रकाशनसमेत गरी आफ्नो निकायसँग सम्बन्धित सूचना अद्यावधिक गरी राख्नु पर्नेछ । सार्वजनिक निकायमा रहेको देहायको विषयसम्बन्धी सूचना प्रवाह गरिने छैन । यस्ता प्रकृतिका सूचनाहरू बढीमा तीस बर्षको अवधिसम्म संरक्षण गरी राख्न सकिनेछ :

(क) नेपालको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति सुव्यवस्था वा अन्तर्राष्ट्रिय सम्बन्धमा गम्भीर खलल पार्ने,

(ख) अपराधको अनुसन्धान, तहकिकात तथा अभियोजनमा प्रत्यक्ष असर पार्ने,

(ग) आर्थिक, व्यापारिक तथा मौद्रिक हित वा बौद्धिक सम्पत्तिको संरक्षण वा बैकिङ्ग वा व्यापारिक गोपनियतामा गम्भीर आघात पार्ने,

(घ) विभिन्न जातजाति वा सम्प्रदाय बीचको सुसम्बन्धमा प्रत्यक्ष रूपमा खलल पार्ने,

(ङ) व्यक्तिगत गोपनियता र व्यक्तिको जीउ, ज्यान, सम्पत्ति, स्वास्थ्य वा सुरक्षामा खतरा पुऱ्याउने ।

परिच्छेद ३

पुनरावेदन र फछ्र्यौटको अवस्था

३.१ निवेदन, उजुरी तथा पुनरावेदनको विवरण

सूचनाको हकसम्बन्धी ऐन, २०६४ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ मा भएको कानूनी व्यवस्था बमोजिम नागरिकले सार्वजनिक निकायमा सूचना माग गर्दा प्राप्त सूचना वा निर्णयउपर चित्त नबुझेमा वा सूचना प्राप्त नभएको कारणबाट आयोगमा दिएका निवेदन उजुरी तथा पुनरावेदनको अवस्था तालिका नं. १ मा प्रस्तुत गरिएको छ । प्रस्तुत तालिका अनुसार प्रत्येक बर्ष उजुरी तथा पुनरावेदनको सङ्ख्या बृद्धि हुँदै गरेको अवस्थाले सूचना माग गर्ने प्रवृत्तिमा परिवर्तन हुँदै गएको बुझ्न सकिन्छ । विगत बर्षहरूमा भन्दा गत बर्ष यस्ता पुनरावेदनको सङ्ख्या घट्नुमा मुख्यत: कोरोना महामारीको कारण नेपाल सरकारले घोषणा गरेको लकडाउन कारक रहेको अनुमान छ । आयोगले प्राप्त निवेदन, उजुरी तथा पुनरावेदनहरू उपर तोकिएको समयभित्रै कार्य सम्पन्न हुने गरी काम गरिरहेको छ । गत आर्थिक बर्षमा फछ्र्यौट दर शत प्रतिशत रहेको छ ।

तालिका नं. १ को विवरण आयोगमा प्राप्त भएका उजुरी, निवेदन र पुनरावेदनको मात्र अवस्था हो । प्रस्तुत विवरणमा सार्वजनिक निकायहरूमा सूचना माग भएको, सूचना प्राप्त गरेको, सूचना दिन इन्कार गरिएको विवरण संङ्कलन गर्न सकिएको अवस्था छैन । सबै सार्वजनिक निकायले सूचनाको हकसम्बन्धी व्यवस्थाको कार्यान्वयन गर्ने विषयलाई प्राथमिकताका साथ सम्बोधन गर्न जरुरी छ । साथै, सूचना प्रविधिको प्रयोगमार्फत् एकीकृत तथ्याङ्क संङ्कलन र विश्लेषणमा ध्यान दिनु पर्ने देखिएको छ ।

तालिका नं. १ : पुनरावेदन, उजुरी र निवेदनको अवस्था

आर्थिक बर्ष	पुनरावेदन, उजुरी तथा निवेदनको सङ्ख्या	फछ्र्यौट	फछ्र्यौट प्रतिशत
२०६५/०६६	१२	११	९१.६७
२०६६/०६७	३९	२९	७४.३६
२०६७/०६८	४७	२२	४६.८१
२०६८/०६९	१३६	९०	६६.१८
२०६९/०७०	२६०	१९९	७६.५५
२०७०/०७१	४७०	४०९	८७.०२
२०७१/०७२	७७७	७६५	९८.४५
२०७२/०७३	६७८	६७४	९९.४१
२०७३/०७४	६७२	६७०	९९.७९
२०७४/०७५	११७६	११७५	९९.९९
२०७५/०७६	११४४	११४४	१००
२०७६/०७७	१०१३	१०१३	१००

चार्ट नं. १ : पुनरावेदन, उजुरी र निवेदनको अवस्था



३.२ क्षेत्रगत पुनरावेदनको विवरण

आर्थिक बर्ष २०७६/७७ मा सूचनाको हक प्रचलन गराउने सम्बन्धमा आयोगमा पर्न आएका १०१३ पुनरावेदन, उजुरी तथा निवेदनहरूको क्षेत्रगत स्थिति देहाय अनुसार रहेको छ। यस अनुसार स्थानीय तहको उजुरी सङ्ख्या कूल उजुरी सङ्ख्याको आधारमा बढी छ। गैरसरकारी संस्थाहरूसँग सम्बन्धित उजुरीहरू पनि उल्लेख्य रहेको छ।

तालीका नं. २: क्षेत्रगत पुनरावेदनको विवरण

क. सं.	क्षेत्र	सङ्ख्या	प्रतिशत
१	आर्थिक	७०	६.९
२	सूचना, सञ्चार तथा प्रविधि	५	०.५
३	कानून, न्याय तथा प्रशासन	५६	५.५
४	शिक्षा, स्वास्थ्य तथा खेलकूद	९४	९.३
५	खानेपानी, विद्युत, निर्माण तथा यातायात	१०	१
६	स्थानीय तह	५३१	५२.४
७	संस्थान तथा प्राधिकरण	११	१
८	जग्गा, मालपोत, भूमी, वन तथा कृषि	३४	३.४
९	पर्यटन	१	०.१
१०	अन्य (गैर सरकारी संस्था, अन्य संस्था)	२०१	१९.९
	जम्मा	१०१३	१००

आयोगमा पर्न आएका १०१३ पुनरावेदन, उजुरी तथा निवेदनहरूको क्षेत्रगत विवरणलाई निम्न डायग्रामबाट पनि प्रस्तुत गरिएको छ। स्पष्टरूपमा ५५ प्रतिशतभन्दा बढी उजुरीहरू स्थानीय तहसँग सम्बन्धित देखिन्छन्।

डायग्राम नं. १ क्षेत्रगत पुनरावेदनको स्थिति



माथि प्रस्तुत क्षेत्रगत स्थितिको मूल्याङ्कन गर्दा सबैभन्दा धेरै स्थानीय तहमा सूचना माग गरिदिको देखिनुमा उक्त तहहरूबाट सम्पादन हुने कार्यहरू सरोकारवालाको प्रत्यक्ष सरोकारको विषय रहनु हो । साथै उक्त तहहरूले समयमै पारदर्शीरूपमा सूचना सार्वजनिक नगरेको कारणबाट पनि हुन सक्दछ । स्वतः प्रकाशन र सूचना मागकर्ताले माग गरेको सूचनाउपर समयमै सम्बोधन हुनु जरुरी छ ।

गैरसरकारी संस्थाहरूको सम्बन्धमा पनि केही समस्याहरू देखिएका छन् । जस्तै सूचना अधिकारी नतोक्नु, सूचना सार्वजनिक नगर्नु र सूचनाको हकसम्बन्धी ऐन र नियमावलीको कानूनी व्यवस्थाका सम्बन्धमा यस्ता संस्थाहरू स्पष्ट र संवेदनशील नदेखिनु प्रमुख समस्याहरू हुन् ।

शिक्षा, स्वास्थ्य र खेलकुदको क्षेत्र प्रत्यक्ष जनसरोकारको विषय भएता पनि केही समस्याहरू देखिएका छन् । जस्तै शिक्षा क्षेत्रको हकमा विद्यालय तहमा सूचना अधिकारी नतोक्नु, विद्यालयले सूचनाको हकको सम्बन्धमा जानकारी नराख्नु, सूचना पारदर्शीरूपमा प्रकाशन नगर्नु आदिका कारणले सूचना मागकर्ताको माग सम्बोधन हुन सकेको छैन । त्यसैगरी स्वास्थ्य क्षेत्रको सम्बन्धमा जनसरोकारको विषयवस्तु समावेश भएको भएता पनि सूचना मागकर्ताको माग सम्बोधन हुन सकेको देखिँदैन । साथै खेलकुद क्षेत्रका अधिकारीहरू सूचनाको हकसम्बन्धी ऐन, नियमहरूको सम्बन्धमा सम्बेदशील रहेको देखिँदैन ।

आर्थिक क्षेत्र अन्तर्गत बैंक तथा वित्तीय संस्थासमेत समेटिएको क्षेत्र हो । वित्तीय क्षेत्रका संस्थाहरूले आफूले गरेको कामकारबाहीको सम्बन्धमा वित्तीय गोपनियताका नाममा सूचना सार्वजनिक नगर्ने, मागेको सूचना समयमा उपलब्ध नगराउने, दायित्व पन्छाउने प्रवृत्ति ज्यादात्तर देखिन्छ । यस क्षेत्रमा सूचना मागको प्रतिशत धेरै रहेको छ तर सम्बोधन कम हुने गरेको पाइन्छ ।

प्रशासन, कानून तथा न्याय क्षेत्र देशको प्रमुख प्रशासनिक कार्यसँग सम्बन्धित रहेको क्षेत्र हो । यस क्षेत्रबाट धेरै सेवा प्रवाह हुने हुँदा यस क्षेत्रबाट सूचना मागको विषयलाई अधिकांश सम्बोधन गरिएता पनि केही पक्षको सम्बोधन गरेको देखिँदैन । यस क्षेत्र स्वयम् ठूलो क्षेत्र भएकोले केही बढी सूचना माग हुनुलाई स्वाभाविकरूपमा लिनु पर्ने हुन्छ ।

अन्य क्षेत्रका सम्बन्धमा सूचना मागकर्ताको क्षेत्राधिकार कम रहेको र सूचना मागको सङ्ख्या पनि कम रहेको कारण पुनरावेदनको प्रतिशत कम नै रहेको देखिन्छ ।

परिच्छेद ४

आयोगबाट भएका आदेशहरू तथा निर्देशन

परिच्छेद एकमा राष्ट्रिय सूचना आयोगको परिचय र परिच्छेद दुईमा सूचनाको हकसम्बन्धी ऐन, नियम जस्ता कानूनी व्यवस्थाको चर्चा गरिएको थियो । यसैगरी तेस्रो परिच्छेदमा आयोगमा परेका निवेदन, उजुरी र पुनरावेदनको अवस्थाको बारेमा चर्चा गरिएको थियो । यस चौथो परिच्छेदमा आयोगबाट आर्थिक बर्ष २०७६/७७ मा भएका महत्वपूर्ण आदेश तथा निर्देशनहरू समावेश गरिएको छ ।

आर्थिक बर्ष २०७६/७७ मा आयोगबाट निर्णय भएका १०१३ वटा पुनरावेदन, उजुरी तथा निवेदनमध्ये २६७ वटा पुनरावेदन र ७४६ वटा उजुरी तथा निवेदन प्राप्त भएका थिए । जस उपर आयोगबाट कारबाही हुँदा ७ दिनभित्र लिखित जवाफ पेश गर्नू भन्ने २२७ वटा आदेश भए भने ७ दिनभित्र सूचना उपलब्ध गराउनू भन्ने १०१ वटा आदेश भए । त्यसैगरी ३ दिनभित्र सूचना उपलब्ध गराउनू भन्ने २१ वटा आदेश भए भने २४ घण्टाभित्र सूचना उपलब्ध गराउनू भन्ने आदेश २ वटा भए । सूचना उपलब्ध नगराउने कार्यालय प्रमुख र सूचना अधिकारीलाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम कारबाही गर्नू भन्ने आदेश ३ वटा भए । सूचना प्राप्त गर्दा लाग्ने दस्तुर अत्याधिक भएको भनी परेको उजुरीउपर दस्तुर पुनरावलोकन गर्नू भन्ने आदेश १ वटा भएको थियो । त्यसैगरी पुनरावेदन, उजुरी तथा निवेदनउपर आयोगबाट आदेश वा पत्राचार भए पश्चात सूचना पाईन भनी भन्न नआएकाले तामेलीमा राख्नू भन्ने आदेश ५०३ वटा भए भने सूचना पाएकाले लगतकट्टा गर्नू भन्ने २०७ गरी विभिन्न १०८३ वटा आदेश भएका थिए । त्यसैगरी आयोगको बैठकबाट समेत संघीय मन्त्रालयका सचिव, प्रदेश सरकारका प्रमुख सचिव तथा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतका नाममासमेत गरी ७६३ वटा आदेशहरू भएका थिए । यस अवधिमा ऐनबमोजिम प्रक्रिया नपुगेको वा ऐनको अवधिभित्र नपरेको पुनरावेदन, उजुरी वा निवेदनउपर आयोगका सचिवबाट दरपीठ गर्नू भन्ने १९ वटा आदेश भए भने विभिन्न पुनरावेदनका सम्बन्धमा ११२६ वटा पत्राचार भएका थिए । आयोगबाट आर्थिक बर्ष २०७६/७७ मा पुनरावेदनउपर भएका आदेशहरूको विवरण **अनुसूची ५** मा राखिएको छ ।

आयोगबाट भएका केही महत्वपूर्ण आदेशहरू निम्नानुसार रहेका छन् :

१. नागरिकको संविधानप्रद्धत्त हक र कानूनको व्यवस्थाबमोजिम माग गरिएको सूचना नदिने दिल्ली पब्लिक स्कूल, लिपनीमाल-८, बाराका कार्यालय प्रमुख (प्रधानाध्यापक) जि. एस. चौधरीलाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम रू. ३०००।- (तीन हजार) जरिवाना सहित कारबाही भएको आदेश ।

२. नागरिकको संविधानप्रद्धत्त हक र कानूनको व्यवस्थाबमोजिम माग गरिएको सूचना नदिने ईशनाथ नगरपालिकाको कार्यालय, रौतहटका कार्यालय प्रमुख नि. प्रमुख प्रशासकीय अधिकृत नन्दकिशोर गुप्ता र सूचना अधिकारी दिपेश रौनियारलाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम कारबाही भएको आदेश ।

३. नागरिकको संविधानप्रद्धत्त हक र कानूनको व्यवस्थाबमोजिम माग गरिएको सूचना नदिने नेपाल चार्टर्ड एकाण्टेन्ट संस्था, ललितपुरका कार्यालय प्रमुख कार्यकारी निर्देशक सि. ए. सञ्जय कुमार सिन्हालाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम रू. १००००।- (दश हजार) जरिवानासहित कारबाही भएको आदेश ।

४. सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ को प्रकरण (ग), (च) र (छ) बमोजिम डेंगुबाट बच्न आमनागरिकलाई उपयुक्त माध्यमहरूबाट व्यापकरूपमा तत्काल सूचना प्रवाह गर्न नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिवको नाममा २०७६ भदौ २९ मा जारी भएको आदेश ।

५. सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ को प्रकरण (ग), (च) र (छ) बमोजिम नोभल कोरोना भाइरसबाट बच्न आमनागरिकलाई उपयुक्त माध्यमहरूबाट व्यापकरूपमा तत्काल सूचना प्रवाह गर्न

नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिवको नाममा मिति २०७६ माघ १९ मा जारी आदेश ।

६. सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ को खण्ड (ङ) बमोजिम स्पष्ट सूचना प्रवाह गर्न नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिवको नाममा मिति २०७७ जेठ ०६ मा जारी आदेश ।

७. सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ को खण्ड (ख), (ग) र (ङ) बमोजिम स्पष्ट सूचना प्रवाह गर्न नेपाल सरकारका मुख्य सचिव/प्रदेश सरकारका प्रमुख सचिव र स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतको नाममा मिति २०७७ जेठ ०६ मा जारी आदेश ।

८. सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ को खण्ड (ग) र खण्ड (ङ) बमोजिम कृषि तथा पशुपंक्षी विकास मन्त्रालयका सचिवको नाममा मिति २०७७ जेठ १३ मा जारी आदेश ।

आयोगबाट भएका निर्देशन :

आगामी दिनमा कानूनमा गरिने संशोधन वा परिमार्जन तथा नयाँ कानून निर्माण गर्दा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) मा उल्लेख भएबमोजिमका बाहेक कुनै पनि विषयलाई कानूनीरूपमा गोप्य नराख्ने गरी व्यवस्था गर्न संघीय संसद र राष्ट्रिय सभाका सबै विषयगत समितिहरूलाई राष्ट्रिय सूचना आयोगले अनुरोध गरेको छ ।

यी आदेशहरू तथा निर्देशनको हुबहु फेहरिस्त निम्नानुसार रहेका छन् :

राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. ९२२/२०७४/७५

निर्णय नं. ७

पर्सा जिल्ला, वीरगञ्ज महानगरपालिका-८ निवासी रामपुकार रौनियार ..... १ } पुनरावेदक पक्ष

विरूद्ध

श्री कार्यालय प्रमुख (प्रधानाध्यापक) जि.एस चौधरी, दिल्ली पब्लिक स्कूल, लिपनीमाल-८, बारा..१ } प्रत्यार्थी विपक्षी

विषय :- नागरिकको संविधान प्रद्धत्त हक र कानूनको व्यवस्थाबमोजिम माग गरिएको सूचना नदिने कार्यालय प्रमुख (प्रधानाध्यापक) लाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम कारबाही भएको आदेश ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ अन्तर्गत यस आयोग समक्ष पर्न आएको पुनरावेदन र तत् सम्बन्धमा यस आयोगबाट भएको कार्वाहीको संक्षिप्त तथ्य निम्नानुसार छ :

१. सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम सूचना उपलब्ध नगराई सूचना दिन इन्कार गरी दिल्ली पब्लिक स्कूल, लिपनीमाल-८, बारा कार्यालय प्रमुख (प्रधानाध्यापक) र सूचना अधिकारीले सूचना उपलब्ध नगराएकोले माग बमोजिमको सूचना उपलब्ध गराई पाउँ भनी पर्सा जिल्ला, वीरगञ्ज महानगरपालिका-८ निवासी रामपुकार रौनियारले मिति २०७५।०२।०४ मा यस आयोग समक्ष पुनरावेदन गरेको ।

२. प्रकरण नं. (१) बमोजिमको पुनरावेदन प्राप्त भएपछि यस आयोगबाट दिल्ली पब्लिक स्कूल, लिपनीमाल-८, बाराका नाममा पुनरावेदकलाई के कति कारणले माग बमोजिमको सूचना उपलब्ध गराईएन ? सोबारे ७ (सात) दिनभित्र अनिवार्यरूपमा यस आयोग र पुनरावेदकलाई जानकारी गराउनू भनी च. नं. २२६० मिति २०७५।०२।१५ को पत्र लेखी गएको ।

३. प्रकरण नं. (२) बमोजिम आयोगको पत्राचार पश्चात दिल्ली पब्लिक स्कूल, लिपनीमाल-८, बाराले च. नं. DPSBRJ/२०७४।७५/१३४ मिति २०७५।०३।१९ को पत्रसाथ आयोगलाई सूचना उपलब्ध गराई पुनरावेदकलाई बोधार्थ दिएकोमा सो सूचना अपुरो र अधुरो रहेकोले चित्त नबुझेकोले पूर्ण सूचना उपलब्ध गराई पाउँ भनी पुनरावेदकले मिति २०७५।०६।२२ मा पुनः उजुरी गरेको ।

४. प्रकरण नं. (३) को उजुरीका सम्बन्धमा यस आयोगबाट दिल्ली पब्लिक स्कूल, लिपनीमाल-८, बाराको नाममा पुनरावेदकलाई ७ (सात) दिनभित्र माग बमोजिमको सूचना उपलब्ध गराउनू भनी मिति २०७५।०९।१० मा आदेश जारी भएको । उक्त आदेश कार्यान्वयनको लागि च. नं ५९९ मिति २०७५।०९।१० को पत्र लेखी गएको ।

५. प्रकरण नं. (४) को आयोगको आदेश पश्चात पनि कुनै सूचना उपलब्ध नगराएको भनी पुनरावेदकले मिति २०७५।११।२२ मा पुनः उजुरी गरेको ।

६. प्रकरण नं. (५) को उजुरीका सम्बन्धमा यस आयोगबाट मिति २०७५।०९।१० को आदेश बमोजिम सूचना उपलब्ध नगराउनुको स्पष्ट कारण ३ (तीन) दिनभित्र आयोगमा पठाउन र पुनरावेदकलाई ३ (तीन) दिनभित्र माग बमोजिमको सूचना उपलब्ध गराउनू, आयोगको आदेश बमोजिम सूचना उपलब्ध नगराए सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम कारबाही प्रक्रिया अगाडि बढाईने भनी चेतावनी सहित

मिति २०७५।१२।०४ मा आदेश जारी भएको । उक्त आदेश कार्यान्वयनको लागि च. नं ९६३ मिति २०७५।१२।०५ को पत्र लेखी गएको ।

७. प्रकरण नं. (६) बमोजिमको आयोगको आदेश पश्चात पनि दिल्ली पब्लिक स्कूल, लिपनीमाल-८, बाराले कुनै सूचना उपलब्ध नगराएको भनी पुनरावेदकले मिति २०७६।०१।१० मा पुनः उजुरी गरेको ।

८. प्रकरण नं. (७) को उजुरीका सम्बन्धमा यस आयोगबाट जिल्ला प्रशासन कार्यालय, बारालाई आदेश तामेली सम्बन्धमा च. नं. १२३६ मिति २०७६।०२।०९ र १३९८ मिति २०७६।०३।०५ को पत्र लेखी गएको ।

९. मिति २०७५।१२।०४ को आदेश विद्यालयका Vice Principle राजिव कुमार आनन्दले मिति २०७६।०३।०९ मा वुझी भर्पाई गरेको । साथै भर्पाईमा सूचना अधिकारी नतोकेको भनी लेखी आएको ।

१०. मिति २०७६।०३।२६ मा आयोगबाट 'ईति सम्वत् २०७५ साल चैत ४ गते रोज २ शुभम् ।' हुनु पर्नेमा अन्यथा हुन गएकोले सच्चाईएको आदेश पठाई २४ घण्टाभित्र सूचना उपलब्ध गराउनू भनी लेखी गएकोमा सो आदेश समेत विद्यालयका प्रशासन अधिकृत निम ग्याल्बु लामाले २०७६।०३।२७ मा बुझी लिई भर्पाई गरेको ।

११. यसरी आयोगको पटक पटकको आदेशबाट पनि सूचना नदिएको भनी पुन पुनरावेदक राम पुकार रौनियारले मिति २०७६।०३।२९ मा पुन निवेदन दिएको ।

१२. उक्त निवेदनका सम्बन्धमा यस आयोगबाट विपक्षीको नाममा पुनरावेदकलाई सूचना उपलब्ध गराउनू भनी आयोगबाट मिति २०७५।१२।०४ मा भएको आदेश विद्यालयका प्रधानाध्याक स्वयंलाई तामेली गराई यस आयोगलाई जानकारी दिनु भनी मिति २०७६।०३।३१ मा जिल्ला प्रशासन कार्यालय, बारालाई लेखी गएको ।

१३. जिल्ला प्रशासन कार्यालय, बाराले च. नं. ४९३ मिति २०७६।०४।१० को पत्रद्वारा आयोगको आदेश दिल्ली पब्लिक स्कूल, लिपनीमाल-८, बाराका प्रधानाध्यापक डा. जी. एस. चौधरी स्वयंलाई तामेली गरी सोको जानकारी यस आयोगलाई दिएको ।

१४. पत्र तामेली भए पश्चात पनि कुनै सूचना उपलब्ध नगराएको भनी पुनरावेदक पर्सा जिल्ला, वीरगञ्ज महानगरपालिका-८ निवासी रामपुकार रौनियारले मिति २०७६।०४।१३ मा पुनः उजुरी गरेको ।

<u>विश्लेषण</u>

यसमा पुनरावेदक पर्सा जिल्ला, वीरगञ्ज महानगरपालिका-८ निवासी रामपुकार रौनियारको मिति २०७५।०२।०४ गते आयोगमा दर्ता भएको पुनरावेदन वमोजिम मिति २०७५।०२।१५ मा दिल्ली पब्लिक स्कूल, लिपनीमाल-८, बाराका नाममा सूचना नदिनुको कारण खुलाउनु भनी पत्राचार गरिएको थियो । आयोगको पत्राचार पश्चात दिल्ली पब्लिक स्कूल, लिपनीमाल-८, बाराले च. नं. DPSBRJ/२०७४।७५/१३४ मिति २०७५।०३।१९ को पत्रसाथ आयोगलाई सूचना उपलब्ध गराई पुनरावेदकलाई बोधार्थ दिएको । सो सूचना अपुरो र अधुरो रहेकोले चित्त नबुझेकोले पूर्ण सूचना उपलब्ध गराई पाउँ भनी पुनरवेदकले मिति २०७५।०६।२२ मा पुनः उजुरी गरेको सम्बन्धमा यस आयोगबाट दिल्ली पब्लिक स्कूल, लिपनीमाल-८, बाराको नाममा पुनरावेदकलाई ७ (सात) दिनभित्र माग बमोजिमको सूचना उपलब्ध गराउनू भनी मिति २०७५।०९।१० मा आदेश जारी भएको थियो । आयोगको आदेश पश्चात पनि सूचना उपलब्ध नगराएको भनी पुनरावेदकले मिति २०७५।११।२२ मा पुनः उजुरी गरेकाले यस आयोगबाट दिल्ली पब्लिक स्कूल, लिपनीमाल-८, बाराको नाममा मिति २०७५।०९।१० को आदेश बमोजिम सूचना उपलब्ध नगराउनुको स्पष्ट कारण ३ (तीन) दिनभित्र आयोगमा पठाउन र पुनरावेदकलाई ३ (तीन) दिनभित्र माग बमोजिमको सूचना उपलब्ध गराउनू, आयोगको आदेश बमोजिम सूचना उपलब्ध नगराए सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम कारबाही प्रक्रिया अगाडि बढाईने भनी चेतावनी सहित मिति २०७५।१२।०४ मा आदेश जारी भएको । आयोगको आदेश दिल्ली पब्लिक स्कूल, लिपनीमाल-८, बारामा हुलाकबाट पत्राचार गरिएकोमा सोको अभिलेख नदेखिएको हुँदा जिल्ला प्रशासन कार्यालय, बारालाई आदेश तामेलीको लागि लेखी गएपश्चात पनि तामेलीको जानकारी प्राप्त हुन नसकेकाले यस आयोगले आयोगकै कर्मचारीलाई पठाई उक्त आदेश मिति २०७६।०३।०९ मा तामेली भएको देखिन्छ । साथै २०७६।०३।२६ मा मिति २०७५।१२।०४ हुनु पर्नेमा अन्यथा भएकोले सच्चाइएको आदेश सहित मिति २०७५।०९।१० र २०७५।१२।०४ मा भएको आदेश बमोजिमको सूचना २४ घण्टा भित्र उपलब्ध गराउनु भनी आदेश कार्यान्वयन गर्न मिति २०७६।०३।२५ को पत्र

मिति २०७६।०३।२७ मा दिल्ली पब्लिक स्कूल, लिपनीमाल-८, बाराका कर्मचारीले बुझी लिएकोले राष्ट्रिय सूचना आयोगबाट दिल्ली पब्लिक स्कूल, लिपनीमाल-८, बाराको प्रधानाध्यापक स्वयंलाई आयोगबाट भएको आदेश तामेली गरी यस आयोगलाई जानकारी दिनु भनी जिल्ला प्रशासन कार्यालय, बारालाई लेखी गएकोमा जिल्ला प्रशासन कार्यालय, बाराले च. नं. ४९३ मिति २०७६।०४।१० को पत्रद्वारा प्रधानाध्यापक स्वयंलाई आयोगको आदेश तामेली गरी सोको जानकारी यस आयोगलाई दिएको देखिन्छ । उक्त आदेश तामेली भैसक्दासमेत पुनरावेदकले सूचना नपाएको भनी पुनः मिति २०७६।०४।१३ मा पुनः उजुरी गरेको ।

यस प्रकार सम्पूर्ण वस्तुस्थितिको विश्लेषण गर्दा पुनरावेदक रामपुकार रौनियारले माग गरेको सूचना दिने सम्वन्धमा दिल्ली पब्लिक स्कूल, लिपनीमाल-८, बाराका कार्यालय प्रमुख (प्रधानाध्यापक) ले सूचना उपलब्ध नगराएको कुरामा कुनै विवाद रहेन । तथापी यस आयोगबाट विभिन्न मितिमा गरिएको पटक पटकको आदेश, पत्राचार पश्चात दिल्ली पब्लिक स्कूल, लिपनीमाल-८, बाराका कार्यालय प्रमुख (प्रधानाध्यापक) आयोगको निर्णय प्रति संवेदनशील भएको पनि देखिएन । पुनरावेदकले मागेको सूचना उपलब्ध गराउनुको सट्टा विद्यालय मौन बसेको अवस्था समेतलाई विचार गर्दा प्रधानाध्यापकले सूचना दिने मनसाय नै नराखेको अवस्था देखिन आयो ।

जहाँसम्म दिल्ली पब्लिक स्कूलले मिति २०७५।०३।१९ मा आयोगलाई पठाएको पत्रमा निज पुनरावेदकले आफ्नो बच्चालाई स्कूलमा भर्ना गराउन चाहेको र सो नभएपछि विद्यालयसँग प्रतिशोध साध्ने मनसाय देखाएकोले सूचना उपलब्ध नगराउने व्यहोरा लेखी आएको छ । प्रस्तुत मिसिलसाथमा कागजात अध्ययन गर्दा निज पुनरावेदकको बच्चा भर्ना गर्न कन्सुलर जनरल अफ इण्डिया, वीरगञ्ज, जिल्ला शिक्षा कार्यालय, बारा र वीरगञ्ज महानगरपालिकाले सिफारिस गरेका पत्रहरु पनि साथमा रहेको देखिन्छ । यसरी प्रस्तुत बिषय conflict of Interest बाट प्रेरित छ छैन भनी हेर्दा राष्ट्रिय सूचना आयोगको कार्यक्षेत्र सूचना मागकर्तालाई सूचना उपलब्ध गराउने देखिन्छ । यसर्थ कुनै पनि नेपाली नागरिकले कुनै पनि सार्वजनिक निकायसँग सूचना माग गर्न सक्ने र सो निकायबाट सूचना प्राप्त नभई आयोगमा पुनरावेदन परेमा सूचना उपलब्ध गराई दिन कानूनी प्रकिया अबलम्बन गरिने हुँदा आयोगले सूचना दिलाई दिन गरेको प्रकिया उपयुक्त नै रहेको देखिन्छ ।

प्रस्तुत विषयमा नेपालको संविधानको धारा २७ मा भएको सूचनाको हकसम्बन्धी व्यवस्था, सूचनाको हकसम्बन्धी ऐन, २०६४ तथा सूचनाको हकसम्बन्धी नियमावली, २०६५ समेतको व्यवस्थालाई हेर्दा नेपालको संविधानको धारा २७ ले 'प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुने छ । तर कानून वमोजिम गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई वाध्य पारिने छैन' भन्ने व्यवस्था रहेको छ । सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ ले 'प्रत्येक नेपाली नागरिकलाई सूचनाको हक हुने छ । प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ' भन्ने व्यवस्था गरेको छ । साथै ऐ ऐनको दफा ३२ ले सार्वजनिक निकायले मनासिव कारण विना सूचना नदिएको वा दिन इन्कार गरेको, आंशिक रूपमा वा गलत सूचना दिएको वा सूचना नष्ट गरेको देखिएमा आयोगले त्यस्तो निकायका जिम्मेवार पदाधिकारीलाई एक हजारदेखि पच्चीस हजार रूपैयासम्म जरिवाना गरी त्यस्तो अधिकारी विभागीय कारवाही हुने पदमा रहेको भए निजलाई विभागीय सजायका लागि लेखी पठाउन सक्नेछ भन्ने उल्लेख छ ।

अतः नेपालको संविधानको धारा २७ को प्रतिवन्धात्मक व्यवस्था र सूचनाको हकसम्बन्धी ऐनको दफा ३ को उपदफा (३) वमोजिम गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई वाध्य पारिने छैन भन्ने व्यवस्थाका सम्बन्धमा प्रस्तुत दिल्ली पब्लिक स्कूल, लिपनीमाल-८, बारासँग पुनरावेदक रामपुकार रौनियारले माग गरेको सूचना नेपालको संविधान, सूचनाको हकसम्बन्धी ऐनको परिधि भित्र छ वा छैन वा गोप्य सूचना हुन भन्ने सम्वन्धमा विचार गर्दा गोप्य राख्नु पर्ने सूचनाभित्र नपर्ने र संविधान र कानून बमोजिम नेपाली नागरिकले पाउने सार्वजनिक सरोकारको सूचना भएको प्रष्ट हुन्छ । तसर्थ, दिल्ली पब्लिक स्कूल, लिपनीमाल-८, बाराका कार्यालय प्रमुख (प्रधानाध्यापक) ले पुनरावेदक रामपुकार रौनियारले माग गरेको सार्वजनिक सरोकारको सूचना नदिएको प्रष्ट हुन आउँछ ।

<u>आयोगको ठहर</u>

प्रस्तुत पुनरावेदनको सम्बन्धमा पटक-पटक आदेश र पत्राचार भएको छ । दिल्ली पब्लिक स्कूल, लिपनीमाल-८, बाराले आयोगको आदेशको सम्बन्धमा कुनै संबोधन नगरी लामो समयदेखि आयोगको आदेश पालना भएको देखिँदैन ।

निज पुनराबेदकले माग गरेको सूचनाको प्रकृति हेर्दा दिल्ली पब्लिक स्कूल, लिपनीमाल-८, बाराले आफ्नो सूचना पाटीमा टाँस गर्नु पर्ने, वेवसाईटमा राख्नु पर्ने र पुस्तिकामा प्रकाशित गर्नु पर्ने प्रकृतिका सूचना भएको देखिन्छ । सामान्य सार्बजनिक सरोकारको सूचना प्रबाह गर्न समेत दिल्ली पब्लिक स्कूल, लिपनीमाल-८, बारा पूर्णतः उदासीन रहेकोले राष्ट्रिय सूचना आयोगलाई नागरिकको संविधान र कानून प्रद्धत्त हकको प्रचलनमा खरो उत्रिनु पर्ने बाध्यात्मक स्थिति आएको छ । आयोगबाट प्राकृतिक न्यायको सिद्धान्त बमोजिम निज दिल्ली पब्लिक स्कूल, लिपनीमाल-८, बाराका कार्यालय प्रमुख (प्रधानाध्यापक)लाई पटक पटक सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम कारबाही हुने ब्यहोराबाट सजग गराउँदा पनि ती पदाधिकारी आफ्नो जिम्मेवारी पालनामा पूर्णतः गैर जिम्मेवार देखिएका छन् । यसरी चेतावनी दिईएका आयोगका आदेश/पत्रहरु पटक पटक विद्यालयको जिम्मेवार पदाधिकारीले बुझिलिएको साथै मिति २०७६।०४।१० मा स्वयं प्रधानाध्यापकले पनि उक्त आदेश बुझेको समेत देखिन्छ । यसर्थ, नागरिकको संविधान प्रद्धत्त मौलिक हकको प्रचलनका लागि स्वतन्त्र आयोगबाट पटक पटक चेतावनीयुक्त आदेश जारी गर्दा पनि गैर जिम्मेवार चरित्र प्रदर्शन गर्ने पदाधिकारीलाई दण्डित गर्नु पर्ने देखिन आयो ।

यसर्थ, नागरिकको संविधान प्रद्धत्त र कानूनले व्यवस्था गरेको सूचनाको हकको ठाडो उल्लंघन गर्ने दिल्ली पब्लिक स्कूल, लिपनीमाल-८, बाराका कार्यालय प्रमुख (प्रधानाध्यापक) जि.एस चौधरीलाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ को उपदफा (१) बमोजिम रु. ३,००० (अक्षरेपी तीन हजार) जरिबाना हुने ठहर्छ । अरुमा तपसिल बमोजिम गर्नू,

१. सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ६(७) बमोजिम आयोगले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम गरेको जरिवाना असुल उपर गरी आयोगलाई जानकारी दिनू भनी जिल्ला प्रशासन कार्यालय, बाराका प्रमुख जिल्ला अधिकारीलाई लेखी पठाउनू ।
२. दिल्ली पब्लिक स्कूल, लिपनीमाल-८, बारासँग भएको सूचना पुनरावेदकलाई उपलब्ध गराई दिन र यस आयोगलाई समेत जानकारी दिन जिल्ला शिक्षा समन्वय इकाई, बारामा लेखी पठाउनू ।
३. यस निर्णय उपर चित्त नबुझेमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३४ बमोजिम जानकारी पाएको मितिले ३५ दिन भित्र उच्च अदालतमा पुनरावेदन गर्न जानु भनी विपक्षीलाई पुनरावेदनको म्याद दिनू ।

(यशोदादेवी तिम्सिना)	(किरणकुमार पोखरेल)	(कृष्णहरि बाँस्कोटा)
सूचना आयुक्त	सूचना आयुक्त	प्रमुख सूचना आयुक्त

इति सम्वत् २०७६ साल साउन १७ गते रोज ६ शुभम् ।

राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. ५२/०७५/७६

निर्णय नं. ८९

रौतहट जिल्ला, ईशनाथ न. पा.-२ निवासी जयप्रकाश साह समेत _____ ४ } पुनरावेदक पक्ष

विरूद्ध

श्री कार्यालय प्रमुख, ईशनाथ नगरपालिकाको कार्यालय, रौतहट _____ १ } प्रत्यार्थी
श्री सूचना अधिकारी, ईशनाथ नगरपालिकाको कार्यालय, रौतहट _____ १ } विपक्षी

विषय :- नागरिकको संविधान प्रद्धत्त हक र कानूनको व्यवस्थाबमोजिम माग गरिएको सूचना नदिने कार्यालय प्रमुख र सूचना अधिकारीलाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम कारबाही भएको आदेश ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १० बमोजिम यस आयोग समक्ष पर्न आएको पुनरावेदन र तत् सम्बन्धमा यस आयोगबाट भएको कार्वाहीको संक्षिप्त तथ्य र निर्णय यस प्रकार छ :

१. रौतहट जिल्ला, ईशनाथ न. पा.-२ निवासी जयप्रकाश साह समेतले ईशनाथ नगरपालिकाको कार्यालय, रौतहट समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७५।०६।०७ मा पुनरावेदन गरेको ।

२. प्रकरण नं. (१) को पुनरावेदनको सम्बन्धमा यस आयोगबाट ईशनाथ नगरपालिकाको कार्यालय, रौतहटका नाममा पुनरावेदकको पुनरावेदनमा उल्लेख भए बमोजिम पक्षलाई सूचना उपलब्ध गराउनू भन्ने आदेश दिन नपर्नाको कुनै कारण भए सोको आधार र प्रमाण सहित बाटोको म्याद बाहेक ७ (सात) दिनभित्र आयोग समक्ष लिखित व्यहोरा पठाउनू भनी मिति २०७५।०६।१८ मा आदेश भएको ।

३. प्रकरण नं. (२) को आयोगको आदेश पश्चात पनि ईशनाथ नगरपालिकाको कार्यालय, रौतहटले हालसम्म कुनै जानकारी उपलब्ध नगराएको भनी पुनरावेदकले मिति २०७५।०८।१७ मा पुनः उजुरी गरेको ।

४. प्रकरण नं. (३) को उजुरीको सम्बन्धमा यस आयोगबाट ईशनाथ नगरपालिकाको कार्यालय, रौतहटका नाममा पुनरावेदकलाई ७ (सात) दिनभित्र माग बमोजिमको सूचना उपलब्ध गराउनू भनी मिति २०७५।१०।२१ मा आदेश भएको ।

५. प्रकरण नं. (४) को आयोगको आदेश पश्चात पनि ईशनाथ नगरपालिकाको कार्यालय, रौतहटले हालसम्म कुनै जानकारी उपलब्ध नगराएको भनी पुनरावेदकले मिति २०७६।०१।२३ मा पुनः उजुरी गरेको ।

६. प्रकरण नं. (५) को उजुरीका सम्बन्धमा यस आयोगबाट मिति २०७५।१०।२१ को आदेश बमोजिम सूचना उपलब्ध नगराउनुको स्पष्ट कारण ३ (तीन) दिनभित्र आयोगमा पठाउन र पुनरावेदकलाई ३ (तीन) दिनभित्र माग बमोजिमको सूचना उपलब्ध गराउन । आयोगको आदेश बमोजिम सूचना उपलब्ध नगराए सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम कारबाही प्रक्रिया अगाडि बढाईने भनी चेतावनी सहित मिति २०७६।०१।२३ मा विपक्षीको नाममा आदेश भएको । उक्त आदेश कार्यान्वयनको लागि च. नं. ११७६ मिति २०७६।०१।२४ को पत्र लेखी गएको ।

७. प्रकरण नं. (६) को आयोगको चेतावनी सहितको आदेश पश्चात पनि विपक्षीले कुनै सूचना उपलब्ध नगराएको भनी पुनरावेदकले मिति २०७६।०३।०३ मा पुनः उजुरी गरेको ।

८. प्रकरण नं. (७) को उजुरीका सम्बन्धमा विपक्षीको नाममा आयोगको आदेश बमोजिम पुनरावेदकलाई सूचना किन उपलब्ध नगराएको सोबारे ७ (सात) दिनभित्र जानकारी दिनु भनी च. नं. ३० मिति २०७६।०३।३१ को ताकेता पत्र लेखी गएको ।

९. प्रकरण नं. (८) को ताकेता पश्चात पनि विपक्षी ईशनाथ नगरपालिकाको कार्यालय, रौतहटले कुनै सूचना उपलब्ध नगराएको भनी पुनरावेदकले मिति २०७६।०४।२० मा पुनः उजुरी गरेको ।

१०. प्रकरण नं. (९) को उजुरीका सम्बन्धमा पुनरावेदकलाई माग बमोजिमको सूचना २४ (चौबीस) घण्टाभित्र उपलब्ध गराउनू भनी विपक्षीको नाममा मिति २०७६।०४।२४ गते पुनः आदेश भएको ।

११. प्रकरण नं. (१०) को आयोगको आदेश पश्चात विपक्षी ईशनाथ नगरपालिकाको कार्यालय, रौतहटबाट मिति २०७६।०५।१० गतेभित्र सूचना उपलब्ध गराउने भएकोले सो मितिसम्म समयावधि थप गरिदिनु भनी च. नं. ६० मिति २०७६।०४।२६ को पत्र लेखी आएको ।

१२. प्रकरण नं. (११) को समयावधि पश्चातसम्म पनि विपक्षीले कुनै सूचना उपलब्ध नगराएको भनी पुनरावेदकले पुनः उजुरी गरेको ।

<u>विश्लेषण</u>

यसमा पुनरावेदक रौतहट जिल्ला, ईशनाथ न. पा.-२ निवासी जयप्रकाश साह समेतको मिति २०७५।०६।०७ गते आयोगमा दर्ता भएको पुनरावेदन वमोजिम मिति २०७५।०६।१८ मा ईशनाथ नगरपालिकाको कार्यालय, रौतहटका नाममा पुनरावेदकको पुनरावेदनमा उल्लेख भए बमोजिम पक्षलाई सूचना उपलब्ध गराउनू भन्ने आदेश दिन नपर्नाको कुनै कारण भए सोको आधार र प्रमाण सहित बाटोको म्याद बाहेक ७ (सात) दिनभित्र आयोग समक्ष लिखित व्यहोरा पठाउनू भनी मिति २०७५।०६।१८ मा आदेश भएको थियो । आयोगको आदेश पश्चात ईशनाथ नगरपालिकाको कार्यालय, रौतहटले कुनै सूचना उपलब्ध नगराएकोले पुनरावेदकले मिति २०७५।०८।१७ मा उजुरी गरेको । उक्त उजुरीका सम्बन्धमा यस आयोगबाट पुनरावेदकको माग बमोजिमको सूचना ७ (सात) दिनभित्र उपलब्ध गराउनू भनी ईशनाथ नगरपालिकाको कार्यालय, रौतहटको नाममा मिति २०७५।१०।२१ मा आदेश भएको थियो । आयोगको सूचना दिनू भन्ने आदेश पश्चात पनि कुनै सूचना उपलब्ध नगराएको भनी पुनरावेदकले मिति २०७६।०१।२३ मा पुनः उजुरी गरेको । उक्त उजुरीका सम्बन्धमा आयोगबाट ईशनाथ नगरपालिकाको कार्यालय, रौतहटका नाममा पुनरावेदकलाई ३ (तीन) दिनभित्र सूचना उपलब्ध गराउनू । सूचना उपलब्ध नगराए सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम कारबाही हुने भनी चेतावनी सहितको आदेश भएको थियो । आयोगको आदेश पश्चात पनि कुनै सूचना उपलब्ध नगराउने उपर सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम कारबाही गरी सूचना उपलब्ध गराई पाउँ भनी पुनरावेदकले मिति २०७६।०३।०३ मा पुनः पुनरावेदन गरेको । तत् पश्चात आयोगबाट ईशनाथ नगरपालिकाको कार्यालय, रौतहटका नाममा आयोगको आदेश बमोजिम हालसम्म किन सूचना उपलब्ध नगराएको ? सोबारे ७ (सात) दिनभित्र आयोगलाई जानकारी गराउनु भनी च. नं. ३० मिति २०७६।०३।३१ को पत्र लेखी गएकोमा ईशनाथ नगरपालिकाको कार्यालय, रौतहटबाट कुनै जवाफ प्राप्त नभएपश्चात पुनरावेदकले २०७६।०४।२० मा पुनः उजुरी गरेको । उक्त उजुरी पश्चात आयोगबाट ईशनाथ नगरपालिकाको कार्यालय, रौतहटको नाममा सूचना मागकर्तालाई २४ (चौबीस) घण्टाभित्र सूचना उपलब्ध गराई आयोगलाई समेत जानकारी दिनु भनी मिति २०७६।०४।२४ मा पुनः आदेश भएको । आयोगको आदेश पश्चात ईशनाथ नगरपालिकाको कार्यालय, रौतहटबाट मिति २०७६।०५।१० गतेभित्र सूचना उपलब्ध गराउने भएकोले सो मितिसम्म समयावधि थप गरिदिनु भनी च. नं. ६० मिति २०७६।०४।२६ को पत्र लेखी आएको । तत् पश्चात हालसम्म ईशनाथ नगरपालिकाको कार्यालय, रौतहटबाट कुनै सूचना उपलब्ध नभएको भनी पुनरावेदकले पुनः उजुरी गरेको छ ।

सम्पूर्ण वस्तुस्थितिको विश्लेषण गर्दा पुनरावेदक रौतहट जिल्ला, ईशनाथ न. पा.-२ निवासी जयप्रकाश साह समेतले माग गरेको सूचना दिने सम्वन्धमा ईशनाथ नगरपालिकाको कार्यालय, रौतहटका कार्यालय प्रमुख र सूचना अधिकारीले सूचना उपलव्ध नगराएको कुरामा कुनै विवाद रहेन । तथापी यस आयोगबाट विभिन्न मितिमा गरिएको पटक पटकको आदेश, पत्राचारबाट ईशनाथ नगरपालिकाको कार्यालय, रौतहटका कार्यालय

प्रमुख यस आयोग तथा आयोगको निर्णय प्रति संवेदनशील भएको पनि देखिएन । आयोगको पटक पटकको आदेश पश्चात पनि सूचना दिन वेवास्ता गरेको अवस्था समेतलाई विचार गर्दा सूचना दिने मनसाय नै नराखेको मात्र नभई आयोग प्रति नै कुनै सम्मान नराखेको अवस्था देखियो ।

प्रस्तुत विषयमा नेपालको संविधानको धारा २७ मा भएको सूचनाको हकसम्बन्धी व्यवस्था, सूचनाको हकसम्बन्धी ऐन, २०६४ तथा सूचनाको हकसम्बन्धी नियमावली, २०६५ समेतको व्यवस्थालाई हेर्दा नेपालको संविधानको धारा २७ ले 'प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुने छ । तर कानून वमोजिम गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई वाध्य पारिने छैन' भन्ने व्यवस्था रहेको छ । सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ ले 'प्रत्येक नेपाली नागरिकलाई सूचनाको हक हुने छ । प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ' भन्ने व्यवस्था गरेको छ । साथै ऐ ऐनको दफा ३२ ले सार्वजनिक निकायले मनासिव कारण विना सूचना नदिएको वा दिन इन्कार गरेको, आंशिक रूपमा वा गलत सूचना दिएको वा सूचना नष्ट गरेको देखिएमा आयोगले त्यस्तो निकायका जिम्मेवार पदाधिकारीलाई एक हजारदेखि पच्चीस हजार रूपैयासम्म जरिवाना गरी त्यस्तो अधिकारी विभागीय कारवाही हुने पदमा रहेको भए निजलाई विभागीय सजायका लागि लेखी पठाउन सक्नेछ भन्ने उल्लेख छ ।

अतः नेपालको संविधानको धारा २७ को प्रतिवन्धात्मक व्यवस्था र सूचनाको हकसम्बन्धी ऐनको दफा ३ को उपदफा (३) वमोजिम गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई वाध्य पारिने छैन भन्ने व्यवस्थाका सम्बन्धमा प्रस्तुत ईशनाथ नगरपालिकाको कार्यालय, रौतहटसँग पुनरावेदक रौतहट जिल्ला, ईशनाथ न. पा.-२ निवासी जयप्रकाश साह समेतले माग गरेको सूचना नेपालको संविधान, सूचनाको हकसम्बन्धी ऐनको परिधि भित्र छ वा छैन वा गोप्य सूचना हुन भन्ने सम्वन्धमा विचार गर्दा गोप्य राख्नु पर्ने सूचनाभित्र नपर्ने र संविधान र कानून बमोजिम नेपाली नागरिकले पाउने सार्वजनिक सरोकारको सूचना भएको प्रष्ट हुन्छ । तसर्थ, ईशनाथ नगरपालिकाको कार्यालय, रौतहटका कार्यालय प्रमुख र सूचना अधिकारीले पुनरावेदक रौतहट जिल्ला, ईशनाथ न. पा.-२ निवासी जयप्रकाश साह समेतले माग गरेको सार्वजनिक सरोकारको सूचना नदिएको प्रष्ट हुन आउँछ ।

आयोगको ठहर

प्रस्तुत पुनरावेदनको सम्बन्धमा पटक-पटक ईशनाथ नगरपालिकाको कार्यालय, रौतहटका कार्यालय प्रमुख र सूचना अधिकारीलाई सूचना उपलब्ध गराउन आदेश, पत्राचार र टेलिफोनसमेतबाट जानकारी गराईएको छ । ईशनाथ नगरपालिकाको कार्यालय, रौतहटका कार्यालय प्रमुख र सूचना अधिकारीले सूचना दिनुको बदला अन्य पत्राचार गरी पुनरावेदक तथा आयोगको आदेशमा बेवास्ता गरी आयोगको आदेश पालना भएको देखिएन । कानूनी राज्यमा अधिकार प्राप्त अधिकारीको काम कारबाही स्वच्छ र निष्पक्ष रूपमा विवेकपूर्ण किसिमबाट भएको छ भन्ने कुरा देखिनु पर्छ । अनुचित र छलछामपूर्ण किसिमबाट गरिने कार्यले (Unjust Action) कानूनी शासनको मान्यतालाई क्षीण बनाई स्वेच्छाचारिताको सृजना भई नागरिकको कानून व्यवस्था प्रति नै अविश्वास उत्पन्न हुन सक्ने भएकाले आयोगको बारम्बारको आदेशको पालना नगरेकोले निजको काम कारबाही स्वच्छ व्यवहारबाट भएको देखिएन ।

पुनरावेदकले माग गरेको सूचनाको प्रकृति हेर्दा ईशनाथ नगरपालिकाको कार्यालय, रौतहटले प्रत्येक ३/३ महिनामा सार्वजनिक गर्नु पर्ने प्रकृतिका सूचना भएको देखिन्छ । सामान्य सार्वजनिक सरोकारको सूचना प्रबाह गर्न समेत ईशनाथ नगरपालिकाको कार्यालय, रौतहटका कार्यालय प्रमुख र सूचना अधिकारी पूर्णतः उदासीन रहेकोले राष्ट्रिय सूचना आयोगलाई नागरिकको संविधान र कानून प्रद्धत्त हकको प्रचलन गराउनु आयोगको दायित्व रही आएको छ । आयोगबाट प्राकृतिक न्यायको सिद्धान्तबमोजिम निज ईशनाथ नगरपालिकाको कार्यालय, रौतहटका कार्यालय प्रमुख र सूचना अधिकारीलाई पटक पटक सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम कारबाही हुने ब्यहोराबाट सजग गराउँदा, चेतावनी दिँदा पनि आफ्नो जिम्मेवारी पालनामा पूर्णतः गैर जिम्मेवार रहेको पाईयो । यसरी चेतावनी दिईएका आयोगका आदेश/पत्र निजहरू स्वयं कार्यालय प्रमुख नि. प्रमुख प्रशासकीय अधिकृत नन्दकिशोर गुप्ता र सूचना अधिकारी दिपेश रौनियारले बुझिलिएको समेत देखिन्छ ।

यसर्थ, नागरिकको संविधान प्रद्धत्त मौलिक हकको प्रचलनका लागि स्वतन्त्र आयोगबाट पटक पटक चेतावनीयुक्त आदेश जारी गर्दा पनि गैर जिम्मेवार चरित्र प्रदर्शन गर्ने पदाधिकारीहरूलाई दण्डित गर्नु पर्ने देखिन्छ ।

यसर्थ, नागरिकको संविधान प्रद्धत्त र कानूनले व्यवस्था गरेको सूचनाको हकको ठाडो उल्लंघन गर्ने ईशनाथ नगरपालिकाको कार्यालय, रौतहटका कार्यालय प्रमुख नि. प्रमुख प्रशासकीय अधिकृत नन्दकिशोर गुप्ता र सूचना अधिकारी दिपेश रौनियारलाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ को उपदफा (१) बमोजिम जनही रु. सात हजारका दरले जरिबाना हुने ठहर्छ । अरुमा तपसिल बमोजिम गर्नू,

१. ईशनाथ नगरपालिकाको कार्यालय, रौतहटसँग भएको पुनरावेदकको माग बमोजिमको सूचना पुनरावेदकलाई उपलब्ध गराई दिन र यस आयोगलाई समेत जानकारी दिन ईशनाथ नगरपालिकाका नगर प्रमुखलाई लेखी पठाउनू ।

२. यस निर्णय उपर चित्त नबुझेमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३४ बमोजिम जानकारी पाएको मितिले ३५ दिन भित्र उच्च अदालतमा पुनरावेदन गर्न जानु भनी विपक्षीलाई पुनरावेदनको म्याद दिनू ।

३. सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ६(७) बमोजिम आयोगले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम गरेको जरिवाना असुल उपर गरी आयोगलाई जानकारी दिनू भनी जिल्ला प्रशासन कार्यालय, रौतहटका प्रमुख जिल्ला अधिकारीलाई लेखी पठाउनू ।

(यशोदादेवी तिम्सिना)	(किरणकुमार पोखरेल)	(कृष्णहरि बाँस्कोटा)
सूचना आयुक्त	सूचना आयुक्त	प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७६ साल भदौ ३१ गते रोज ३ शुभम् ।

राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरूङ्ग
सूचना आयुक्त कमला ओली थापा
सूचना आयुक्त रत्नप्रसाद मैनाली

आदेश

मु.नं. २६१/०७५/७६

निर्णय नं. ३१२

सुनसरी जिल्ला, बराहक्षेत्र न. पा.-११ निवासी दामोदरप्रसाद दाहाल _____ १ } पुनरावेदक पक्ष

विरूद्ध

श्री कार्यालय प्रमुख (कार्यकारी निर्देशक) सिए. सञ्जय कुमार सिन्हा
नेपाल चार्टर्ड एकाण्टेन्ट संस्था, ललितपुर _____ १ } प्रत्यार्थी विपक्षी

विषय :- नागरिकको संविधान प्रद्धत्त हक र कानूनको व्यवस्थाबमोजिम माग गरिएको सूचना नदिने कार्यालय प्रमुख (कार्यकारी निर्देशक) सिए. सञ्जय कुमार सिन्हालाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम कारबाही भएको आदेश ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १० बमोजिम यस आयोग समक्ष पर्न आएको पुनरावेदन र तत् सम्बन्धमा यस आयोगबाट भएको कार्वाहीको संक्षिप्त तथ्य र निर्णय यस प्रकार छ :

१. सुनसरी जिल्ला, बराहक्षेत्र न. पा.-११ निवासी दामोदरप्रसाद दाहालले नेपाल चार्टर्ड एकाण्टेन्ट संस्था, ललितपुर समक्ष तपसिल बमोजिमको सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७५।११।१४ मा पुनरावेदन गरेको ।

२. प्रकरण नं. (१) को पुनरावेदनको सम्बन्धमा यस आयोगबाट नेपाल चार्टर्ड एकाण्टेन्ट संस्था, ललितपुरको नाममा पुनरावेदकको पुनरावेदनमा उल्लेख भए बमोजिम पक्षलाई सूचना उपलब्ध गराउनू भन्ने आदेश दिन नपर्नाको कुनै कारण भए सोको आधार र प्रमाण सहित बाटोको म्याद बाहेक ७ (सात) दिनभित्र आयोग समक्ष लिखित व्यहोरा पठाउनू भनी मिति २०७५।११।२१ मा आदेश भएको । उक्त आदेश कार्यान्वयनको लागि च. नं. ९०० मिति २०७५।११।२२ को पत्र लेखी गएको ।

३. प्रकरण नं. (२) को आदेश पश्चात नेपाल चार्टर्ड एकाण्टेन्ट संस्था, ललितपुरले पुनरावेदकलाई सात दिनभित्र उत्तरपुस्तिका हेर्न आउनु भनी सूचित गरेको र टेलिफोनबाट समेत जानकारी दिएको भनी च. नं. ७०४ मिति २०७५।१२।११ को पत्रद्वारा यस आयोगलाई जानकारी दिएको ।

४. प्रकरण नं. (३) को पत्राचार पश्चात पुनरावेदकले उत्तरपुस्तिका हेर्न जाँदा विभिन्न स्विकार गर्न नसकिने शर्तहरु राखी कागजमा मन्जुरी छ भनी सहि गरे मात्र उत्तरपुस्तिका हेर्न दिने भनेकाले सो उत्तरपुस्तिका हेर्न नपाएकोले यसै आयोगमार्फत सो उत्तरपुस्तिकाको सक्कलै प्रति दिलाई पाउँ भनी मिति २०७५।१२।१८ मा पुनः उजुरी गरेको ।

५. प्रकरण नं. (४) पश्चात नेपाल चार्टर्ड एकाण्टेन्ट संस्था, ललितपुरले पनि च. नं. ७४४ मिति २०७५।१२।२५ को पत्रद्वारा पुनरावेदकले कबुलियतनामा हेरेपछि उत्तरपुस्तिका नहेरी बाहिरिनु भएको भनी आयोगलाई जानकारी गराए पश्चात पुनः च. नं. ७६० मिति २०७६।०१।०२ को पत्रसाथ पुनरावेदकले २०१८ मार्च र सेप्टेम्बर महिनामा सञ्चालित सबै बिषयको उत्तरपुस्तिका हेरेको भनी हस्ताक्षर समेत गरेको प्रमाण आयोगलाई उपलब्ध गराएको ।

६. प्रकरण नं. (५) पश्चात नेपाल चार्टर्ड एकाण्टेन्ट संस्था, ललितपुरले २०१८ मार्चको भनी २०१७ मार्चको उत्तरपुस्तिका देखाएको २०१८ सेप्टेम्बरको उत्तरपुस्तिकाका सम्पूर्ण पानाहरु नदेखाएको भनी पुनरावेदकले मिति २०७६।०१।०२ मा पुनः उजुरी गरेको ।

७. प्रकरण नं. (६) को उजुरीका सम्बन्धमा यस आयोगबाट पुनरावेदकलाई माग बमोजिमकै सूचना उपलब्ध गराउनु भनी च. नं. ११०३ मिति २०७६।०१।०४ को पत्र लेखी गएको । उक्त पत्राचार पश्चात आयोगबाट

पुनरावेदकको माग बमोजिम उत्तरपुस्तिकाको प्रतिलिपि उपलब्ध गराउनू भनी नेपाल चार्टर्ड एकाण्टेन्ट संस्था, ललितपुरको नाममा मिति २०७६।०१।१५ मा आदेश भएको ।

८. प्रकरण नं. (७) को आदेश पश्चात नेपाल चार्टर्ड एकाण्टेन्ट संस्था, ललितपुरबाट पुनरावेदक पुनः उपस्थित भई उत्तरपुस्तिका हेर्न सक्ने तर आवश्यक कार्यविधि नभएकाले उत्तरपुस्तिकाको प्रतिलिपि उपलब्ध गराउन नसकिने भनी च. नं. ८१५ मिति २०७६।०१।२० को पत्र लेखी आएको ।

९. प्रकरण नं. (८) को पत्रको जानकारी पुनरावेदकलाई आयोगबाट च. नं. ११६८ मिति २०७६।०१।२३ को पत्रसाथ दिएको ।

१०. प्रकरण नं. (९) को पत्राचार पश्चात आफूलाई ढिला गरी सो उत्तरपुस्तिका हेर्न पाउनुको कुनै अर्थ नहुने भएकाले समयमै उत्तरपुस्तिकाको प्रतिलिपि उपलब्ध गराई पाउँ भनी मिति २०७६।०१।२३ मा पुनः उजुरी गरेको ।

११. प्रकरण नं. (१०) को उजुरीका सम्बन्धमा यस आयोगबाट पुनरावेदकको माग बमोजिम सूचना उपलब्ध गराउने सम्बन्धमा त्यस संस्थाबाट जे-जस्तो प्रक्रिया पूरा गर्नु पर्ने हो सो गरी पुनरावेदक दामोदर दाहालले माग गरे बमोजिम परीक्षाको उत्तरपुस्तिकाको प्रतिलिपि उपलब्ध गराउनू भनी नेपाल चार्टर्ड एकाण्टेन्ट संस्था, ललितपुरको कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा मिति २०७६।०३।२९ मा आदेश भएको ।

१२. प्रकरण नं. (११) को आयोगका आदेश पश्चात पनि नेपाल चार्टर्ड एकाण्टेन्ट संस्था, ललितपुरले कुनै सूचना उपलब्ध नगराएकोले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम कारबाहीको प्रक्रिया किन अघि बढाउनुनपर्ने हो ? सोको कारण सहित आयोगको पूर्व आदेश अनुसार उत्तरपुस्तिका दिने प्रक्रिया ७ दिन भित्र अघि बढाई सोको जानकारी आयोगलाई दिनु भनी मिति २०७६।०६।०८ मा पुनः आदेश भएको ।

१३. प्रकरण नं. (१२) को आयोगका आदेश पश्चात नेपाल चार्टर्ड एकाण्टेन्ट संस्था, ललितपुरले विभिन्न प्राविधिक कारण तथा कानूनी व्यवस्थाको अभाव भएकोले आयोगको आदेश बमोजिम उत्तरपुस्तीकाको प्रतिलिपि उपलब्ध गराउन कठिनाई भएको व्यहोराको पत्र लेखी आएको । आयोगबाट च. नं. ४३८ मिति २०७६।०७।०१ को पत्रसाथ उक्त पत्रको जानकारी पुनरावेदकलाई दिएको ।

१४. प्रकरण नं. (१३) को पत्राचार पश्चात चित्त नबुझाई पुनरावेदकले मिति २०७६।०९।०४ मा पुनः उजुरी गरेको ।

१५. प्रकरण नं. (१४) को उजुरीका सम्बन्धमा यस आयोगबाट भएको आदेश बमोजिम किन सूचना उपलब्ध नगराएको हो ? सोबारे ७ (सात) दिनभित्र सूचना उपलब्ध गराई यस आयोगलाई जानकारी गराउनू भनी च. नं. ६५६ मिति २०७६।०९।२२ को आदेश कार्यान्वयन सम्बन्धी तोकता लेखी गएको ।

१६. प्रकरण नं. (१५) को पत्राचार पश्चात नेपाल चार्टर्ड एकाण्टेन्ट संस्था, ललितपुरले च. नं. ५४२ मिति २०७६।१०।२० को पत्रसाथ 'उत्तरपुस्तिकाको छायाँप्रति हेर्न दिने तथा उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७६' को प्रारम्भिक मस्यौदा आयोगलाई उपलब्ध गराएको । आयोगबाट च. नं. ७८२ मिति २०७६।०१०।२१ को पत्रसाथ उक्त मस्यौदाको जानकारी पुनरावेदकलाई दिएको ।

<u>विश्लेषण</u>

यसमा पुनरावेदक सुनसरी जिल्ला, बराहक्षेत्र न. पा.-११ निवासी दामोदरप्रसाद दाहालको मिति २०७५।११।१४ गते आयोगमा दर्ता भएको पुनरावेदन वमोजिम नेपाल चार्टर्ड एकाण्टेन्ट संस्था, ललितपुरका नाममा ७ (सात) दिनभित्र आयोग समक्ष लिखित जवाफ पेश गर्नू भनी मिति २०७५।११।२१ मा आदेश भएको थियो । आयोगको आदेश पश्चात नेपाल चार्टर्ड एकाण्टेन्ट संस्था, ललितपुरले पुनरावेदकलाई सात दिनभित्र उत्तरपुस्तिका हेर्न आउनु भनी सूचित गरेको र टेलिफोनबाट समेत जानकारी दिएको भनी च. नं. ७०४ मिति २०७५।१२।११ को पत्रद्वारा यस आयोगलाई जानकारी दिएको थियो । तत् पश्चात पुनरावेदकले उत्तरपुस्तिका हेर्न जाँदा विभिन्न स्विकार गर्न नसकिने शर्तहरु राखी कागजमा मन्जुरी छ भनी सहि गरे मात्र उत्तरपुस्तिका हेर्न दिने भनेकाले सो उत्तरपुस्तिका हेर्न नपाएकोले यसै आयोगमार्फत सो उत्तरपुस्तिकाको सक्कलै प्रति दिलाई पाउँ भनी मिति २०७५।१२।१८ मा पुनः उजुरी गरेको । नेपाल चार्टर्ड एकाण्टेन्ट संस्था, ललितपुरले पुनरावेदकले कबुलियतनामा हेरेपछि उत्तरपुस्तिका नहेरी बाहिरिनु भएको भनी आयोगलाई जानकारी गराए पश्चात पुनः च. नं. ७६० मिति २०७६।०१।०२ को पत्रसाथ पुनरावेदकले २०१८ मार्च र सेप्टेम्बर महिनामा सञ्चालित सबै बिषयको उत्तरपुस्तिका

हेरेको भनी हस्ताक्षर समेत गरेको प्रमाण आयोगलाई उपलब्ध गराएको । तत् पश्चात नेपाल चार्टर्ड एकाण्टेन्ट संस्था, ललितपुरले २०१८ मार्चको भनी २०१७ मार्चको उत्तरपुस्तिका देखाएको २०१८ सेप्टेम्बरको उत्तरपुस्तिकाका सम्पूर्ण पानाहरु नदेखाएको भनी पुनरावेदकले मिति २०७६।०१।०२ मा पुनः उजुरी गरेको । उक्त उजुरीका सम्बन्धमा पुनरावेदकको माग बमोजिम सूचना उपलब्ध गराउने सम्बन्धमा त्यस संस्थाबाट जे-जस्तो प्रक्रिया पूरा गर्नु पर्ने हो सो गरी पुनरावेदक दामोदर दाहालले माग गरे बमोजिम परीक्षाको उत्तरपुस्तिकाको प्रतिलिपि उपलब्ध गराउनू भनी नेपाल चार्टर्ड एकाण्टेन्ट संस्था, ललितपुरको कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा क्रमशः मिति २०७५।०१।१५, मिति २०७६।०३।२९ र मिति २०७६।०६।०८ मा आदेश भएको । आयोगको आदेश पश्चात नेपाल चार्टर्ड एकाण्टेन्ट संस्था, ललितपुरले 'उत्तरपुस्तिकाको छायाँप्रति हेर्न दिने तथा उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७६' को मस्यौदा भनी आयोगलाई उपलब्ध गराएको ।

सम्पूर्ण वस्तुस्थितिको विश्लेषण गर्दा पुनरावेदक सुनसरी जिल्ला, बराहक्षेत्र न. पा.-११ निवासी दामोदरप्रसाद दाहालले माग गरेको सूचना दिने सम्वन्धमा नेपाल चार्टर्ड एकाण्टेन्ट संस्था, ललितपुरका कार्यालय प्रमुखले सूचना उपलव्ध नगराएको कुरामा कुनै विवाद रहेन । तथापी यस आयोगबाट विभिन्न मितिमा गरिएको पटक पटकको आदेश, पत्राचार तथा छलफल समेतबाट नेपाल चार्टर्ड एकाण्टेन्ट संस्था, ललितपुरका कार्यालय प्रमुख यस आयोग तथा आयोगको निर्णय प्रति संवेदनशील भएको पनि देखिएन । आयोगको पटक पटकको आदेश पश्चात पनि सूचना दिन वेवास्ता गरेको अवस्था समेतलाई विचार गर्दा सूचना दिने मनसाय नै नराखेको मात्र नभई आयोग प्रति नै कुनै सम्मान नराखेको अवस्था देखियो ।

प्रस्तुत विषयमा नेपालको संविधानको धारा २७ मा भएको सूचनाको हकसम्बन्धी व्यवस्था, सूचनाको हकसम्बन्धी ऐन, २०६४ तथा सूचनाको हकसम्बन्धी नियमावली, २०६५ समेतको व्यवस्थालाई हेर्दा नेपालको संविधानको धारा २७ ले 'प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुने छ । तर कानून वमोजिम गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई वाध्य पारिने छैन' भन्ने व्यवस्था रहेको छ । सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ ले 'प्रत्येक नेपाली नागरिकलाई सूचनाको हक हुने छ । प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ' भन्ने व्यवस्था गरेको छ । साथै ऐ ऐनको दफा ३२ ले सार्वजनिक निकायले मनासिव कारण विना सूचना नदिएको वा दिन इन्कार गरेको, आंशिक रूपमा वा गलत सूचना दिएको वा सूचना नष्ट गरेको देखिएमा आयोगले त्यस्तो निकायका जिम्मेवार पदाधिकारीलाई एक हजारदेखि पच्चीस हजार रूपैयासम्म जरिवाना गरी त्यस्तो अधिकारी विभागीय कारवाही हुने पदमा रहेको भए निजलाई विभागीय सजायका लागि लेखी पठाउन सक्नेछ भन्ने उल्लेख छ ।

अतः नेपालको संविधानको धारा २७ को प्रतिवन्धात्मक व्यवस्था र सूचनाको हकसम्बन्धी ऐनको दफा ३ को उपदफा (३) वमोजिम गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई वाध्य पारिने छैन भन्ने व्यवस्थाका सम्बन्धमा प्रस्तुत नेपाल चार्टर्ड एकाण्टेन्ट संस्था, ललितपुरसँग पुनरावेदक सुनसरी जिल्ला, बराहक्षेत्र न. पा.-११ निवासी दामोदरप्रसाद दाहालले माग गरेको सूचना नेपालको संविधान, सूचनाको हकसम्बन्धी ऐनको परिधि भित्र छ वा छैन वा गोप्य सूचना हुन भन्ने सम्वन्धमा विचार गर्दा गोप्य राख्नु पर्ने सूचनाभित्र नपर्ने र संविधान र कानून बमोजिम नेपाली नागरिकले पाउने आफ्नो सरोकारको सूचना भएको प्रष्ट हुन्छ । तसर्थ, नेपाल चार्टर्ड एकाण्टेन्ट संस्था, ललितपुरका कार्यालय प्रमुख र सूचना अधिकारीले पुनरावेदक सुनसरी जिल्ला, बराहक्षेत्र न. पा.-११ निवासी दामोदरप्रसाद दाहालले माग गरेको आफ्नो सरोकारको सूचना नदिएको प्रष्ट हुन आउँछ ।

<u>आयोगको ठहर</u>

प्रस्तुत पुनरावेदनको सम्बन्धमा पटक-पटक नेपाल चार्टर्ड एकाण्टेन्ट संस्था, ललितपुरका कार्यालय प्रमुखलाई सूचना उपलब्ध गराउन भएको आदेश, पत्राचार, आयोगमा भएको छलफल र टेलिफोन समेतबाट जानकारी गराईएको छ । नेपाल चार्टर्ड एकाण्टेन्ट संस्था, ललितपुरका कार्यालय प्रमुखले सूचना दिनुको सट्टा अन्य बिषय समावेश गरी पत्राचार गरी पुनरावेदक तथा आयोगको आदेशमा बेवास्ता गरी आयोगको आदेश पालना गरेको देखिएन । कानूनी राज्यमा अधिकार प्राप्त अधिकारीको काम कारबाही स्वच्छ र निष्पक्ष रूपमा विवेकपूर्ण किसिमबाट भएको छ भन्ने कुरा देखिनु पर्छ । अनुचित र छलछामपूर्ण किसिमबाट गरिने कार्यले (Unjust Action) कानूनी शासनको मान्यतालाई क्षीण बनाई स्वेच्छाचारिताको सृजना भई नागरिकको कानून व्यवस्था

प्रति नै अविश्वास उत्पन्न हुन सक्ने भएकाले आयोगको बारम्बारको आदेश पालना नगरेकोले निजको काम कारबाही स्वच्छ व्यवहारबाट भएको देखिएन ।

पुनरावेदकले माग गरेको सूचनाको प्रकृति हेर्दा निजको व्यक्तिगत वृत्तिविकाससँग प्रत्यक्ष सरोकार राख्ने प्रकृतिको देखिँदा निजलाई सूचना उपलब्ध गराउन नेपाल चार्टर्ड एकाण्टेन्ट संस्था, ललितपुरका कार्यालय प्रमुख र सूचना अधिकारी पूर्णतः उदासीन रहेकोले राष्ट्रिय सूचना आयोगलाई नागरिकको संविधान र कानून प्रद्धत्त हकको प्रचलन गराउनु मुख्य दायित्व रही आएको छ । आयोगबाट प्राकृतिक न्यायको सिद्धान्तबमोजिम निज नेपाल चार्टर्ड एकाण्टेन्ट संस्था, ललितपुरका कार्यालय प्रमुख र सूचना अधिकारीलाई पटक पटक सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम कारबाही हुने ब्यहोराको जानकारी गराउँदा, चेतावनी दिँदा पनि आफ्नो जिम्मेवारी पालनामा पूर्णतः गैर जिम्मेवार रहेको पाईयो । यसरी चेतावनी दिईएका आयोगका आदेश/पत्रको जवाफ निज स्वयं कार्यालय प्रमुख, कार्याकारी निर्देशक सिए. सञ्जय कुमार सिन्हाले दिएको देखिन्छ । यसर्थ, नागरिकको संविधान प्रद्धत्त मौलिक हकको प्रचलनका लागि स्वतन्त्र आयोगबाट पटक पटक चेतावनीयुक्त आदेश जारी गर्दा पनि गैर जिम्मेवारपूर्ण कार्य गर्ने पदाधिकारीलाई दण्डित गर्नु पर्ने देखिन्छ ।

यसर्थ, नागरिकको संविधान प्रद्धत्त र कानूनले व्यवस्था गरेको सूचनाको हकको ठाडो उल्लंघन गर्ने नेपाल चार्टर्ड एकाण्टेन्ट संस्था, ललितपुरका कार्यालय प्रमुख कार्याकारी निर्देशक सिए. सञ्जय कुमार सिन्हालाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ को उपदफा (१) बमोजिम रु. दश हजार जरिबाना हुने ठहर्छ । अरुमा तपसिल बमोजिम गर्नू :-

१. नेपाल चार्टर्ड एकाण्टेन्ट संस्था, ललितपुरसँग भएको पुनरावेदकको माग बमोजिमको सूचना पुनरावेदकलाई उपलब्ध गराई दिन र यस आयोगलाई समेत जानकारी दिन नेपाल सरकार अर्थ मन्त्रालय सिंहदरवार, काठमाडौंमा लेखी पठाउनू ।

२. यस निर्णय उपर चित्त नबुझेमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३४ बमोजिम जानकारी पाएको मितिले ३५ दिन भित्र उच्च अदालतमा पुनरावेदन गर्न जानु भनी विपक्षीलाई पुनरावेदनको म्याद दिनू ।

३. सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ६(७) बमोजिम आयोगले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम गरेको जरिवाना असुल उपर गरी आयोगलाई जानकारी दिनू भनी जिल्ला प्रशासन कार्यालय, ललितपुरका प्रमुख जिल्ला अधिकारीलाई लेखी पठाउनू ।

तपसिल

नेपाल चार्टर्ड एकाण्टेन्ट संस्था, ललितपुरद्वारा सन् २०१८ मार्च र सेप्टेम्बर महिनामा सञ्चालित लेखा प्रविधिज्ञको अन्तिम परीक्षाको उत्तर पुस्तिकाको प्रतिलिपि ।

Paper 1 - Advance accounting and management
Paper 2 - Audit accounting and assemble
Paper 3 - Corporate and other laws
Paper 4 - Tax laws

(रत्नप्रसाद मैनाली)	(कमला ओली थापा)	(महेन्द्र मान गुरूङ्ग)
सूचना आयुक्त	सूचना आयुक्त	प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७६ साल फागुन ११ गते रोज १ शुभम् ।

राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

निर्णय नं. ७८

श्री सचिव
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, काठमाडौं

विषयः सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ को प्रकरण (ग), (च) र (छ) बमोजिम डेंगुबाट बच्न आम नागरिकलाई उपयुक्त माध्यमहरूबाट व्यापकरूपमा तत्काल सूचना प्रवाह गर्न नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिवको नाममा जारी भएको आदेश ।

नेपालको संविधानको धारा २७ मा प्रत्येक नेपाली नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हकको व्यवस्था छ । यो नागरिकको मौलिक हक हो । यस हकको प्रचलनका लागि सरकार जति तत्परतावश आम नागरिक समक्ष प्रस्तुत हुन्छ, सोही हदमा आम नागरिकले लोकतन्त्रको अनुभूति गर्ने कुरा घाम जत्तिकै छर्लङ्ग छ । नागरिकको यस सम्वैधानिक हकको प्रचलनका लागि सूचनाको हकसम्बन्धी ऐन, २०६४ जारी गरिएको छ । यस ऐनको प्रस्तावनामा राज्यका काम कारबाही लोकतान्त्रिक पद्धति अनुरूप खुला र पारदर्शि बनाई नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउन, सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वका सूचनामा आम नागरिकको पहुँचलाई सरल र सहज बनाउन यो कानून जारी भएको उल्लेख छ । यसबाट पनि राज्य प्रणालीसँग रहेका आम जनतामा लाभ पुग्ने, आम जनतामा सुरक्षाको अनुभूति हुने र आम जनताले राज्य प्रणालीप्रति भरोसा राख्न सक्ने सबै प्रकारका सूचनाहरू राज्य प्रणाली स्वयं सक्रिय एवं अग्रसर भै सूचना प्रवाह गर्नु पर्ने तथ्यलाई नगरअन्दाज गर्न सकिन्न ।

माथिल्लो अनुच्छेदमा वर्णित नागरिकको सूचनाको हक, यसको महत्व र उपयुक्त मौकामा उपयुक्त सूचना प्रवाह गर्नु पर्ने राज्य प्रणालीको दायित्वलाई स्मरण गराउँदै हाल मुलुकभरि फैलिएको डेंगुको संक्रमणका सम्बन्धमा राज्य प्रणालीबाट के कसरी सूचना प्रवाह गरी आम जनतामा रोग बिरुद्धको सुरक्षाभाव जागृत गराउने भन्ने बिषयमा राष्ट्रिय सूचना आयोगले नेपाल सरकारलाई सजग गराउने ध्येयले यो आदेश जारी गरिएको छ ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ अनुसार सूचना भन्नाले सार्वजनिक निकायबाट सम्पादन हुने वा भएको सार्वजनिक महत्वको काम, तत्सम्बन्धी कारबाही र जानकारी समेतलाई जनाउँछ । यसर्थ नेपालमा संक्रमणको रूपमा फैलिएको डेंगु रोग र यसको नियन्त्रणका लागि नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, अस्पताल र स्वास्थ्य सेवा प्रवाह गर्ने निकाय तथा परोपकारी संस्था र व्यक्तिहरूबाट भैरहेको प्रयासका बारेमा आम जनतालाई सुसूचित गर्नुपर्छ । यसैगरी सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था छ । यस अनुसार, डेंगु जस्तो महामारीको रूपमा फैलने रोगबाट बच्न नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र सम्बद्ध निकाय एवं विज्ञ व्यक्तिहरूसँग यस रोगबाट बच्ने उपायहरू सम्बन्धी सूचना आम जनताले सर्वसुलभरूपमा पाउनु पर्ने कुरातर्फ आयोग नेपाल सरकारको सम्बन्धित निकायका जिम्मेवार पदाधिकारीको गम्भिर ध्यानाकर्षण गराउन चाहान्छ ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ४ को उपदफा (१) मा सार्वजनिक निकायले नागरिकको सूचनाको हकको सम्मान गर्नुपर्ने कुरा लेखिएको छ भने सोही ऐनको दफा ५ को उपदफा (४) मा सार्वजनिक निकायले आफ्नो निकायसँग सम्बन्धित सूचनालाई नियमितरूपमा अद्यावधिक गरी नागरिकले सूचना माग

गर्न नआए पनि स्वस्फूर्तरूपमा सूचना प्रवाह गर्नुपर्ने व्यवस्था छ । यी सबै सम्वैधानिक र कानूनी व्यवस्थाका अधीनमा रही राष्ट्रिय सूचना आयोग डेंगुको संक्रमण महामारिको रूपमा फैलन सक्ने यस गम्भिर परिस्थितिमा नेपाल सरकारलाई झकझकाउने उद्देश्य समेतले अभिप्रेरित भई यो आदेश जारी गर्ने निष्कर्षमा पुगेको छ ।

मुलुकभित्र फैलिदो डेंगुको महामारी रोक्न नेपाल सरकार सम्बद्ध निकाय र पदाधिकारीहरूबाट आवश्यक पहल भैरहेको छ । यसलाई आम जनताले महशुस गर्ने गरी सार्थक र सफल तुल्याउन नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिव र सम्बद्ध अधिकारीहरू समेतसँग आयोगले गम्भिर परामर्श समेत गरेको छ । यी सबै पक्षको विश्लेषण, सम्बन्धित उच्च पदाधिकारीहरूसँगको छलफल र वर्तमान परिस्थितिको गाम्भिर्यतालाई मनन गरी सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ को प्रकरण (ग), (च) र (छ) अनुसार नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिवको नाममा निम्न आदेश जारी गरिएको छ । यसको जानकारी नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिवका नाममा लेखी पठाउनू ।

<u>आयोगबाट जारी भएको आदेश</u>

डेंगु भनेको के हो ? यसको संक्रमण कसरी फैलिन्छ ? डेंगु कसरी सर्छ ? कसरी थाहा हुन्छ ? यसका लक्षणहरू के के हुन् ? यसबाट बच्न के कस्तो उपाय अपनाउनु पर्छ ? उपचार बिधि के हो ? कुन कुन अस्पताल र स्वास्थ्य संस्थाबाट के कस्तो सेवा हासिल हुन्छ जस्ता आम नागरिकबाट बारम्बार सोधिने डेंगु रोग सम्बन्धी प्रश्नहरूको जवाफ चिकित्सक र विज्ञहरूको परामर्शसहितको सूचनाहरू विभिन्न सञ्चार माध्यमहरूबाट प्रकाशन तथा प्रसारण गरी आम जनतासम्म पुऱ्याउनू । डेंगु रोग सार्ने लाम्खुट्टेको लार्भा खोजेर नष्ट गर्ने अभियानका लागि आवश्यक सूचना प्रकाशन र प्रसारण गरी आम जनतासम्म पुऱ्याउनू । डेंगुसँग सम्बन्धित सामाजिक सञ्जाल लगायतमा आएका र आउन सक्ने अफवाहहरूको निराकरण हुने गरी सहि सत्य सूचना आम जनतासम्म पुऱ्याउनू । यसका लागि नेपाली भाषाका साथै अन्य राष्ट्रिय भाषा र अंग्रेजी भाषामा समेत सूचना प्रवाह गर्ने प्रबन्ध गर्नू । यस्तो सूचना रेडियो, पत्रपत्रिका, टेलिभिजन लगायतका आम सञ्चारका माध्यमबाट व्यापक प्रचार प्रसार गर्नू । सूचनालाई व्यापकता दिन अनलाईन, वेवसाईट लगायत सामाजिक सञ्जालको समेत उपयोग गर्नू, स्थान अनुसार माईकिङ्ग गर्ने, पर्चा पम्प्लेट वितरण गर्ने, फ्लेक्स बोर्ड सार्वजनिक गर्ने, स्कूल-कलेजका विद्यार्थीलाई जानकारी दिने र आम नागरिक भेला हुने स्थान तथा कार्यक्रमहरूमा यससम्बन्धी सूचना प्रवाह गर्ने प्रबन्ध मिलाउनू । नागरिकलाई सूचना प्रवाह गर्ने काममा संघीय सरकारले प्रदेश सरकार र स्थानीय तहसँग पनि समन्वय गरी सबै प्रदेश र सबै पालिकाबाट पनि सूचना प्रवाह गर्ने प्रबन्ध मिलाउनू । डेंगु रोगबाट बच्नका लागि आम उपभोक्ताले सजगता अपनाउनु पर्ने प्रमुख बुँदाहरू नेपाल टेलिकम लगायत निकायबाट छोटो एसएमएसको माध्यममार्फत सूचना पठाउने प्रबन्ध गर्नू । यसरी डेंगुको संक्रमण तत्काल रोक्न, आम जनतामा आवश्यक सूचना प्रवाहका माध्यमबाट ढाडस पैदा गर्न र संक्रमितको सीघ्र उपचार गर्ने लगायतका यससँग सम्बन्धित समग्र सूचनालाई एकीकृत गरी सरल र सहज भाषामा आम नागरिकको पहुँचमा पुगेको पूर्ण प्रत्याभूति गराउनू ।

(यशोदादेवी तिम्सिना)	(किरणकुमार पोखरेल)	(कृष्णहरि बाँस्कोटा)
सुचना आयुक्त	सूचना आयुक्त	प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७६ भदौ २९ रोज १ शुभम् ।

राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरूङ्ग
सूचना आयुक्त रत्नप्रसाद मैनाली
आदेश

निर्णय नं. २७२

श्री सचिव
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, काठमाडौं

विषयः सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ को प्रकरण (ग), (च) र (छ) बमोजिम नोभल कोरोना भाइरसबाट बच्न आमनागरिकलाई उपयुक्त माध्यमहरूबाट व्यापकरूपमा तत्काल सूचना प्रवाह गर्न नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिवको नाममा जारी आदेश ।

नेपालको संविधानको धारा २७ मा प्रत्येक नेपाली नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हकको व्यवस्था छ । यो नागरिकको मौलिक हक हो । यस हकको प्रचलनका लागि सरकार जति तत्परतावश आमनागरिकसमक्ष प्रस्तुत हुन्छ, सोही हदमा आमनागरिकले लोकतन्त्रको अनुभूति गर्ने घामजत्तिकै छर्लङ्ग छ । नागरिकको यस संवैधानिक हकको प्रचलनका लागि सूचनाको हकसम्बन्धी ऐन, २०६४ जारी गरिएको छ । ऐनको प्रस्तावनामा राज्यका कामकार्वाही लोकतान्त्रिक पद्धति अनुरूप खुला र पारदर्शी बनाई नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउन, सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वका सूचनामा आमनागरिकको पहुँचलाई सरल र सहज बनाउन यो कानून जारी भएको उल्लेख छ । यसबाट पनि राज्य प्रणालीसँग रहेका आमजनतामा लाभ पुग्ने, आमजनतामा सुरक्षाको अनुभूति हुने र आमजनताले राज्य प्रणालीप्रति भरोसा राख्न सक्ने सबै प्रकारका सूचनाहरू राज्यप्रणाली स्वयम् सक्रिय एवम् अग्रसर भई सूचना प्रवाह गर्नु पर्ने तथ्यलाई नजरअन्दाज गर्न सकिन्न ।

माथिल्लो अनुच्छेदमा वर्णित नागरिकको सूचनाको हक, यसको महत्व र उपयुक्त मौकामा उपयुक्त सूचना प्रवाह गर्नु पर्ने राज्यप्रणालीको दायित्वलाई स्मरण गराउँदै मित्रराष्ट्र चीनबाट सुरु भई पछिल्लो समय विश्वभरि नै सङ्क्रामक रूपमा फैलिरहेको नोभल कोरोना भाइरस नेपालमा पनि केही व्यक्तिमा देखापरेको आशङ्का गरिएको छ । यसको केन्द्र रहेको चीनसँग नेपालको सिमाना जोडिनु तथा विभिन्न प्रयोजनका लागि चीनमा आवतजावत गर्ने चिनियाँ तथा नेपाली नागरिकको सङ्ख्या उल्लेख्य रहेको छ । यस्तो अवस्थामा यो भाइरसको सङ्क्रमण नेपालमा सहजरूपमा फैलिन सक्ने अवस्था रहेको हुँदा मित्रराष्ट्र चीनमा रहेका नेपाली नागरिकको स्वास्थ्य सुरक्षा र हाल मुलुकमा देखापर्न थालेको नोभल कोरोना भाइरसको सङ्क्रमणका सम्बन्धमा राज्यप्रणालीबाट के-कसरी सूचना प्रवाह गरी आमजनतालाई रोगबाट बच्न तथा यसको सम्भावित सङ्क्रमणको त्रासबाट सुरक्षाभाव जागृत गराउन सकिन्छ भन्ने विषयमा राष्ट्रिय सूचना आयोगले नेपाल सरकारलाई सजग गराउने ध्येयले यो आदेश जारी गरेको छ ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ अनुसार सूचना भन्नाले सार्वजनिक निकायबाट सम्पादन हुने वा भएको सार्वजनिक महत्वको काम, तत्सम्बन्धी कार्बाही र जानकारीसमेतलाई जनाउँछ । यसर्थ, नेपालमा देखापर्न थालेको नोभल कोरोना भाइरस सङ्क्रमण र यसको नियन्त्रणका लागि नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, अस्पताल र स्वास्थ्य सेवा प्रवाह गर्ने निकाय तथा परोपकारी संस्था र व्यक्तिहरूका तर्फबाट भइरहेका प्रयासका बारेमा आमजनतालाई सुसूचित गर्नुपर्छ । यसैगरी सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था छ । यस अनुसार, नोभल कोरोना भाइरसजस्तो महामारीको रूपमा फैलन सक्ने सङ्क्रमणबाट बच्न नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र सम्बद्ध निकाय एवं विज्ञ व्यक्तिहरूसँग यस रोगबाट बच्ने उपायहरू सम्बन्धी सूचना आमजनताले सर्वसुलभरूपमा पाउनु पर्ने कुरातर्फ आयोग नेपाल सरकारको सम्बन्धित निकायका जिम्मेवार पदाधिकारीको गम्भिर ध्यानाकर्षण गराउन चाहान्छ ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ४ को उपदफा (१) मा सार्वजनिक निकायले नागरिकको सूचनाको हकको सम्मान गर्नुपर्ने व्यवस्था गरिएको छ भने सोही ऐनको दफा ५ को उपदफा (४) मा सार्वजनिक निकायले आफ्नो निकायसँग सम्बन्धित सूचनालाई नियमितरूपमा अद्यावधिक गरी नागरिकले सूचना माग गर्न नआए पनि स्वस्फूर्तरूपमा सूचना प्रवाह गर्नुपर्ने व्यवस्था छ । यी सबै संवैधानिक र कानूनी व्यवस्थाको अधीनमा रही राष्ट्रिय सूचना आयोग नोभल कोरोना भाइरसको सङ्क्रमण महामारिको रूपमा फैलन सक्ने यस गम्भीर परिस्थितिमा नेपाल सरकारलाई झकझकाउने उद्देश्यसमेतले अभिप्रेरित भई यो आदेश जारी गर्ने निष्कर्षमा पुगेको छ ।

मुलुकभित्र फैलिन सक्ने नोभल कोरोना भाइरसको सङ्क्रमण रोक्नका लागि नेपाल सरकार, सम्बद्ध निकाय र पदाधिकारीहरूबाट यसका लागि भइरहेका पहललाई आमजनताले महसुस गर्ने गरी सार्थक र सफल तुल्याउन नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिव श्री खगराज बराल लगायत विज्ञहरूसमेतसँग आयोगले गम्भीर परामर्श गरेको छ । यी सबै पक्षको विश्लेषण, सम्बन्धित उच्च पदाधिकारीहरूसँगको छलफल र वर्तमान परिस्थितिको गाम्भीर्यतालाई मनन गरी सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ को प्रकरण (ग), (च) र (छ) अनुसार नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिवको नाममा निम्न आदेश जारी गरिएको छ । यसको जानकारी नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिवका नाममा लेखी पठाउनू ।

<u>आयोगबाट जारी भएको आदेश</u>

१. नोभल कोरोना भाइरस भनेको के हो ? यसको सङ्क्रमण कसरी फैलिन सक्छ ? नोभल कोरोना भाइरस कसरी सर्छ ? यसको सङ्क्रमणको सङ्केत सर्वसाधारणले कसरी थाहा पाउने ? यो भाइरसको सङ्क्रमण भएपछि कस्ता लक्षणहरू देखिन्छन् ? यसबाट बच्न के कस्तो उपाय अपनाउनु पर्छ ? उपचार विधि के हो ? कुन-कुन अस्पताल र स्वास्थ्य संस्थाबाट यसबारे के कस्ता सेवा सर्वसाधारणले प्राप्त गर्न सक्छन् ? जस्ता आमनागरिकबाट बारम्बार सोधिने नोभल कोरोना भाइरस रोगसम्बन्धी प्रश्नहरूको जवाफ चिकित्सक र विज्ञहरूको परामर्शसहितको सूचनाहरू विभिन्न सञ्चार माध्यमहरूबाट प्रकाशन तथा प्रसारण गरी आमजनतासम्म पुऱ्याउनू ।

२. नोभल कोरोना भाइरसबारे सामाजिक सञ्जाल लगायतमा आएका र आउन सक्ने अफवाहहरूको निराकरण हुने गरी सही र सत्यतथ्य सूचना आमजनतासम्म पुऱ्याउनू । यसका लागि नेपाली भाषाका साथै अन्य राष्ट्रिय भाषा र अंग्रेजी भाषामा समेत सूचना प्रवाह गर्ने प्रबन्ध गर्नू । यस्तो सूचना रेडियो, पत्रपत्रिका, टेलिभिजनलगायतका आमसञ्चारका माध्यमबाट व्यापक प्रचार-प्रसार गर्नू ।

३. सूचनालाई व्यापकता दिन अनलाइन, वेबसाइटलगायत सामाजिक सञ्जालको समेत उपयोग गर्नू, स्थान र आवश्यकता अनुसार माइकिङ्ग गर्ने, पर्चा-पम्प्लेट वितरण गर्ने, फ्लेक्स बोर्ड सार्वजनिक गर्ने, स्कूल-कलेजका शिक्षक, विद्यार्थीलाई यसबारे जानकारी दिने र आमनागरिक भेला हुने स्थान तथा कार्यक्रमहरूमा यससम्बन्धी सूचना प्रवाह गर्ने प्रबन्ध मिलाउनू ।

४. नागरिकलाई सूचना प्रवाह गर्ने काममा संघीय सरकारले प्रदेश सरकार र स्थानीय तहसँग पनि समन्वय गरी सबै प्रदेश र सबै पालिकाबाट पनि यसबारे आवश्यक सूचना प्रवाह गर्ने प्रबन्ध मिलाउनू ।

५. नोभल कोरोना भाइरस रोगबाट बच्नका लागि आमउपभोक्ताले सजगता अपनाउनु पर्ने प्रमुख बुँदाहरू नेपाल टेलिकमलगायत निकायबाट छोटो एसएमएसको माध्यममार्फत सूचना पठाउने प्रबन्ध गर्नू । यसरी नोभल कोरोना भाइरसको सङ्क्रमण तत्काल रोक्न, आमजनतामा आवश्यक सूचना प्रवाहका माध्यमबाट जानकारी प्रदान गर्न र सङ्क्रमितको शीघ्र उपचार गर्ने लगायतका यससँग सम्बन्धित समग्र सूचनालाई एकीकृत गरी सरल र सहज भाषामा आमनागरिकको पहुँचमा पुगेको पूर्ण प्रत्याभूति गराउनू ।

(रत्नप्रसाद मैनाली)
सूचना आयुक्त

(महेन्द्र मान गुरूङ्ग)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७६ माघ १९ रोज १ शुभम् ।

राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरूङ्ग
सूचना आयुक्त कमला ओली थापा
सूचना आयुक्त रत्नप्रसाद मैनाली
आदेश

श्री सचिव
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, काठमाडौं

विषयः सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ को खण्ड (ङ) बमोजिम स्पष्ट सूचना प्रवाह गर्न नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिवको नाममा जारी आदेश ।

कोरोना भाइरसको संक्रमणको रोकथाम, नियन्त्रण तथा उपचारमा त्यस मन्त्रालयबाट भईरहेका प्रयासहरू सकरात्मक दिशा तर्फ गइरहेको अवस्था हुंदा हुंदै पनि संक्रमितको सङ्ख्या बढ्दै गई रहेको अवस्था चिन्ताजनक छ । यसर्थ यसको रोकथाम, उपचार, राहत तथा व्यवस्थापन लगायतका कार्यहरूका लागि थप प्रयासहरू गरीरहन तथा परीक्षणलाई विस्तार तथा तीब्रता दिन अत्यन्त आवश्यक देखिएको छ । यस क्रममा यस आयोगबाट मिति २०७६ साल माघ १९ मा भएको आदेश र मिति २०७६ साल फागुन २७ र २०७७ जेठ २ गते जारी गरिएको (प्रकाशित) प्रेस विज्ञप्तिहरू जानकारीका लागि यसैसाथ संलग्न राखी पठाइएको छ । त्यस मन्त्रालय तथा सम्बन्धित निकायहरूबाट हालसम्म भैरहेकाको काम तथा कार्यरत स्वास्थ्यकर्मी लगायतका कर्मचारीहरूको योगदानको आयोग प्रशंसा गर्दछ ।

त्यस मन्त्रालयबाट नियमित रूपमा भैरहेको प्रेस सम्मेलन, प्रेस विज्ञप्ति, वेवसाइट तथा मोवाइल एप र भाइवर ग्रुप मार्फत भैरहेको सूचना प्रवाहका कारण सर्वसाधारण नागरिकले नियमित रूपमा जानकारी पाउने व्यवस्था आफैमा सह्रानिय छ । संक्रमित वा मृत्यु भएको व्यक्तिको स्थायी ठेगाना र अहिले बसोवास गरिरहेको स्थान वा संक्रमण हुंदाको स्थान फरक फरक हुन सक्दछ र एउटा मात्र स्थानका वारेमा उल्लेख गर्दा सर्वसाधारणमा भ्रम तथा अन्यौलता भएको पाइएको छ । तसर्थ यसरी प्रवाह भैरहेको सुचनामा थप स्पष्ट गराई सर्वसाधारणमा सृजना भएको अन्यौल हटाउन आवश्यक देखिन्छ ।

कतिपय अवस्थामा व्यक्तिगत प्रकृतिका सूचनाहरू प्रकाशन, प्रसारण तथा सामाजिक सञ्जालमा सार्वजनिक भैरहेको पाइएको छ । यसबाट सम्बन्धित व्यक्ति र परिवारमा पर्ने प्रभाव दु:खदायी र दुरगामी हुन सक्दछ । यस सन्दर्भमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २८ ले सार्वजनिक निकायले आफुसमक्ष रहेका व्यक्तिगत प्रकृतिका सूचनाहरू अनधिकृत प्रकाशन र प्रसारण नहुने गरी संरक्षण गरिराख्नु पर्नेछ भन्ने व्यवस्था गरेको तर्फ ध्यानाकर्षण गराउंदै कोरोना भाइरसको संक्रमण वा यसैका कारण मृत्यु भएका व्यक्तिहरूको विवरण सार्वजनिक गर्दा संक्रमण वा मृत्यु हुंदाका बखत बसोबास गरेको स्थान र स्थायी ठेगाना समेत उल्लेख गर्न सूचनाको हकसम्बन्धी ऐनको दफा १९ को खण्ड (ङ) बमोजिम आदेश दिइएको छ ।

(रत्नप्रसाद मैनाली)	(कमला ओली थापा)	(महेन्द्र मान गुरूङ्ग)
सूचना आयुक्त	सूचना आयुक्त	प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७७ जेठ ०६ रोज ३ शुभम् ।

राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरूङ्ग
सूचना आयुक्त कमला ओली थापा
सूचना आयुक्त रत्नप्रसाद मैनाली

आदेश

विषयः सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ को खण्ड (ख), (ग) र (ङ) बमोजिम स्पष्ट सूचना प्रवाह गर्न नेपाल सरकारका मुख्य सचिव/प्रदेश सरकारका प्रमुख सचिव र स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतको नाममा जारी आदेश ।

कोरोना भाइरसको संक्रमणको रोकथाम, नियन्त्रण तथा उपचार र राहतका लागि नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहका सार्वजनिक निकायहरूले गरिरहेका प्रयासहरू सकारात्मक दिशा तर्फ गइरहेको अवस्था हुँदा-हुँदै पनि संक्रमितको सङ्ख्या बढ्दै गईरहेको अवस्था छ । साथै विदेशबाट नेपाल आउन चाहने नेपाली नागरिकका लागि पनि उपयुक्त व्यवस्था गर्न पर्ने अवस्था सिर्जना भै सकेको छ । यसर्थ यसको रोकथाम, उपचार, राहत तथा व्यवस्थापन लगायतका कार्यहरूका लागि थप प्रयासहरू जारी राख्न तथा परीक्षणलाई विस्तार तथा तीब्रता दिन अत्यन्त आवश्यक देखिएको छ ।

नेपाल सरकारले घोषणा गरेको बन्दाबन्दी (लकडाउन) को अवधि २०७७ जेठ २० गतेसम्म थपिएको अवस्थामा थप्दै गर्दा केही अत्यावश्यक क्रियाकलापहरूमा खुकुलोपना पनि ल्याइएका निर्णयहरू पनि सार्वजनिक भएका छन् । साथै सरकारी कार्यालयहरू आंशिक कर्मचारी राखी चालु राख्ने निर्णयका कारण सार्वजनिक निकायहरूमा स्वाभाविक रूपमा चहलपहल बढ्ने अवस्था छ । लकडाउनको अवधिमा विपदमा परेका नागरिकहरूका लागि तिनै तहका सार्वजनिक निकायहरूले राहत वितरण, क्वारेन्टिन व्यवस्थापन, उपचार व्यवस्थापन लगायतका कार्यहरू गरिरहेका छन् । यसका लागि आवश्यक पर्ने उपचार सामग्रीदेखि राहत सामग्रीहरू खरिद, भण्डारण तथा वितरणका कार्यहरू भएका छन । नीतिगत, कार्यान्वयन तथा समन्वयसम्वन्धी प्रशस्त निर्णयहरू हुनुका साथै ती निर्णयहरू कार्यन्वयनमासमेत गएका छन् । विपदमा परेका नागरिक तथा व्यवसायहरूका लागि विभिन्न तहका सार्वजनिक निकायहरूबाट कुनै न कुनै प्रकारका सहुलियत तथा राहतका प्याकेजहरू घोषणा भएका छन् ।

सार्वजनिक सरोकारको विषय भएको हुनाले यस समयमा नागरिकलाई संक्रमणबाट जोगाउन, उपचार गर्न, राहत प्रदान गर्न विभिन्न तहका सार्वजनिक निकायहरूबाट भएका र अब हुने यस्ता कार्यहरूसम्वन्धी सूचनाहरू अद्यावधिक गरिराख्नु पर्ने जिम्मेवारी सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (१) ले सार्वजनिक निकायलाई दिएको छ । साथै यस्ता सूचनाहरूको संरक्षण तथा उचित व्यवस्थापनबाट मात्र भविष्यमा आइपर्ने सक्ने यस्तै महामारी तथा विपदका वेलामा पुनः प्रयोग गर्न सकिनुका साथै तत्काल सार्वजनिक गर्नसमेत सहज हुनेछ । अहिलेको प्रविधिको युगमा यस्ता दस्तावेजहरू विद्युतीय स्वरूपमा संरक्षण गर्नु पनि उपयुक्त हुने यस आयोगको ठहर रहेको छ ।

स्वभाविक रूपमा अहिलेको अवस्थामा कुनै पनि सार्वजनिक निकायको पहिलो प्राथमिकता भनेको सर्वसाधारण नागरिकलाई कोरोना भाइरसको संक्रमणबाट जोगाउनु र राहत उपलब्ध गराउनु हो र यसैमा जोड दिन आवश्यक रहेको विषयमा आयोग सहमत छ ।

सार्वजनिक निकायहरूको पारदर्शी र उत्तरदायी क्रियाकलाप लोकतन्त्रको एउटा महत्वपूर्ण आधारस्तम्भ हो । कोरोना भाइरसको संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार र राहतका लागि सार्वजनिक निकायहरूले गरेका प्रयासहरूका बारेमा यथार्थ र सही सूचना समयमै पाउँदा सर्वसाधारण नागरिकबाट स्वभाविक सहयोग र समर्थन प्राप्त गर्न सकिन्छ । नेपालको संविधानको धारा २७ ले प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ भन्ने व्यवस्था गरेको छ । यस संवैधानिक हकलाई कार्यान्वयन गर्न सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले कानूनी व्यवस्था गरेको छ ।

नेपाल सरकारबाट घोषणा भएको बन्दाबन्दी (लकडाउन) विस्तारै खुकुलो हुँदै जाँदा स्वभाविक रूपमा नागरिकहरूले नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहका सार्वजनिक निकायहरूले यस क्रममा गरेका निर्णय, क्रियाकलाप तथा विवरणहरूसम्वन्धी सूचना माग गर्न आउने क्रम बढ्ने देखिन्छ । यसरी माग गरिने सूचनाको सङ्ख्या स्वाभाविक रूपमा बढी हुने सम्भावना रहन्छ । यसले गर्दा सार्वजनिक निकायहरूले सूचना उपलव्ध गराउनु पर्ने संवैधानिक दायित्व निर्वाह गर्दैगर्दा अन्य महत्वपूर्ण कार्यमा दिनु पर्ने समय यसका लागि प्रयोग गर्न पर्ने सम्भावना रहन्छ ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ४ उपदफा (१) र उपदफा (२) को खण्ड (क), (ख) र (ग) बमोजिम क्रमशः सूचनाको हकको सम्मान र संरक्षण गर्नु गराउनु पर्ने, सूचना समय समयमा सार्वजनिक, प्रकाशन तथा प्रसारण गर्ने गराउने, सूचनामा नागरिकको पहुँच सरल र सहज बनाउने, आफ्नो कामकारवाही खुला र पारदर्शी रूपमा सम्पन्न गर्ने दायित्व सार्वजनिक निकायको हुने व्यवस्था गरेको छ । यस अवस्थामा सार्वजनिक निकायहरूले कोरोना भाइरसको संक्रमणको रोकथाम, नियन्त्रण तथा उपचार र राहतका लागि गरेका निर्णय, खरिद तथा वितरणसम्वन्धी क्रियाकलापहरूका सूचना स्वतः सार्वजनिक गर्दै जाने हो भने सर्वसाधारण नागरिकलाई सूचना माग गरिरहन पर्ने अवस्था तथा सार्वजनिक निकायहरूलाई सूचना उपलव्ध गराउन लाग्ने समय र झण्झटबाट मुक्ति दिलाउन सम्भव हुन्छ भन्ने आयोगको विश्वास रहेको छ। तसर्थ, सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ को खण्ड (ख), (ग) र (ङ) बमोजिम नेपाल सरकारका मुख्य सचिव, प्रदेश सरकारका प्रमुख सचिव र स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत मार्फत सबै सार्वजनिक निकायहरूलाई देहायबमोजिम गर्न गराउन निर्देशन दिने निर्णय गरेको छ ।

१. नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहका सार्वजनिक निकायहरूबाट कोरोना भाइरस रोकथाम, नियन्त्रण तथा राहतका लागि भए गरेका कामहरूका वारेमा नियमित रूपमा सार्वजनिक गराउने व्यवस्था मिलाउने ।
२. उपलव्ध र वितरण भएका वा गरिने तथा खरिद गरिने उपकरण, स्वास्थ्य सामग्री, सेवा तथा औषधीका वारेमा नियमित रूपमा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तह तथा सम्बन्धित स्वास्थ्य संस्थाहरूबाट सार्वजनिक गराउने व्यवस्था मिलाउने ।
३. आइसोलेशन, क्वारेन्टिन, होम क्वारेन्टिन, सरकारी एवं गैरसरकारी तवरमा निर्मित संघ, प्रदेश, स्थानीय तहका उपचार स्थलहरू वा स्वास्थ्य संस्थाहरूमा रहेका नागरिकहरूका वारेमा एकिकृत तथ्यांकीय विवरण नियमित रूपमा सार्वजनिक गर्ने व्यवस्था मिलाउने ।
४. नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहका सार्वजनिक निकायहरूबाट लकडाउनका समयमा राहत उपलव्ध गराउन पर्ने नागरिकहरूलाई वितरण गरिएको राहतको विवरण तथा आधार नियमित रूपमा सार्वजनिक गर्ने व्यवस्था मिलाउने । सहजता तथा अभिलेखका लागि यस्ता विवरण विद्युतिय प्रणालीमा सुरक्षित राख्ने व्यवस्था गर्ने ।
५. लकडाउन जारी रहेको अवस्थामा अत्यावश्यक खाद्य पदार्थ, औषधी तथा अन्य वस्तु विक्री वितरण गर्ने स्थान, समय र पालना गर्नु पर्ने नियमहरू (विक्रेता तथा नागरिक दुवैका लागि) का बारेमा नियमित रूपमा जानकारी गराउने ।
६. यस सन्दर्भमा सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस आर्य लगायतका व्यक्तिहरूका लागि छुट्टै कार्यक्रम ल्याइएको भए त्यस्ता कार्यक्रमका वारेका सूचना सार्वजनिक गर्ने ।
७. नेपाल सरकार, प्रदेश तथा स्थानिय तहहरूले राहत कोषहरू स्थापना गरेका विवरणहरू सार्वजनिक भैरहेका छन्, यस्ता कोष सञ्चालनका लागि स्पष्ट कार्यविधि तथा निर्देशिका तयार गरी यस कोषमा जम्मा हुने र खर्च भएको विवरण नियमित र अनिवार्य रूपमा स्वतः सार्वजनिक गर्ने व्यवस्था गर्ने गराउने ।

८. नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तह र सम्वद्ध निकायहरूले आ-आफ्नो निकायका सूचना अधिकारीलाई यस समयमा ईमेल, भाइवर, मोवाइल तथा अन्य माध्यमबाट समेत सम्पर्क गर्न सकिने व्यवस्था गर्ने ।

९. बन्दाबन्दी (लकडाउन) मा केहि खुकुलोपन ल्याउने निर्णय हुँदै गर्दा वा बन्दाबन्दी खुलेको अवस्थामा पनि कोरोना भाइरसको औषधी वा खोप उपलव्ध नभएसम्म पूर्ण रूपमा खुला हुने संभावना नरहेको अवस्थामा सर्वसाधारण नागरिकले गर्न हुने र गर्न नहुने विषयमा दोहरो अर्थ वा द्विविधा नहुने गरी स्पष्ट भाषामा यथाशक्य विभिन्न स्थानीय भाषामा र उपलव्ध सवै प्रकारका स्थानीय सञ्चारमाध्यमहरूको प्रयोग गरी प्रत्येक नागरिकको पहुँचमा पुग्ने गरी प्रचार प्रसार गर्ने व्यवस्था मिलाउने ।

१०. विदेशबट नेपाल आउन चाहने नेपाली नागरिकहरूलाई नेपाल ल्याउने सम्वन्धमा स्पष्ट सूचना सार्वजनिक गर्ने ।

११. नेपाल सरकारबाट स्वीकृत सूचनाको हक कार्यान्वयन सम्वन्धी अनुगमन निर्देशिका, २०७६ बमोजिम गठित केन्द्रीय समन्वय इकाई, कार्यान्वयन अनुगमन इकाई, प्रदेश अनुगमन इकाई र जिल्ला अनुगमन इकाईहरूलाई सकृय गराई यस अवधिमा र नियमित रूपमा सूचनाको हकको प्रयोग वारेमा अनुगमन गरी त्यसको प्रतिवेदन सार्वजनिक गर्ने र यस आयोगलाई पनि जानकारी दिने व्यवस्था मिलाउने ।

१२. सार्वजनिक निकायमा रहेका सूचना संङ्कलन गरी सर्वसाधारण नागरिकसम्म पुऱ्याउने आमसञ्चारकर्मीहरू तथा सूचनाका हकका अभियन्ताहरू सार्वजनिक निकायहरूमा गई रहने पर्ने हुँदा निजहरूको स्वास्थ्य सुरक्षाको व्यवस्था मिलाउन आवश्यक व्यवस्था गर्ने ।

१३. सूचना प्रवाह गर्ने कममा सार्वजनिक निकायहरूले व्यक्तिगत प्रकृतिका सूचनाहरू पनि दिएको वा दिने संभावना रहेको र यसबाट पर्ने प्रभाव दुखदायी हुन सक्ने तथा यस्ता कार्य गर्न कानूनी रूपमा पनि सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २८ ले प्रतिबन्ध लगाइएको हुँदा यस्तो कार्य नगर्ने नगराउने ।

१४. कोरोना भाइरसका कारण मृत्यु भएकाहरूको शव व्यवस्थापनमा केहि अन्यौलता भईरहेको समाचार प्रकाशन तथा प्रसारण भई रहेको सन्दर्भमा थप स्पष्टता गराउन पर्ने भए थप स्पष्ट गराउन तथा व्यवस्थापनका लागि गरिएको तयारी सम्वन्धी वा व्यवस्थापन सम्वन्धी सूचना सर्वसाधारण नागरिकले बुझ्ने गरी सार्वजनिक गर्ने गराउने ।

१५. उल्लेखित विवरण तथा कोरोना भाइरसबाट बच्न नागरिकले पालना गर्न पर्ने विषयहरू स्थानीय भाषामा तथा स्थानीय सञ्चार माध्यमको अधिकतम प्रयोग गर्ने गराउने ।

१६. प्रत्येक सार्वजनिक निकायले कानूनी व्यवस्था बमोजिम प्रत्येक तीन/तीन महिनामा गरिने स्वतः प्रकाशनमा उल्लेखित विवरणहरू समेत समावेश गर्ने व्यवस्था मिलाउने ।

(रत्नप्रसाद मैनाली)	(कमला ओली थापा)	(महेन्द्र मान गुरूङ्ग)
सूचना आयुक्त	सूचना आयुक्त	प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७७ जेठ ०६ रोज ३ शुभम् ।

राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरूङ्ग
सूचना आयुक्त कमला ओली थापा
सूचना आयुक्त रत्नप्रसाद मैनाली

आदेश

श्री सचिव
कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, सिंहदरबार, काठमाडौं

विषयः सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ को खण्ड (ग) र खण्ड (ङ) बमोजिम कृषि तथा पशुपंक्षी विकास मन्त्रालयका सचिवको नाममा जारी आदेश ।

विश्वव्यापी फैलिएको कोरोना भाइरस (कोभिड- १९) को सङ्क्रमणको महामारी नियन्त्रणका लागि नेपाल सरकारले लकडाउन (बन्दाबन्दी) को घोषणा गरेको २ महिना नाघि सकेको छ । कोरोना सङ्क्रमणको त्रास र बन्दाबन्दीले नागरिकको मनोसामाजिक जीवनमा गम्भीर नकारात्मक असर पुऱ्याएको छ । प्रायः आर्थिक क्रियाकलाप ठप्प छ । तथापि, कोरोनाको सङ्क्रमणबाट नागरिकको जीवन रक्षा यतिबेला पहिलो प्राथमिकतामा पर्नु स्वाभाविक छ ।

सम्माननीय प्रधानमन्त्रीले हिजो मात्र देशवासीका नाममा संबोधन गर्ने क्रममा **"खेतीपातीको याम खेर जान नदिन, सामाजिक दूरी र आवश्यक परहेजलाई ख्याल गरी कृषि कार्य अघि बढाइनेछ"** उल्लेख गर्नुभएको छ । मानव सभ्यताले सामना गरिरहेको यो कठिन परिस्थितिका बीच पनि जनजीवनलाई सहज बनाउन नेपाल सरकारले बैशाख २६ गतेदेखि कृषिलगायत ४४ प्रकारका उद्योग सञ्चालनका लागि आवश्यक व्यवस्था मिलाउने निर्णय गरेको थियो । कृषि र कृषिजन्य उत्पादनलाई बजार र उपभोक्तासम्म पुऱ्याउन सहज होस् भन्नका लागि माछा, मासु, अण्डा, फलफूल, तरकारी, दूध, दुग्धजन्य पदार्थ माछाका भुरा, कुखुराका चल्ला, दाना, मलबिउ तथा कृषिकार्यका लागि आवश्यक मालवस्तुको ढुवानीलाई सहज बनाउन नेपाल सरकारले निर्देशन दिएको थियो ।

तर, यतिबेला देशका विभिन्न क्षेत्रबाट किसानले उत्पादन गरेका तरकारी, फलफूल, माछा, कुखुरा, हाँस, टर्की, खसीलगायतको मासु, दूध तथा दुग्धजन्य पदार्थलाई बजारसम्म पुऱ्याउन असहज भएको र ती वस्तु उपभोक्ताले चर्को मूल्यमा खरिद गर्नु परेको, सरकारले गरेको निर्णय व्यवहारमा कार्यान्वयन भएको अनुभूति किसान, उपभोक्ताले गर्न नपाएको तथा किसान र उपभोक्ता दुवै पक्षले यसबारे सही सूचना नपाएकोले अन्योल बढेको विभिन्न माध्यमबाट सार्वजनिक भएको प्रति आयोगको ध्यानाकर्षण भएको छ ।

नेपालका हिमाल, पहाड र तराईका प्रायः सबै क्षेत्रमा कृषिको मुख्यबाली धान लगाउने समय आएको छ । ती क्षेत्रमा लगाई सकेको मकैबाली उत्पादन, कोदो लगायत अन्य मुख्य बर्खे बाली लगाउने बेलापनि भइसकेको छ । कृषिकर्मलाई निरन्तरता दिनकालागि आवश्यक पर्ने मलविउ, किटनाशक औषधी तथा औजारहरू खरिद गर्न पाइने हो कि होइन भन्ने संशयमा किसानहरू रहेको भन्ने पनि विभिन्न संचार माध्यमहरूबाट सार्वजनिक भइरहेका छन् ।

नेपालको संविधानको धारा ५१ मा राज्यका नीति अन्तर्गत खण्ड (ङ) को उपखण्ड (५) मा 'कृषकका लागि कृषि सामग्री, कृषि उपजको उचित मूल्य र बजारमा पहुँचको व्यवस्था गर्ने' भन्ने व्यवस्था गरेको छ ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा, 'प्रत्येक नेपाली नागरिकलाई यस ऐनको अधीनमा रही सूचनाको हक हुनेछ' भन्ने व्यवस्था गरिएको छ । ऐनको दफा १९ को खण्ड (ग) मा, 'नागरिकको जानकारीका लागि सूचना सार्वजनिक गर्न सम्बन्धित सार्वजनिक निकायलाई आदेश दिने' अधिकारको व्यवस्था राष्ट्रिय सूचना आयोगलाई रहेकोछ । सोही ऐनको दफा १९ को खण्ड (ङ) मा, 'यस ऐन बमोजिमको दायित्व पालना गर्न-गराउन सम्बन्धित पक्षलाई आदेश दिने' आयोगको काम, कर्तव्य र अधिकार रहेको छ ।

अतः सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) अनुसार कृषकहरूलाई यस सम्बन्धी आवश्यक सूचना उपलब्ध गराउन सोही ऐनको दफा १९ खण्ड (ग) र खण्ड (ङ) अनुसार तपशिल बमोजिम गर्न गराउन यो आदेश जारी गरेको छ :-

१. कृषि र कृषिजन्य उत्पादनलाई बजार र उपभोक्तासम्म पुऱ्याउनका लागि माछा, मासु, अण्डा, फलफूल, तरकारी, दूध तथा दुग्धजन्य पदार्थ उत्पादनलाई निरन्तरता दिनका लागि आवश्यक पर्ने माछाका भुरा, कुखुराका चल्ला, दाना लगायत आवश्यक मालवस्तुको ढुवानीका लागि कुन निकायको, कोसँग, र कतिबेला सम्पर्क गर्नु पर्ने हो ? यसको बारेमा किसान र उपभोक्ता नागरिकलाई स्पष्ट र यथार्थ सूचना उपलब्ध गराउनू ।

२. धान, मकै, कोदोलगायत अन्यबाली लगाउनका लागि र लगाई सकेकामा आवश्यक पर्ने मलविउ, औजार, किटनाशक औषधी खरिद गर्न पाइने स्थान, आधिकारिक सम्पर्क व्यक्तिको नाम र फोन नम्बरसहित स्थानीय भाषा र सञ्चार माध्यम मार्फत् किसानलाई जानकारी गराउनू ।

३. कृषकले खेती, पशुपालना गर्दा, उत्पादन बजारसम्म पुऱ्याउँदा तथा अन्य अत्यावश्यक कृषिजन्य कार्य गर्दा संक्रमणको जोखिम न्यून गर्न अपनाउन पर्ने सुरक्षा विधि तथा सावधानीका विषयमा सर्वसाधारण कृषकहरूसम्म पुग्ने गरी सूचना उपलब्ध गराउनू ।

(रत्नप्रसाद मैनाली)	(कमला ओली थापा)	(महेन्द्र मान गुरूङ्ग)
सूचना आयुक्त	सूचना आयुक्त	प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७७ जेठ १३ रोज ३ शुभम् ।

बैठक नं. २४४(३)४
मिति २०७६।१०।२०

निर्णय

०४६ को जनआन्दोलनको सफलतासँगै जारी भएको नेपालको संविधान- ०४७ को धारा १६ मा सार्वजनिक सरोकारका विषयमा नागरिकलाई सूचना माग्ने अधिकार रहेको नेपालको इतिहासमै पहिलो पटक उल्लेख गरियो । संविधानमा उल्लेख गरिए पनि त्यसको व्यावहारिक प्रयोग र कार्यान्वयन गर्ने निकायकाबारे संविधानमा यथेष्ट व्यवस्था हुन सकेको थिएन । संविधानमा व्यवस्था गरिएको सूचनाको हकलाई अदालती प्रक्रियामार्फत् निरूपण गर्ने केही प्रयास र प्रयोग भने यसबीचमा भए ।

एक दशकभन्दा लामो सशस्त्र द्वन्द्वपछि ०६२/०६३ मा १९ दिने जनआन्दोलन भयो । जनआन्दोलनपछि घोषणा भएको नेपालको अन्तरिम संविधान- ०६३ को धारा २७ मा सूचना माग्नु र पाउनुलाई नागरिकको मौलिक हकका रूपमा स्पष्ट व्याख्या गरियो । अन्तरिम संविधानको धारा २७ बमोजिम सूचनाको हकसम्बन्धी ऐन- २०६४ जारी भयो । सो ऐनबमोजिम २०६५ बैशाख २२ गते नेपाल सरकारले राष्ट्रिय सूचना आयोगको गठन गऱ्यो ।

सूचनाको हक लोकतन्त्रको सुन्दरतालाई अझै समृद्ध र पारदर्शि बनाउने अभियान हो । सार्वजनिक निकायबाट सम्पादन हुने कार्यहरूबारे नागरिकले देखाउने चासोले ती निकायलाई आफ्नो दायित्वप्रति अझै जिम्मेवार बनाउन सक्नेरहेछ भन्ने विश्वव्यापी अनुभवले सूचना माग्ने र प्राप्त गर्ने नागरिकको अधिकार पछिल्लो समय विश्वभरि नै अभियानका रूपमा लोकप्रिय बन्दै गइरहेको छ । सार्वजनिक निकाय जति धेरै पारदर्शी र जवाफदेही बन्न सक्यो भ्रष्टाचार त्यति नै कम हुने, विधिको शासन, सामाजिक न्याय स्थापना र समग्रमा लोकतन्त्रलाई संस्थागत गर्न र समृद्ध बनाउन सहयोग पुगेको देखिन्छ । प्रजातान्त्रिक व्यवस्थाले प्रदत्त गरेका प्रक्रियाहरू अवलम्बन नगरी गरिएका निर्णयहरू अपारदर्शी हुने, अपारदर्शिताले भ्रष्टाचार बढाउने र भ्रष्टाचारले सुशासन कायम हुन नसक्ने विश्वव्यापी अनुभव रहेको छ ।

नेपालजस्तो लोकतन्त्र र विकासतर्फ भर्खर पाइला बढाइरहेको देशमा सूचना माग्ने र पाउने नागरिकको अधिकारको महत्वबोध गरेरै नेपालको संविधानको धारा २७ मा, 'प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने वा पाउने हक हुनेछ' भनी उल्लेख गरिएको छ । संविधानको धारा २८ मा गोपनियताको हकमा कुनै पनि व्यक्तिको जिउ, आवास, सम्पत्ति, लिखत, तथ्याङ्क, पत्राचार र चरित्रसम्बन्धी विषयको गोपनियता अनतिक्रम्य हुनेछ भनी उल्लेख गरिएको छ ।

सूचनाको हकसम्बन्धी ऐन- २०६४ को दफा ३ को उपदफा (३) मा उल्लेख भएका विषयबाहेक अन्य सूचनामा नेपाली नागरिकको हक तथा पहुँच हुने व्यवस्था पनि सूचनाको हकसम्बन्धी सोही ऐनले गरेको सर्वविदितै छ ।

नेपालको संविधान- २०७२ जारी भएपश्चात् यतिबेला नेपाल संघीय गणतन्त्रको व्यावहारिक कार्यान्वयनको चरणमा क्रियाशील छ । संविधानले व्यवस्था गरेबमोजिम निर्वाचित जनप्रतिनिधिहरूको संघीय संसद् प्रतिनिधि सभा र राष्ट्रिय सभाअन्तर्गत गठित विभिन्न समितिहरू यतिबेला विभिन्न कानुनहरूलाई संविधान अनुकूल वा समयानुकूल परिमार्जन गर्ने तथा नयाँ कानुनहरू निर्माण गर्ने महत्वपूर्ण जिम्मेवारीमा सक्रियरूपले लागेका छन् । यस्ता कानुनहरू परिमार्जन गर्दा र नयाँ निर्माण गर्दा अझै बढी पारदर्शिता र जवाफदेहितासहित सुशासन कायम गर्न आवश्यक रहेको विषयमा जनप्रतिनिधिहरूलाई स्मरण गराइएको हो ।

नेपाल सुशासनसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय सन्धिहरूको पक्ष राष्ट्र हो । सोही अनुरूप नेपाल यस्ता अन्तर्राष्ट्रिय मञ्चहरूमा आबद्ध छ । लोकतान्त्रिक विधिबाट निर्वाचित जनप्रतिनिधिहरूको प्रतिनिधित्व रहेको सर्वोच्च निकाय व्यवस्थापिका अन्तर्गत गठित विभिन्न समितिहरूले नागरिकको मौलिक हकको रूपमा संविधानले नै व्याख्या र व्यवस्था गरेको सूचनाको हकलाई अझै व्यापक बनाउन भूमिका खेल्नेछन् भन्ने आमअपेक्षा छ ।

सामान्यतः सूचनाको हकले संविधान र कानुनमा गोप्य पदावलीको कल्पना गरेको हुँदैन । नेपालको संविधान- ०७२ ले समेत पूर्णतः स्वीकार गरेको सूचनाको हकसम्बन्धी ऐन- २०६४ को दफा ३ को उपदफा (३) मा उल्लेख भएबमोजिमका बाहेक कुनै पनि विषयलाई कानुनी रूपमा गोप्य राख्न वा उल्लेख गर्न आवश्यक देखिंदैन ।

अतः आगामी दिनमा कानुनमा गरिने संशोधन वा परिमार्जन तथा नयाँ कानुन निर्माण गर्दा सूचनाको हकसम्बन्धी ऐन- २०६४ को दफा ३ को उपदफा (३) मा उल्लेख भएबमोजिमका बाहेक कुनै पनि विषयलाई कानुनी रूपमा गोप्य नराख्ने गरी व्यवस्था गर्न सबै विषयगत समितिहरूलाई राष्ट्रिय सूचना आयोग अनुरोध गर्दछ ।

(रत्नप्रसाद मैनाली)	(कमला ओली थापा)	(महेन्द्र मान गुरूङ्ग)
सूचना आयुक्त	सूचना आयुक्त	प्रमुख सूचना आयुक्त

परिच्छेद ५
वित्तीय तथा भौतिक प्रगति

५.१ विनियोजित बजेट र खर्चको विवरण

आर्थिक बर्ष २०७६/७७ मा भएको विनियोजित बजेटमध्ये चालूतर्फ ७६.७ प्रतिशत र पूँजीगततर्फ २३.३ प्रतिशत रहेको थियो । विविध कारणहरूले विनियोजित बजेट सबै खर्च हुन सकेन । चालू खर्च कम हुनुमा तेस्रो चौमासिकको शुरुवातदेखि नै कोरोना भाइरसको महामारी मुख्य कारण रह्यो भने पूँजीगत खर्च कम हुनुको मुख्य कारण आयोगको भवन निर्माणको लागि रकम विनियोजित भई आएको तर भवन निर्माणको लागि जग्गा प्राप्त नहुनु रह्यो । समग्रमा वित्तीय प्रगति ६२.६ प्रतिशत रहेको थियो भने भौतिक प्रगति ६४ प्रतिशत रहेको थियो । विस्तृत विवरण निम्नानुसार तालीकामा उल्लेख गरिएको छ:

तालीका नं. ३: आर्थिक बर्ष २०७६/७७ को विनियोजित बजेट र खर्चको विवरण

ब. उ. शी. नं. ३५८२१०११३					म. ले . प. फा. नं. १३
वजेट शीर्षक नं.	वजेट शीर्षक	बार्षिक बजेट	०७७ असार महिनासम्मको खर्च	बाँकी	
				वजेट	कै.
२११११	पारिश्रमिक कर्मचारी	११५०००००	९,४४७,८६०।४०	२,०५२,१३९।६०	
२१११२	पारिश्रमिक पदाधिकारी	२७२१०००	२,७२०,००६।२०	९९३।८०	
२११२१	पोशाक	४०००००	३२०,०००।००	८०,०००।००	
२११२३	औषधी उपचार	२०००००	१६१,८४२।००	३८,१५८।००	
२११३२	महंगी भत्ता	५००००००।००	३९१,२६६।००	१०८,७३४।००	
२११३४	कर्मचारीको बैक भत्ता	२००००००।००	२००,०००।००	०।००	
२११३९	अन्य भत्ता	२००००००।००	१९९,०००।००	१,०००।००	
२११४१	पदाधिकारी बैठक भत्ता	३००००००।००	३००,०००।००	०।००	
२१२१३	योगदानमा आधारित विमाकोष खर्च	१००००००।००	७२,४००।००	२७,६००।००	
२१२२९	पदाधिकारीको अन्य सा.सु खर्च	४००००००।००	१३२,०८२।००	२६७,९१८।००	
२२१११	पानी तथा विजुली	५००००००।००	४४९,३४०।००	५०,६६०।००	
२२११२	सञ्चार महसुल	६००००००।००	३३३,६९७।००	२६६,३०३।००	
२२२११	इन्धन (पदाधिकारी)	३००००००।००	२९९,०८१।००	९१९।००	
२२२१२	इन्धन (कार्यालय प्रयोजन)	७००००००।००	६९९,८९९।००	१०१।००	
२२२१३	सवारी साधन मर्मत खर्च	१४००००००।००	१,४००,०००।००	०।००	
२२२१४	विमा तथा नविकरण खर्च	६२००००।००	६२०,०००।००	०।००	
२२३११	मसलन्द तथा कार्यालय सामाग्री	१३००००००।००	१,३००,०००।००	०।००	
२२३१३	पुस्तक तथा सामाग्री खर्च	२००००००।००	१९९,९३५।००	६५।००	
२२३१४	इन्धन अन्य प्रयोजन	२००००००।००	१७२,०२४।००	२७,९७६।००	
२२३१५	पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन	३००००००।००	१३५,८२६।००	१६४,१७४।००	
२२४११	सेवा र परामर्श खर्च	६००००००।००	५२५,९८४।००	७४,०१६।००	
२२४१३	करार सेवा शुल्क	४६००००००।००	४,१५१,६१०।९०	४४८,३८९।१०	
२२५१२	सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठि सम्बन्धी खर्च	३९००००००।००	९४०,७११।००	२,९५९,२८९।००	
२२५२२	कार्यक्रम खर्च	५७००००००।००	३,९२६,२५३।००	१,७७३,७४७।००	
२२५२९	विविध कार्यक्रम खर्च	८००००००।००	५,४८६,५५५।००	२,५१३,४४५।००	
२२६११	अनुगमन मुल्यांकन खर्च	१००००००।००	३९३,०७१।००	६०६,९२९।००	
२२७११	विविध खर्च	६००००००।००	६००,०००।००	०।००	
२८१४२	घरभाडा	३३००००००।००	३,०३६,०००।००	२६४,०००।००	
	जम्मा	५०३४१०००।०	३८,६१४,४४३।५०	११,७२६,५५६।५०	
	वित्तीय प्रगति	६२.६०			
	भौतिक प्रगति	६४			

५.२ विगत आठ वर्षको विनियोजित बजेट र खर्चको विवरण

विभिन्न विगत आठ आर्थिक बर्षहरूमा भएको विनियोजित बजेट, खर्च रकम र सोको प्रतिशत निम्न तालीका नं. ४ मा प्रस्तुत गरिएको छ:

तालीका नं. ४: विगत आठ वर्षको विनियोजित बजेट र खर्चको विवरण

सि नं.	आर्थिक वर्ष	बिनियोजित बजेट (रु हजारमा)	खर्च बजेट (रु हजारमा)	खर्च प्रतिशत
१	२०७६।७७	६२३४१	३९०३०	६२.६१
२	२०७५।७६	५०३९९	४१०७२	८१.५
३	२०७४।७५	५२०४५	४७८००	९१.९
४	२०७३।७४	३९२०१	३८१२२	९७.३
५	२०७२।७३	३१३३३	२८४४०	९०.८
६	२०७१।७२	२३४६४	१८७५७	८०
७	२०७०।७१	२२८९३	१८६९९	८१.७
८	२०६९।७०	१५५८९	१५४५३	९९.२

चार्ट नं. २: विगत आठ वर्षको विनियोजित बजेट र खर्चको विवरण



५.३ आयोगका पदाधिकारीहरूले लिएको भुक्तानीको विवरण

आर्थिक बर्ष २०७६/७७ मा आयोगका पदाधिकारीहरूले सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम (१०), नियम (११), नियम (१२), नियम (१३), नियम (१४), नियम (१५) र बेलाबेलामा नेपाल सरकारले निर्णय गरी तोके बमोजिम लिएको तलब, भत्ता, घरभाडा, मर्मत खर्च, टेलिफोन, धारा र बिजुली बापतको खर्च, उपचार खर्च र दैनिक भ्रमण भत्ताको विवरण निम्न तालीका नं. ५ मा दिइएको छ ।

तालीका नं. ५: आर्थिक बर्ष २०७६/७७ मा आयोगका पदाधिकारीहरूले लिएको भुक्तानीको विवरण

नाम	तलब चाड पर्व समेत	आयोगको बैठक भत्ता	घर मर्मत/भाडा	टेलिफोन/ धारा/ बिजुली	उपचार खर्च	दैनिक भ्रमण भत्ता	कूल जम्मा	पेट्रोल लि.
कृष्णहरि बास्कोटा	४६३१५४	४००००	८६९०	८६९०	३२९६६	६०१२०	६१३६२०	५१०
किरण कुमार पोखरेल	४३७६१२	३००००	६६०४१	८६९०	३२२१०	५८४००	६३२९५३	५५०
यशोदादेवी तिम्सिना	४३७६१२	३६०००	६६०४१	८६९०	३२२१०	११४००६	६९४५५९	६५०
महेन्द्रमान गुरुङ्ग	४२३१८६	१२०००	९०००	९०००	६०००	०	४५९१८६	५९०
कमला ओली थापा	३९९८४८	१२०००	७२००	९०००	२८६३०	०	४५६६७८	४९०
रत्नप्रसाद मैनाली	३९९८४८	८०००	७२००	९०००	२९८२६	२८७५०	४८२६२४	४६०

परिच्छेद ६

आयोगबाट सम्पन्न भएका प्रमुख कार्यक्रमहरू

६.१ पृष्ठभूमी

नेपालको संविधानको धारा २७ मा प्रत्येक नेपाली नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हकको व्यवस्था छ। सोही परिप्रेक्षमा वैयक्तिक स्वतन्त्रताको सम्मान गर्दै सरकारलाई खुल्ला र पारदर्शी बनाई जनताप्रति जवाफदेही बनाउन वर्तमान नेपालको संविधानको भाग ३ मा भएको मौलिक हक र कर्तव्य अन्तर्गत दफा २७ प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ भनी सूचनाको हकलाई संवैधानिक व्यवस्था गरिएको छ।

संवैधानिक रूपमा व्यवस्था भएको सूचनाको हकसम्बन्धी व्यवस्थालाई कार्यान्वयन गर्न सूचनाको हकसम्बन्धी ऐन, २०६४ को व्यवस्था गरिएको छ। सोही ऐनको आधारमा सूचनाको हक संरक्षण, सम्बर्द्धन र प्रचलन गर्ने कामको लागि एक स्वतन्त्र राष्ट्रिय सूचना आयोग रहने व्यवस्था भएको छ। राष्ट्रिय सूचना आयोगले सूचनाको हकसम्बन्धी ऐन, २०६४ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ ले निर्धारण गरेका उद्देश्य तथा लक्ष्य प्राप्तिका लागि विविध कार्यक्रमहरू सम्पादन गरेको छ। यस परिच्छेदमा आयोगले आर्थिक वर्ष २०७६/७७ मा सम्पादन गरेको प्रमुख कार्यहरूको वारेमा संक्षिप्त प्रकाश पारिएको छ। यसै सन्दर्भमा प्रवर्द्धनात्मक कार्य अन्तर्गत प्रदेशका प्रदेश सभा सदस्य देशका विभिन्न जिल्लाहरूमा न्यायाधीश, न्यायाधिवक्ता, कार्यालय प्रमुख, सूचना अधिकारी, सञ्चारकर्मी, नेपाल बार एशोसिएसन संग आवद्ध कानून व्यवसायी, स्थानीय जनप्रतिनिधी, एवं पेशागत संघसस्थाका प्रतिनिधिहरूका लागि आयोगद्वारा देशका विभिन्न भागमा विभिन्न मितिमा सूचनाको हकसम्बन्धी अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रमहरू सम्पन्न गरिएको थियो।

कार्यक्रमको उद्देश्यहरू देहाय अनुरूपका थिए:

- सूचनाको हकसम्बन्धी जनप्रतिनिधी, न्यायकर्मी, राष्ट्रसेवक कर्मचारी र आम नागरिकमा सचेतना फैलाउने।
- सार्वजनिक निकायका जिम्मेवार पदाधिकारीहरूलाई नागरिकको सूचनाको हकको सम्मान गर्न उत्प्रेरित गर्ने।
- सार्वजनिक निकायहरूलाई तीन/तीन महिनामा आ-आफ्नो निकायको विवरण सार्वजनिक गर्न प्रोत्साहित गर्ने।
- सवै सार्वजनिक निकायमा सूचना अधिकारी तोक्न लगाउने र तोकिएका सूचना अधिकारीलाई तालिम र अभिमूखीकरण कार्यक्रमहरू मार्फत सक्षम बनाउने।
- सार्वजनिक निकायमा सूचना माग्नेको विवरण छुट्टै अभिलेखमा राख्ने पद्धति विकास गरि एकरूपता अपनाउन प्रेरित गर्ने।
- कानूनले तोकेकै अवधिभित्र माग भएको सूचना दिन जिम्मेवार पदाधिकारीहरूलाई उत्प्रेरित गर्ने र नागरिकले पाउनु पर्ने सूचना नपाएमा उजूरी वा पुनरावेदन गर्ने निकायको बारेमा जानकारी दिने।
- ऐनमा व्यवस्था भएको सूचनाको वर्गीकरण गरी दिनु पर्ने/नपर्ने सूचनाको जानकारी प्रदान गर्ने।
- सूचनाको हकसम्बन्धी ऐन नियमको व्यवस्था र विश्वव्यापी प्रचलन वारे जानकारीमूलक सन्देश प्रवाह गर्ने गराउने।

६.२ उच्च अदालतका माननीय न्यायधीशहरू लक्षित कार्यक्रमहरू

आयोगबाट उच्च अदालत र जिल्ला अदालत मोरङ, बिराटनगर उच्च अदालत, र जिल्ला अदालत दाङ्ग, तुल्सीपुर, उच्च अदालत, जिल्ला अदालत रूपन्देही, बुटवलका मा. न्यायाधीशहरू, सम्बन्धित जिल्लाका न्यायाधिवक्ताहरू तथा बार एशोसिएसनका कानून व्यवसायीहरूसँग सूचनाको हकको प्रचलनका सम्बन्धमा बिशेष अन्तरक्रिया, सूचनाको हकमा महिला सशक्तिकरण कार्यक्रम प्रदेश सभाका माननीय सदस्यहरूसँग अन्तरक्रिया कार्यक्रम, जिल्लास्तरीय अभिमूखिकरण कार्यक्रम सम्पन्न भएको थियो ।

६.२.१ उच्च अदालत एवं जिल्ला अदालतका मा. न्यायाधीश, न्यायाधिवक्ता तथा बार एशोसिएसनका कानून व्यवसायीहरूसँग अन्तरक्रियाः मोरङ

प्रदेश नं. १ को राजधानी मोरङ जिल्लाको बिराटनगरमा मिति २०७६ भाद्र ९ गते सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रमको लागि आयोगका प्रमुख सूचना आयुक्त श्री कृष्णहरि बास्कोटा, आयुक्त श्री किरण कुमार पोखरेल, सचिव श्री मणिराम ओझा, उप सचिव श्री बाबुराजा श्रेष्ठ, नायब सुब्बा श्री मोहन बहादुर बुढाथोकी, टोलीले विराटनगर उच्च अदालतको सभाहलमा सोही अदालतका मा. मुख्य न्यायाधिश श्री विनोद शर्मा प्रमुख अतिथ्यतामा मुख्य न्यायाधिवक्ता, उच्च अदालतका मा. न्यायाधिशहरू, जिल्ला अदालतका मा. न्यायाधिशहरू, उच्च तथा जिल्ला अदालत बारका अध्यक्ष, नेपाल बार एशोसिएसनका पदाधिकारी, कानून व्यवसायीहरू, रजिष्टार, श्रेस्तेदार, सरकारी वकील कार्यालयका कर्मचारीको उपस्थिति रहेको थियो ।

उच्च अदालतका रजिष्टार श्री खगेन्द्र कट्टेलले कार्यक्रम सञ्चालन गर्नु भएको थियो । कार्यक्रममा स्वागत मन्तव्य आयोगका सचिवले दिनु भयो भने सूचनाको हक सम्बन्धमा प्रस्तुतिकरण प्रमुख सूचना आयुक्त तथा आयुक्तले गर्नु भएको थियो । अन्तमा कार्यक्रमका प्रमुख अतिथि उच्च अदालतका मा. मुख्य न्यायाधिशले मन्तव्य दिदै कार्यक्रम अत्यन्तै रोचक र जानकारीमूलक रहेको भनाई व्यक्त गर्नु भई कार्यक्रम सम्पन्न भएको थियो । यस कार्यक्रममा ११४ जनाको उपस्थिति रहेको थियो ।

६.२.२ उच्च अदालत एवं जिल्ला अदालतका मा. न्यायाधीश, न्यायाधिवक्ता तथा बार एशोसिएसनका कानून व्यवसायीहरूसँग अन्तरक्रियाः दाङ्ग

दाङ्ग जिल्लामा मिति २०७६ भाद्र २६ गते सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रमको लागि आयोगका प्रमुख सूचना आयुक्त श्री कृष्णहरि बास्कोटा, आयुक्त श्री किरण कुमार पोखरेल, आयुक्त श्री यशोदा देवी तिम्सिना, सचिव श्री मणिराम ओझा, उप सचिव श्री बाबुराम पाण्डेको टोलीले तुल्सीपुरमा दाङ्ग जिल्ला अदालत, तुल्सीपुर उच्च अदालतका मा. न्यायाधीशहरू, सम्बन्धित जिल्लाका न्यायाधिवक्ताहरू तथा बार एशोसिएसनका कानून व्यवसायीहरूको उपस्थितिमा कार्यक्रम सञ्चालन भएको थियो । उक्त कार्यक्रमको सभापतित्व आयोगका प्रमुख सूचना आयुक्त श्री कृष्णहरि बास्कोटाले गर्नुभएको थियो भने प्रमुख अतिथिको आशन ग्रहण मा. मुख्य न्यायाधीश श्री रमेश कुमार पोखरेलले गर्नुभएको थियो । कार्यक्रममा आयोगका सचिवले स्वागत मन्तव्य दिनु भयो भने प्रमुख सूचना आयुक्त तथा आयुक्तले सूचनाको हक सम्बन्धमा प्रस्तुतीकरण गर्नु भएको थियो ।

अन्तमा कार्यक्रमका प्रमुख अतिथि उच्च अदालतका मा. मुख्य न्यायधिशले मन्तव्य दिदै कार्यक्रम अत्यन्तै महत्वपूर्ण र जानकारीमूलक रहेको भनाई व्यक्त गर्नु भयो । आयोगका प्रमुख सूचना आयुक्त श्री कृष्णहरि बास्कोटाले सवै सहभागीलाई उपस्थितिका लागि धन्यवाद ज्ञापन गर्दै कार्यक्रमको समापन गर्नुभएको थिया । यस कार्यक्रममा ८० जनाको उपस्थिति रहेको थियो ।

६.२.३ उच्च अदालत एवं जिल्ला अदालतका मा. न्यायाधीश, न्यायाधिवक्ता तथा बार एशोसिएसनका कानून व्यवसायीहरूसँग अन्तरक्रियाः बुटवल

वुटवलमा मिति २०७६ भाद २७ गते आयोजित सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रममा आयोगका प्रमुख सूचना आयुक्त श्री कृष्णहरि बास्कोटा, आयुक्त श्री किरण कुमार पोखरेल, आयुक्त श्री यशोदा देवी तिम्सिना, सचिव श्री मणिराम ओझा, उप सचिव श्री बाबुराम पाण्डेको टोली र रूपन्देहीमा, जिल्ला अदालत रूपन्देही, मा. न्यायाधीशहरू, सम्बन्धित जिल्लाका न्यायाधिवक्ताहरू तथा बार एशोसिएसनका कानून व्यवसायीहरूको उपस्थितिमा कार्यक्रम सञ्चालन भएको थियो ।

कार्यक्रमको सभापतित्व आयोगका प्रमुख सूचना आयुक्त श्री कृष्णहरि बास्कोटाले गर्नुभएको थियो भने प्रमुख अतिथिको आशन ग्रहण मा. मुख्य न्यायाधीश श्री शेषराज सिवाकोटीले गर्नु भएको थियो । कार्यक्रममा आयोगका सचिवले स्वागत मन्तव्य दिनु भयो भने प्रमुख सूचना आयुक्त तथा आयुक्तले सूचनाको हक सम्बन्धमा प्रस्तुतीकरण गर्नु भएको थियो। अन्तमा कार्यक्रमका प्रमुख अतिथि उच्च अदालतका मा. मुख्य न्यायाधीशले मन्तव्य दिदै कार्यक्रम अत्यन्तै उपलब्धिमूलक र जानकारीमूलक रहेको भनाई व्यक्त गर्नु भयो । कार्यक्रमको समापन मन्तव्य आयोगका प्रमुख सूचना आयुक्त श्री कृष्णहरि बास्कोटाले सवै सहभागीलाई उपस्थितिका लागि धन्यवाद ज्ञापन गर्दै कार्यक्रमको समापन गर्नुभएको थिया । यस कार्यक्रममा ८० जनाको उपस्थिति रहेको थियो ।

६.३ सूचनाको हकमा महिला सशक्तीकरण सम्बन्धि कार्यक्रम

सूचनाको हक सम्बन्धी ऐनको कार्यान्वयन सम्बन्धमा अन्तरक्रिया कार्यक्रम मिति २०७६ माघ २८ गते काठमाडौंमा सम्पन्न भयो । उक्त कार्यक्रमका प्रमुख अतिथि माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री गोकुल प्रसाद बास्कोटा, विशेष अतिथिको रूपमा विकास तथा प्रविधि समितिका माननीय सभापति श्री कल्याणी कुमारी खड्का, नेपाल पत्रकार महासंघका उपाध्यक्ष श्री विपुल पोखरेल, राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त श्री महेन्द्रमान गुरुङ्ग, सूचना आयुक्त श्री कमला ओली, सूचना आयुक्त रत्न प्रसाद मैनाली र आयोगका सचिव श्री मणिराम ओझाको उपस्थिति थियो । कार्यक्रममा संघीय मन्त्रालयका सूचना अधिकारीहरू, महिला अधिकृतहरू, नेपाल बार एशोसिएसन, जिल्ला बार एशोसियसनका महिला पदाधिकारीहरू संचारकर्मीहरू, सुरक्षा निकायका महिला अधिकृतहरू, विभिन्न संघ संस्थामा कार्यरत महिला प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

कार्यक्रमका प्रमुख अतिथि माननीय संचार तथा सूचना प्रविधि मन्त्री श्री गोकुल प्रसाद बास्कोटाले नवनियुक्त आयुक्तलाई बधाई ज्ञापन गर्नुभयो । वहाँले आधा आकाश ढाकेका महिलाहरू हरेक क्षेत्रमा सक्रिय हुनुहुन्छ भन्दै नेपालको संविधानमै महिलाको लागि ३३ प्रतिशत आरक्षणको व्यवस्था गरी हरेक क्षेत्र तह तप्कामा महिलाको सहभागिताको क्रम बढ्दो रहेको बताउनुभयो । साथै उहाँले यस्ता कार्यक्रमहरू केन्द्रमा मात्र नभई तराई क्षेत्र, दूरदराजमा आयोजना गर्नु जरुरी छ भन्नुभयो । कार्यक्रमका अध्यक्ष एवं राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त महेन्द्रमान गुरुङ्गले बर्तमान आयोगको पहिलो कार्यक्रम सहभागीहरूसँग परिचय गर्ने हिसाबले पनि केन्द्रमा आयोजना गरेको र आगामी दिनहरूमा यस्ता कार्यक्रमहरू माननीय मन्त्रीज्यूले भने जस्तै दूरदराजमा गएर आयोजना गर्ने सोच आयोगले बनाएको छ भन्नु भयो । सूचना आयुक्त कमला ओली थापा र राष्ट्रिय किताबखानाकी महानिर्देशक श्री गीता कुमारी होमेगाईले उक्त अवसरमा कार्यपत्र प्रस्तुतीकरण गर्नु भएको थियो । कार्यक्रमको समापन सूचना आयुक्त श्री रत्नप्रसाद मैनालीले गर्नु भएको थियो । यस कार्यक्रममा १२३ जनाको सहभागिता रहेको थियो ।

६.४ प्रदेश सभाका माननीय सदस्यहरूसँग अन्तरक्रिया कार्यक्रम

प्रदेश नं. १ का प्रदेश सभाका माननीय सदस्यहरूसँग सूचनाको हकसम्बन्धी ऐनको कार्यान्वयन सम्बन्धमा अन्तरक्रिया कार्यक्रम मिति २०७६ भाद्र ९ गते विराटनगरमा सम्पन्न भएको थियो । कार्यक्रममा प्रदेश नं. १ का आर्थिक मामिला तथा योजना मन्त्री श्री इन्द्र बहादुर आङ्वोका साथै माननीय उपसभामुख श्री सरस्वती पोखरेलको उपस्थिति थियो । त्यसैगरि आयोगका प्रमुख सूचना आयुक्त श्री कृष्णहरी बास्कोटा, सूचना आयुक्त श्री किरण कुमार पोखरेल र सचिव श्री मणिराम ओझाको उपस्थिति थियो । उक्त कार्यक्रममा प्रदेश सभाका माननीय सदस्यहरू, प्रदेश सभा तथा मन्त्रालयका सचिवहरू, प्रमुख जिल्ला अधिकारी, सूचना अधिकारीहरू र सञ्चारकर्मीहरूको उपस्थिति रहेको थियो । कार्यक्रमको अध्यक्षता माननीय उपसभामुख श्री सरस्वती पोखरेलले गर्नु भएको थियो भने प्रमुख अतिथिको आसन सोही प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्रालयका माननीय मन्त्री श्री इन्द्र बहादुर आङ्वाले गर्नु भएको थियो ।

कार्यक्रमको उद्घाटन प्रमुख अतिथि माननीय आर्थिक मामिला तथा योजना मन्त्रीले दीप प्रज्वलन गरेर गर्नु भएको थियो भने आयोगका सचिवले स्वागत मन्तव्य एवं कार्यक्रमको उद्देश्य बारे प्रकाश पार्नु भएको थियो । प्रमुख सूचना आयुक्त श्री कृष्णहरी बास्कोटा र सूचना आयुक्त श्री किरण कुमार पोखरेलले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । कार्यक्रममा प्रमुख अतिथिले सूचनाको हक संविधानले प्रदत्त गरेको मौलिक अधिकार अन्गर्तत ऐनमा भएका व्यवस्थाहरूको जानकारी गराउनु भएकोमा आयोजक संस्था राष्ट्रिय सूचना आयोगलाई धन्यवाद ज्ञापन गर्नु भयो । अन्तमा कार्यक्रमको समापन मन्तव्य दिदै कार्यक्रमा अध्यक्षता गर्नु भएकी माननीय उपसभामुख श्री सरस्वती पोखरेलले अत्यन्तै महत्वपूर्ण कार्यक्रम आयोजना गरेकोमा आयोगका टोलीलाई धन्यवाद दिनु हुँदै कार्यक्रम समापन भएको घोषणा गर्नु भएको थियो । उक्त कार्यक्रमा ११८ जनाको सहभागिता रहेको थियो ।

६.५ जिल्लास्तरीय अभिमूखीकरण कार्यक्रम

६.५.१ डोल्पा जिल्लामा आयोजित सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रम

राष्ट्रिय सूचना आयोगले सूचनाको हकसम्बन्धी ऐन, २०६४ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ ले निर्धारण गरेका उद्देश्य तथा लक्ष्य प्राप्तिका लागि प्रवर्द्धनात्मक कार्य अन्तर्गत डोल्पा जिल्लाका कार्यालय प्रमुख, सूचना अधिकारी सञ्चारकर्मी एवं पेशागत संघसस्थाका प्रतिनिधिहरूका लागि आयोजित सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रम मिति २०७६ कार्तिक ४ गते डोल्पा जिल्लाको सदरमुकाम दुनैमा सम्पन्न भयो । उक्त कार्यक्रमको सभापतित्व प्रमुख जिल्ला अधिकारी श्री मुकेश कुमार केशरीले गर्नुभएको थियो । उक्त कार्यक्रममा सूचना आयुक्त यशोदादेवी तिमिल्सिना, राष्ट्रिय सूचना आयोगका सचिव श्री मणिराम ओझा ,सहसचिव कुमार प्रसाद दाहालको उपस्थिति थियो । साथै सुरक्षा निकायका प्रमुखहरू, सूचना अधिकारीहरू, राजनीतिक दलका प्रतिनिधिहरू, संचारकर्मीहरू, जिल्लामा कार्यरत विभिन्न संघ संस्थाका प्रतिनिधिहरूको उपस्थिति थियो । डोल्पा जिल्लाका जनप्रतिनिधि, कार्यालय प्रमुख, सूचना अधिकारी, अधिकारकर्मी एवं संचारकर्मी लगायत नागरिक समाजका प्रतिनिधिहरूसँग सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रममा स्वागत मन्तव्य आयोगका सहसचिव कुमार प्रसाद दाहालले व्यक्त गर्नुभएको थियो । यस कार्यक्रममा ३४ जनाको सहभागिता रहेको थियो ।

६.५.२ महोत्तरी जिल्लामा आयोजित सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रम

महोत्तरी जिल्लाका कार्यालय प्रमुख, सूचना अधिकारी, सञ्चारकर्मी एवं पेशागत संघसस्थाका प्रतिनिधिहरूका लागि आयोजित सूचनाको हक सम्बन्धी ऐनको कार्यान्वयन सम्बन्धमा अभिमुखीकरण कार्यक्रम मिति २०७६ साल कार्तिक २२ गते महोत्तरी जिल्लाको जलेश्वरस्थित जिल्ला समन्वय समितिको सभाहलमा सम्पन्न भयो । उक्त कार्यक्रममा राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त श्री यशोदादेवी तिम्सिना, आयोगका सचिव श्री मणिराम

ओझा र सह सचिव श्री कुमार प्रसाद दाहालको उपस्थिति थियो । कार्यक्रमको सभापतित्व उक्त जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री सूर्य बहादुर खत्रिले गर्नु भएको थियो भने प्रमुख अतिथिको आशन ग्रहण जिल्ला समन्वय समितिका प्रमुख सुरेश प्रसाद सिंहले गर्नुभएको थियो । कार्यक्रममा माननीय जिल्ला न्यायाधिशहरू, राजनीतिक दलका प्रतिनिधिहरू, कार्यालय प्रमुखहरू, सुरक्षा निकायका प्रमुखहरू, नेपाल पत्रकार महासंघका जिल्ला अध्यक्ष, नेपाल पत्रकार महासंघका पूर्व जिल्ला अध्यक्षहरूको उपस्थिति थियो । कार्यक्रममा महोत्तरी जिल्लाका बहुसंख्यक सार्वजनिक निकायका कार्यालय प्रमुखहरू, सूचना अधिकारीहरू, राजनीतिक दलका प्रतिनिधिहरू, सुरक्षा निकायका अधिकारीहरू, संचारकर्मीहरू, जिल्लामा कार्यरत विभिन्न संघ संस्थाका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।

कार्यक्रममा स्वागत मन्तव्य आयोगका सचिव श्री मणिराम ओझाले गर्नु भएको थियो । मन्तव्यको क्रममा आयोगको छोटो समयको निमन्त्रणालाई स्वीकार गरी कार्यक्रममा उपस्थित हुनुभएकोमा उपस्थित सबैलाई धन्यवाद दिनुभएको थियो । कार्यक्रमको उद्घाटनमा जिल्ला समन्वय समितिका प्रमुख श्री सुरेश प्रसाद सिंहले सूचनाको हकको माध्यमबाट राज्यले प्रदान गर्ने सेवा सुविधाहरूको बारेमा जानकारी प्राप्त गर्न सहज हुने कुरा बताउनुभयो । सूचनाको हकसम्बन्धी अभिमूखीकरण कार्यक्रम गर्दै हिड्दा माग पक्ष र आपूर्ति पक्षहरूलाई सूचनाको हकको महत्वका बारेमा जानकारी हासिल हुन्छ भन्दै वर्तमान समयमा सूचना जोसँग धेरै सूचना छ त्यो नै शक्तिशाली हुने हुँदा सूचनाको बारेमा सबैलाई सुसुचित हुनुपर्ने कुरा बताउनुभयो । कार्यक्रममा सूचना आयुक्त श्री यशोदादेवी तिमिल्सिनाले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो भने कार्यक्रमका अध्यक्ष प्रमुख जिल्ला अधिकारी श्री सुर्य प्रसाद खत्रीले सूचना आयोगले महत्वपूर्ण कार्यक्रम आयोजना गरेर माग पक्ष र आपूर्ति पक्षलाई एउटै थलोमा भेला गरी सूचनाको हकसम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५ को बारे जानकारी गराउनु भएकोमा धन्यवाद प्रकट गर्नु भएको थियो । यस कार्यक्रममा १०० जनाको सहभागिता रहेको थियो ।

६.५.३ रुकुम पूर्व जिल्लामा आयोजित सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रम

राष्ट्रिय सूचना आयोगले सूचनाको हकसम्बन्धी ऐन, २०६४ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ ले निर्धारण गरेका उद्देश्य तथा लक्ष्य प्राप्तिका लागि प्रवर्द्धनात्मक कार्य अन्तर्गत रुकुम पूर्व जिल्लाका कार्यालय प्रमुख, सूचना अधिकारी, सञ्चारकर्मी एवं पेशागत संघसस्थाका प्रतिनिधिहरूका लागि आयोजित सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रम मिति २०७६ कार्तिक २७ गते रुकुम पूर्व जिल्लाको सदरमुकाममा सम्पन्न भयो ।

कार्यक्रममा प्रमुख अतिथि जिल्ला समन्वय समितिका प्रमुख गजेन्द्र बहादुर ओली हुनुहुन्थयो । उक्त कार्यक्रममा प्रमुख सूचना आयुक्त श्री कृष्णहरि बास्कोटा, सचिव श्री मणिराम ओझा र उप सचिव श्री बाबुराम पाण्डेको उपस्थिति थियो । साथै, सुरक्षा निकायका प्रमुखहरू, सूचना अधिकारीहरू, राजनीतिक दलका प्रतिनिधिहरू, संचारकर्मीहरू, जिल्लामा कार्यरत विभिन्न संघ संस्थाका प्रतिनिधिहरूको उपस्थिति थियो । रुकुम पूर्व जिल्लाका जनप्रतिनिधि, कार्यालय प्रमुख, सूचना अधिकारी, अधिकारकर्मी एवं संचारकर्मी लगायत नागरिक समाजका प्रतिनिधिहरूसँग भएको सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रममा स्वागत मन्तव्य दिंदै सूचनाको हकको महत्वको वारेमा आयोगका सचिव श्री मणिराम ओझाले चर्चा गर्नुभएको थियो । यस कार्यक्रममा १०३ जनाको सहभागिता रहेको थियो ।

६.५.४ सल्यान जिल्लामा आयोजित सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रम

राष्ट्रिय सूचना आयोगले सूचनाको हकसम्बन्धी ऐन, २०६४ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ ले निर्धारण गरेका उद्देश्य तथा लक्ष्य प्राप्तिका लागि प्रवर्द्धनात्मक कार्य

अन्तर्गत सल्यान जिल्लाका कार्यालय प्रमुख सूचना, अधिकारी सञ्चारकर्मी एवं पेशागत संघसस्थाका प्रतिनिधिहरूका लागि आयोजित सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रम मिति २०७६ कार्तिक २८ गते सल्यान जिल्लाको सदरमुकाममा सम्पन्न भयो ।

उक्त कार्यक्रममा प्रमुख अतिथि जिल्ला समन्वय समितिका प्रमुख केश वहादुर विष्ट हुनुहुन्थ्यो भने आयोगको तर्फबाट प्रमुख सूचना आयुक्त श्री कृष्णहरि बास्कोटा, सचिव श्री मणिराम ओझा, उप सचिव श्री बाबुराम पाण्डेको उपस्थिति थियो । साथै, सुरक्षा निकायका प्रमुखहरू, सूचना अधिकारीहरू, राजनीतिक दलका प्रतिनिधिहरू,संचारकर्मीहरू, जिल्लामा कार्यरत विभिन्न संघ संस्थाका प्रतिनिधिहरूको उपस्थिति थियो । रुकुम पूर्व जिल्लाका जनप्रतिनिधि, कार्यालय प्रमुख, सूचना अधिकारी, अधिकारकर्मी एवं संचारकर्मी लगायत नागरिक समाजका प्रतिनिधिहरूसँग सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रममा स्वागत मन्तव्य दिंदै आयोगका सचिव श्री मणिराम ओझाले वर्तमान समयमा संविधानले प्रत्याभूत गरेको सूचनाको हक प्रचलन गराउन यस्ता कार्यक्रमहरूको ठूलो महत्व हुने विचार व्यक्त गर्नुभएको थियो । यस कार्यक्रममा ९५ जनाको सहभागिता रहेको थियो ।

६.५.५ पाल्पा जिल्लामा आयोजित सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रम

राष्ट्रिय सूचना आयोगले सूचनाको हकसम्बन्धी ऐन, २०६४ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ ले निर्धारण गरेका उद्देश्य तथा लक्ष्य प्राप्तिका लागि प्रवर्द्धनात्मक कार्य अन्तर्गत पाल्पा जिल्लाका कार्यालय प्रमुख सूचना, अधिकारी सञ्चारकर्मी एवं पेशागत संघसस्थाका प्रतिनिधिहरूका लागि आयोजित सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रम मिति २०७६ मंसिर ८ गते पाल्पा जिल्लाको सदरमुकाम तानसेनमा सम्पन्न भयो ।

यस कार्यक्रमको सभापतित्व प्रमुख जिल्ला अधिकारी श्री उमेश ढकालले गर्नुभएको थियो भने प्रमुख अतिथिको आशन ग्रहण सूचना आयुक्त यशोदादेवी तिमिलसिनाले गर्नुभएको थियो । कार्यक्रमको विशेष अतिथि जिल्ला समन्वय समितिका उपप्रमुख मिरा मरासिनीले गर्नुभएको थियो । साथै सुरक्षा निकायका प्रमुखहरू, सूचना अधिकारीहरू ,संचारकर्मीहरू, जिल्लामा कार्यरत विभिन्न संघ संस्थाका प्रतिनिधिहरूको उपस्थिति थियो । पाल्पा जिल्लाका जनप्रतिनिधि, कार्यालय प्रमुख, सूचना अधिकारी, अधिकारकर्मी एवं संचारकर्मी लगायत नागरिक समाजका प्रतिनिधिहरूसँग भएको यस सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रममा स्वागत मन्तव्य दिंदै आयोगका सहसचिव श्री कुमार प्रसाद दाहालले सूचनाको हकको महत्वका विविध पक्षमा चर्चा गर्नुभएको थियो । यस कार्यक्रममा ९० जनाको सहभागिता रहेको थियो ।

६.५.६ गुल्मी जिल्लामा आयोजित सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रम

राष्ट्रिय सूचना आयोगले सूचनाको हकसम्बन्धी ऐन, २०६४ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ ले निर्धारण गरेका उद्देश्य तथा लक्ष्य प्राप्तिका लागि प्रवर्द्धनात्मक कार्य अन्तर्गत गुल्मी जिल्लाका कार्यालय प्रमुख सूचना, अधिकारी सञ्चारकर्मी एवं पेशागत संघसस्थाका प्रतिनिधिहरूका लागि आयोजित सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रम मिति २०७६ मंसिर ९ गते गुल्मी जिल्लाको सदरमुकाम तम्घासमा सम्पन्न भयो ।

कार्यक्रमको सभापतित्व प्रमुख जिल्ला अधिकारी कोशहरी निरौलाले गर्नुभएको थियो भने प्रमुख अतिथिको आशन ग्रहण सूचना आयुक्त यशोदादेवी तिमिलसिनाले गर्नुभएको थियो । यस कार्यक्रममा राष्ट्रिय सूचना आयोगका सहसचिव कुमार प्रसाद दाहालको साथै सुरक्षा निकायका प्रमुखहरू, सूचना अधिकारीहरू, संचारकर्मीहरू, जिल्लामा कार्यरत विभिन्न संघ संस्थाका प्रतिनिधिहरूको उपस्थिति थियो । गुल्मी जिल्लाका जनप्रतिनिधि, कार्यालय प्रमुख, सूचना अधिकारी, अधिकारकर्मी एवं संचारकर्मी लगायत नागरिक समाजका प्रतिनिधिहरूसँग

सूचनाको हकसम्बन्धी भएको यस अन्तरक्रिया कार्यक्रममा स्वागत मन्तव्य आयोगका सहसचिव कुमार प्रसाद दाहालले दिनु भएको थियो। यस कार्यक्रममा १३५ जनाको सहभागिता रहेको थियो ।

६.५.७ सुस्ता पूर्व नवलपरासी जिल्लामा आयोजित सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रम

राष्ट्रिय सूचना आयोगले सूचनाको हकसम्बन्धी ऐन, २०६४ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ ले निर्धारण गरेका उद्देश्य तथा लक्ष्य प्राप्तिका लागि प्रवर्द्धनात्मक कार्य अन्तर्गत सुस्ता पूर्व नवलपरासी जिल्लाका कार्यालय प्रमुख सूचना, अधिकारी सञ्चारकर्मी एवं पेशागत संघसस्थाका प्रतिनिधिहरूका लागि आयोजित सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रम मिति २०७६ मंसिर २७ गते सुस्ता पूर्व नवलपरासी जिल्लाको सदरमुकाम कावासोतीमा सम्पन्न भयो ।

कार्यक्रमको सभापतित्व सूचना आयुक्त श्री किरण कुमार पोखरेलले गर्नुभएको थियो । प्रमुख अतिथिको आशन ग्रहण जिल्ला समन्वय समितिका प्रमुख श्री चेसराम आलेले गर्नुभएको थियो । कार्यक्रममा राष्ट्रिय सूचना आयोगका सचिव श्री मणिराम ओझाको उपस्थिति रहनुका साथै कार्यक्रममा कावासोती नगरपालिकाका प्रमुख चन्द्र कुमारी पुन, माननीय जिल्ला न्यायाधिश, प्रमुख जिल्ला अधिकारी र नगरपालिकाका प्रमुख र गाउँपालिकाका प्रमुखहरू, कार्यालय प्रमुखहरू, राष्ट्रिय सूचना आयोगका उपसचिव वावुराम पाण्डे सुरक्षा निकायका प्रमुखहरू, सूचना अधिकारीहरूको उपस्थिति थियो । सुस्ता पूर्व नवलपरासी जिल्लाका जनप्रतिनिधि, कार्यालय प्रमुख, सूचना अधिकारी, अधिकारकर्मी एवं संचारकर्मी लगायत नागरिक समाजका प्रतिनिधिहरूसँग सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रममा स्वागत मन्तव्य आयोगका सचिव श्री मणिराम ओझाले व्यक्त गर्नुभएको थियो । यस कार्यक्रममा १४७ जनाको सहभागिता रहेको थियो ।

६.५.८ काठमाडौ जिल्लामा आयोजित सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रम

राष्ट्रिय सूचना आयोगले सूचनाको हकसम्बन्धी ऐन, २०६४ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ ले निर्धारण गरेका उद्देश्य तथा लक्ष्य प्राप्तिका लागि प्रवर्द्धनात्मक कार्य अन्तर्गत सूचनाका हकका माग पक्षको तर्फबाट सञ्चारकर्मीहरू र आपूर्ति पक्षका तर्फबाट संघीय मन्त्रालय, केन्द्रियस्तरका निकाय र तालिम केन्द्रका सूचना अधिकारीहरूसँग समेतका लागि अन्तरक्रिया, कार्यक्रम मिति २०७६ पुस २३ गते काठमाडौंमा कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा आयोगका तर्फबाट प्रमुख सूचना श्री कृष्णहरि बास्कोटा, सूचना आयुक्त श्री किरण कुमार पोखरेल, सूचना आयुक्त श्री यशोदादेवी तिम्सिना, सचिव श्री मणिराम ओझा र सह सचिव श्री कुमार प्रसाद दाहाल लगायत आयोगका सम्पूर्ण कर्मचारीहरूको सहभागिता रहेको थियो ।

कार्यक्रमको सभापतित्व प्रमुख सूचना आयुक्त श्री कृष्णहरी बास्कोटाले गर्नु भएको थियो । उक्त कार्यक्रमा सूचनाका हकका माग पक्षको तर्फबाट सञ्चारकर्मीहरू र आपूर्ति पक्षका तर्फबाट संघीय मन्त्रालय, केन्द्रीयस्तरका निकाय र तालिम केन्द्रका सूचना अधिकारीहरूसँग समेतको सहभागिता रहेको थियो । उक्त कार्यक्रममा आयोगका सह सचिव श्री कुमार प्रसाद दाहालले स्वागत मन्तव्य एवं कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्नु भएको थियो । यस कार्यक्रममा ८६ जनाको सहभागिता रहेको थियो ।

६.५.९ संखुवासभा जिल्लामा आयोजित सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रम

राष्ट्रिय सूचना आयोगले सूचनाको हकसम्बन्धी ऐन, २०६४ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ ले निर्धारण गरेका उद्देश्य तथा लक्ष्य प्राप्तिका लागि प्रवर्द्धनात्मक कार्य अन्तर्गत संखुवासभा जिल्लाका कार्यालय प्रमुख सूचना, अधिकारी सञ्चारकर्मी एवं पेशागत

संघसस्थाका प्रतिनिधिहरूका लागि आयोजित सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रम मिति २०७६ फागुन ८ गते संखुवासभा जिल्लाको सदरमुकाम खाँदवारीमा स्थित खाँदवारी नगरपालिकाको सभाहलमा सम्पन्न भयो ।

कार्यक्रमको सभापतित्व सूचना आयुक्त श्री रत्नप्रसाद मैनालीले गर्नुभएको थियो । प्रमुख अतिथिको आशन ग्रहण जिल्ला समन्वय समितिका प्रमुख श्री सुमन शाक्यले गर्नुभएको थियो । यस कार्यक्रममा राष्ट्रिय सूचना आयोगका सचिव श्री मणिराम ओझाको उपस्थिति रहनुका साथै कार्यक्रमको विशेष अतिथि खादवारी नगरपालिकाका प्रमुख मुरारी प्रसाद खतिवडा, माननीय जिल्ला न्यायाधिश श्री शान्तिप्रसाद आचार्य, प्रमुख जिल्ला अधिकारी श्री जीवन प्रसाद दुलाल र नगरपालिकाका प्रमुख र गाउँपालिकाका प्रमुखहरू लगायत स्थानीय तहका जनप्रतिनिधिहरू राजनीतिक दलका प्रतिनिधिहरू, कार्यालय प्रमुखहरू सुरक्षा निकायका प्रमुखहरू, नेपाल पत्रकार महासंघका जिल्ला अध्यक्ष इन्द्र गिरी, सूचना अधिकारीहरू, संचारकर्मीहरू, जिल्लामा कार्यरत विभिन्न संघ संस्थाका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।

उक्त कार्यक्रममा उद्घाटन प्रमुख अतिथि जिल्ला समन्वय समितिका प्रमुख श्री सुमन शाक्यले गर्नुभएको भएको थियो । राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त श्री रत्नप्रसाद मैनालीबाट सूचनाको हक र सूचना अधिकारी शीर्षक अन्तर्गत सूचनाको नालीवेली, सूचनाको हकसम्बन्धी ऐनको उद्देश्य तथा व्यवस्थाहरू, सूचनाको हकको आवश्यकता र महत्व, सूचनाको हकको इतिहास र यसको नेपालमा अभ्यास पारदर्शिताको उपादेयता र महत्व र यसको अर्न्तसम्बन्ध आफ्नो प्रस्तुतीकरण केन्द्रीत गर्नुभएको थियो । कार्यक्रममा स्वागत मन्तव्य आयोगका सचिव श्री मणिराम ओझाले व्यक्त गर्नुभएको थियो । यस कार्यक्रममा १०८ जनाको सहभागिता रहेको थियो ।

६.६ सम्माननीय प्रधानमन्त्री समक्ष बार्षिक प्रतिवेदन हस्तान्तरण

आर्थिक वर्ष २०७६।७७ तयार गरी सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २५(१) अनुसार आयोगले प्रत्येक वर्ष आफूले गरेको काम कारवाहीको बार्षिक प्रतिवेदन सम्माननीय प्रधानमन्त्री मार्फत संसदमा प्रस्तुत गर्नुपर्ने व्यवस्था रहेको छ । सोही अनुसार आयोगले आर्थिक वर्ष २०७५/७६ मा सम्पन्न गरेका प्रमुख कायहरू र सुझाव सहितको बार्षिक प्रतिवेदन कानून बमोजिम सम्माननीय प्रधानमन्त्री समक्ष प्रस्तुत गरी सकिएको छ ।

६.७ संचार माध्यमबाट सूचनाको हक सम्बन्धमा भएका प्रबर्धनात्मक कार्यक्रमहरू

राष्ट्रिय सूचना आयोगको आर्थिक वर्ष २०७६।०७७ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार आयोगले जनताको सूचनाको हक सुरक्षित गर्न विभिन्न प्रयास गरिरहेको छ। यसै सन्दर्भमा आयोगको बार्षिक कार्यक्रम अनुसार रेडियो नेपाल, नेपाल टेलिभिजन तथा गोरखापत्र मार्फत सूचनाको हक सम्बन्धमा जानकारीमूलक, संदेशमूलक एवं सूचनामूलक तपशिलका कार्यक्रम उत्पादन तथा प्रसारण कार्य सम्पन्न भयो ।

६.७.१ राष्ट्रिय सूचना आयोग तथा रेडियो नेपालको सहकार्यमा सम्पन्न भएका कार्यक्रमहरू:

राष्ट्रिय सूचना आयोगको २०७६।०७७ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार आयोगले जनताको सूचनाको हक सुरक्षित गर्ने प्रयोजनार्थ रेडियो नेपाल संगको सहकार्यमा **सूचना हाम्रो अधिकार** कार्यक्रम निर्माण तथा प्रसारण गर्न २०७६ भाद्र २० गते सम्झौता भई सोही अनुरूप २० वटा कार्यक्रमहरू रेडियो नेपालबाट प्रसारण भएका थिए । रेडियो नेपालबाट प्रशारण भएका १५ मिनेटका यी २० वटा कार्यक्रमले नेपालका विकट तथा दूरदराजमा रहेका नागरिकहरूलाई समेत सूचनाको हकका बारेमा महत्वूर्ण जानकारीहरू प्रसारण गरी सुसुचित गराई जनचेतना अभिवृद्धि भएको अनुभूति आयोगले गरेको छ ।

६.७.२ राष्ट्रिय सूचना आयोग तथा गोरखापत्र संस्थानका सहकार्यमा भएका कार्यक्रमहरू:

राष्ट्रिय सूचना आयोगको आर्थिक वर्ष २०७६।०७७ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार आयोगले जनताको सूचनाको हक सुरक्षित गर्न गोरखापत्र संस्थानसंगको सहकार्यमा गोरखापत्र मार्फत सूचनाको हक सम्बन्धमा जानकारीमूलक, संदेशमूलक एवं सूचनामूलक सामाग्रीहरू प्रकाशन गर्न २०७६ कार्तिक १ गते सम्झौता भई २० वटा जानकारीमूलक, संदेशमूलक एवं सूचनामूलक सामाग्री प्रकाशन गरिएका थिए । यस कार्यक्रमले नेपालका सुगम तथा दुर्गम भेगमा रहेका नागरिकहरूले आफ्नो सूचनाको हक र अधिकारका बारेमा पढ्ने मौका पाई सूचनाको हकका सम्बन्धमा आम नागरिकहरू सुसूचित भएको अनुभव आयोगले गरेको छ ।

६.७.३ राष्ट्रिय सूचना आयोग तथा नेपाल टेलिभिजनको सहकार्यमासम्पन्न भएका कार्यक्रमहरू:

नेपाल टेलिभिजनसंगको सहकार्यमा **सूचना मेरो हक** कार्यक्रम निर्माण तथा प्रसारण गर्न २०७६ मंसिर ३ गते सम्झौता भई सोही अनुरूप प्रत्येक महिनाको १५ औं दिनको मंगलबार नेपाल टेलिभिजनबाट १० वटा Talk show कार्यक्रमहरू प्रसारण गरेका थिए । यी १० वटा श्रृङ्खलाहरू आयोगका पूर्व पदाधिकारीहरू, वर्तमान पदाधिकारीहरू र अन्य सूचना प्रवाहको क्षेत्रमा विशिष्ट योगदान गर्नुभएका व्यक्तित्वहरू सहभागी भई सञ्चालन भएकाले सूचनाको हकको संरक्षण, सम्बर्द्धन, जनचेतना तथा पारदर्शीताका क्षेत्रमा महत्वपूर्ण योगदान भएको ठानिएको छ । यस कार्यक्रमले शहरी एवं विद्युत लाईन पहुँच भएको स्थानहरूका जनतालाई संविधानमा व्यवस्था भएको सूचनाको हकको बारेमा प्रष्ट्याउने एवं जनचेतना अभिवृद्धि गराउने कार्य भएको आयोगको ठम्याई रहेको छ । कार्यक्रमका वक्ताहरू सूचनाको हकका बिषयमा विज्ञ रहनुले पनि आम जनसमुदायमा सूचनाको हकका बारेमा प्रत्येक नागरिक देशका सर्जक हुन भन्ने अनुभूति गराएको आयोगले महसुस गरेको छ ।

६.८ कोरोना भाइरसका कारण हुन नसकेका कार्यक्रम

आरटिआई अडिट

राष्ट्रिय सूचना आयोगले प्रत्येक आर्थिक वर्षमा संघीय मन्त्रालयहरू, तिनको सम्पर्कमा रहेका केन्द्रीयस्तरका निकायहरू र विभागहरूको आरटिआई अडिट गर्दै आएकोमा आर्थिक वर्ष २०७६/७७ मा कोरोना भाइरसका कारण हुन सकेन ।

आयोग स्थापना दिवस

२०६५ साल बैशाख २२ गते राष्ट्रिय सूचना आयोग गठन भएकोले प्रत्येक वर्ष यो दिनलाई आयोग स्थापना दिवसका रूपमा मनाउने गरिएकोमा २०७७ बैशाख २२ मा कोरोना भाइरसका कारण हुन सकेन ।

आयोगद्वारा पुरस्कार वितरण

प्रत्येक बर्ष आयोगले राष्ट्रिय सूचना दिवसका उपलक्ष्यमा सूचनाको हकका क्षेत्रमा उत्कृष्ट योगदान गर्ने ५ जना सूचनाको हकका अभियन्ता, ४ जना सूचना अधिकारीलाई र आयोगका उत्कृष्ट कर्मचारीहरू २ जनालाई जनही रू. ३० हजारका दरले पुरस्कृत गर्दै आएकोमा आर्थिक बर्ष २०७६/७७ मा कोरोना भाइरसका कारण हुन सकेन ।

सूचनाको हकमा महिला सशक्तिकरण

बर्षिक कार्यक्रममा २ वटा कार्यक्रम रहेकोमा मिति २०७६।१०।२८ मा काठमाण्डौमा व्यापक सहभागितामा कार्यक्रम सफलतापूर्वक सम्पन्न भयो भने अर्को जिल्ला अर्घाखाँची जिल्लामा हुने भनेको कार्यक्रम कोरोना भाइरसका कारणले सम्पन्न हुन सकेन ।

कर्मचारीको क्षमता अभिबृद्धि

यस आयोगमा कार्यरत कर्मचारीका लागि विभिन्न क्षमता अभिबृद्धि तालिमहरू दिनुपर्ने जरुरी भई कार्यक्रममा समावेश भएता पनि उक्त क्षमता अभिबृद्धि तालिम कार्यक्रम आर्थिक वर्ष २०७६/७७ मा कोरोना भाइरसका कारण हुन सकेन ।

जिल्लास्तरीय अभिमुखिकरण कार्यक्रम

आयोगले विभिन्न जिल्लामा जिल्लास्तरीय कार्यालय प्रमुख, सूचना अधिकारी, निर्वाचित जनप्रतिनिधि, राजनैतिक दलका प्रतिनिधि, नागरिक समाजका अगुवा, सूचनाको हकका अभियन्ता र सञ्चारकर्मीहरूलाई भेला गराई सूचनाको हकसम्बन्धी अभिमूखिकरण कार्यक्रम सञ्चालन गरेको छ । यस कार्यक्रमले कार्यालय प्रमुखहरूको सूचनाको हकको प्रचलनमा लिखित प्रतिवद्धतापत्र नै सार्वजनिक गर्ने अभ्यास बढेको छ । उक्त जिल्लास्तरीय अभिमूखिकरण कार्यक्रम आर्थिक वर्ष २०७६/०७७ मा १२ वटा सञ्चालन हुनु पर्नेमा कोरोना भाइरसका कारण ७ वटा सम्पन्न हुन सकेन ।

६.९ विनय कसजू पुरस्कार

आयोगद्वारा प्रत्येक बर्ष आयोग स्थापना दिवसका दिन प्रदान गरिँदै आएको सूचनाको हकको क्षेत्रमा उत्कृष्ट कार्य गर्ने पाँच जना अभियन्तालाई प्रदान गरिने पुरस्कारलाई राष्ट्रिय सूचना आयोगका प्रथम प्रमुख सूचना आयुक्त स्व. विनयकुमार कसजूले सूचना आयोग तथा सूचनाको हकको प्रबर्द्धनमा उल्लेखनीय योगदानको कदरस्वरूप उहाँको नाममा 'विनय कसजू पुरस्कार' नामाकरण गरिएको छ । उक्त पुरस्कारको राशी जनही रू. ३०,०००।- (तीस हजार) रहेको छ ।

६.१० कार्यक्रमहरूको निष्कर्ष र प्राप्त सुझावहरू

राष्ट्रिय सूचना आयोगबाट देशका विभिन्न भागहरूमा सञ्चालित सूचनाको हकसम्बन्धी अभिमुखीकरण, अन्तरक्रिया कार्यक्रमहरू र सरकारी कार्यालयको अनुगमनको क्रममा प्राप्त भएका निष्कर्ष एवं सुझावहरूलाई निम्न अनुसार प्रस्तुत गरिएको छ ।

- सरकारी कार्यालय, राजनैतिक दल, गैर सरकारी संस्था र निजी क्षेत्रका प्रतिष्ठानमा सूचना अधिकारी तोकिए पनि अझै पनि सर्वसाधारण नागरिकलाई सूचना अधिकारी प्रत्येक कार्यालयमा हुन्छन भन्ने अवगत नभएको पाइयो ।
- सवै सरकारी निकायले आफूले प्रकाशन गरेको नागरिक बडापत्रमा सूचना माग भएमा सूचना प्रवाह गर्ने अवधि र जिम्मेवारी पदाधिकारी पनि तोकिएको हुनुपर्नेमा कतिपय निकायमा सो उल्लेख गरेको पाइएन ।
- प्रत्येक तीन/तीन महिनामा सबै सार्वजनिक निकायले आ-आफ्नो निकायबाट सम्पादित काम अनिवार्यरूपमा सार्वजनिक गर्ने कार्यलाई निरन्तरता दिनु पर्छ । यस कामको जिम्मेवारी सूचना अधिकारीलाई दिएमा तत् निकायको सूचना माथि निजको पहुंच पनि सहज हुने देखिन्छ ।
- सार्वजनिक निकायले आफ्ना गतिविधि संचारका सबै माध्यम मार्फत सार्वजनिक गर्नु पर्छ । आफ्नो निकायको सूचना विद्युतीय प्रणालीमा अध्यावधिक गरी राख्नु पर्छ । यसबाट नागरिकले माग गरेका बखत तुरुन्त सूचना प्रवाह गर्न सकिने हुन्छ । प्रत्येक निकायले सेवाको प्रकार अनुसार छुट्टा-छुट्टै सफ्टवेयर निर्माण गरी सूचनाको वर्गिकरण समेत गरी अभिलेखवद्ध हुने पद्दतिमा जानुपर्दछ ।
- प्रत्येक जिल्लामा सूचना लिने दिने संस्कृतिको विकास गर्न विविध रचनात्मक कार्य गर्नु पर्ने देखियो । यसका लागि सवै कार्यालयको आन्तरिक बजेट भित्रैबाट सूचनाको हकसम्बन्धी बजेट उपलव्ध गराउनु पर्नेतर्फ सोच्नु पर्ने देखियो ।

- जिल्लागत कार्यालयहरू तथा संस्थागत रूपमा सूचना प्रवाहका उत्कृष्ट हुने निकाय र व्यक्तिलाई पुरस्कृत गर्ने परम्पराको थालनी गरिएमा सूचनाको हकको प्रचलनले थप उचाई लिने संभावना देखियो ।

६.११ बार्षिक स्वीकृत कार्यक्रम बाहेक आयोगको निर्णयानुसार भएका कार्यक्रम

६.११.१ संघीय र प्रदेश मन्त्रालय तथा विभागको Web based अनुगमन

यस आयोगको निर्णयानुसार आयोगका ७ जना कर्मचारीहरूबाट देशभरिका संघीय मन्त्रालय, विभाग र प्रदेशको मन्त्रालय, विभागहरू मध्ये जम्मा १२० कार्यालयको web based अनुगमन गरि सूचना अधिकारी तोकिएको नतोकिएको र स्वत: प्रकाशन गरे नगरेको सम्बन्धमा अनुगमन गरि प्रतिवेदन पेश भएको र सो प्रतिवेदन प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र सातै प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आवश्यक कार्यान्वयनको लागि पठाईएको थियो । यो web based अनुगमन गरिएको प्रतिवेदनका मुख्य मुख्य बुँदा निम्नानुसार रहेको छ ।

संघीय मन्त्रालयहरू, सो अर्न्तगतका विभागहरू र सातवटै प्रदेशका प्रदेश मन्त्रालयहरूको website अनुगमनमा सूचना अधिकारी र स्वत: प्रकाशनको अवस्था देहाय बमोजिम पाइयो ।

क. २२ संघीय मन्त्रालयहरूमध्ये २१ वटा मन्त्रालयहरूले सूचना अधिकारी तोकेको पाइयो भने भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयले सूचना अधिकारी तोकेको पाइएन ।

ख. सूचना अधिकारी तोकिएको २१ मन्त्रालयमध्ये २ वटा मन्त्रालयमा सहसचिव तोकेको पाइयो भने १८ वटा मन्त्रालयमा उपसचिव तोकेको पाइयो र एक मन्त्रालयमा पद खुलाएको पाइएन ।

ग. ७ वटा मन्त्रालयहरूले स्वत: प्रकाशन गरेको पाइयो भने १५ वटा मन्त्रालयहरूले स्वत: प्रकाशन गरेको पाइएन ।

घ. ९ वटा मन्त्रालयहरूले सूचना अधिकारीको मोबाइल नं. उल्लेख गरेको पाइयो भने १३ वटा मन्त्रालयहरूले सूचना अधिकारीको मोबाइल नं. उल्लेख गरेका पाइएन ।

ङ. १७ वटा मन्त्रालयहरूले सूचना अधिकारीको इमेल उल्लेख गरेको पाइयो भने ५ वटा मन्त्रालयहरूले सूचना अधिकारीको इमेल उल्लेख गरेको पाइएन ।

च. १३ वटा मन्त्रालयहरूले सूचना अधिकारीको फोन नं. उल्लेख गरेको पाइयो भने ९ वटा मन्त्रालयहरूमा सूचना अधिकारीको फोन नं. उल्लेख गरेको पाइएन ।

चार्ट नं. ३: संघीय मन्त्रालयहरूको वेवसाइट अनुगमन गर्दाको अवस्था



क. संघीय मन्त्रालय अन्तर्गतका विभागहरूमा ३२ वटा विभागहरूले सूचना अधिकारी तोकेको पाइयो भने १७ वटा विभागले सूचना अधिकारी तोकेको पाइएन ।

ख. सूचना अधिकारी तोकिएको ३२ विभागमध्ये १८ वटा विभागमा उपसचिव तोकेको पाइयो भने एउटा विभागमा शाखा अधिकृत तोकेको पाइयो र १३ वटामा पद खुलाएको पाइएन ।

ग. १२ वटा विभागहरूले स्वतः प्रकाशन गरेको पाइयो भने ३७ वटा विभागहरूले स्वतः प्रकाशन गरेको पाइएन ।

घ. २२ वटा विभागहरूले सूचना अधिकारीको मोबाइल नं. उल्लेख गरेको पाइयो भने २७ वटा विभागहरूले सूचना अधिकारीको मोबाइल नं. उल्लेख गरेको पाइएन ।

ङ. २४ वटा विभागहरूले सूचना अधिकारीको इमेल उल्लेख गरेको पाइयो भने २५ वटा विभागहरूले सूचना अधिकारीको इमेल उल्लेख गरेको पाइएन ।

च. २० वटा विभागहरूले सूचना अधिकारीको फोन नं. उल्लेख गरेको पाइयो भने २९ वटा विभागहरूमा सूचना अधिकारीको फोन नं. उल्लेख गरेको पाइएन ।

चार्ट नं. ४: संघीय मन्त्रालय अन्तर्गतका विभागहरूको वेवसाइट अनुगमन गर्दाको अवस्था



क. ४९ प्रदेश मन्त्रालयहरूमा ३७ वटा मन्त्रालयहरूले सूचना अधिकारी तोकेको पाइयो भने १२ वटा मन्त्रालयले सूचना अधिकारी तोकेको पाइएन ।

ख. सूचना अधिकारी तोकिएको ३७ मन्त्रालयमध्ये ३ वटा मन्त्रालयमा उपसचिव तोकेको पाइयो भने २२ वटा मन्त्रालयमा शाखा अधिकृत तोकेको पाइयो र १२ वटामा पद खुलाएको पाइएन ।

ग. ५ वटा मन्त्रालयहरूले स्वतः प्रकाशन गरेको पाइयो भने ४४ वटा मन्त्रालयहरूले स्वतः प्रकाशन गरेको पाइएन ।

घ. ३१ वटा मन्त्रालयहरूले सूचना अधिकारीको मोबाइल नं. उल्लेख गरेको पाइयो भने १८ वटा मन्त्रालयहरूले सूचना अधिकारीको मोबाइल नं. उल्लेख गरेको पाइएन ।

ङ. ३८ वटा मन्त्रालयहरूले सूचना अधिकारीको इमेल उल्लेख गरेको पाइयो भने ११ वटा मन्त्रालयहरूले सूचना अधिकारीको इमेल उल्लेख गरेको पाइएन ।

च. २२ वटा मन्त्रालयहरूले सूचना अधिकारीको फोन नं. उल्लेख गरेको पाइयो भने २७ वटा मन्त्रालयहरूमा सूचना अधिकारीको फोन नं. उल्लेख गरेको पाइएन ।

चार्ट नं. ५: प्रदेश मन्त्रालयहरूको वेवसाइट अनुगमन गर्दाको अवस्था



उल्लेखित वेवमा आधारित अनुगमन प्रतिवेदन उपर आयोगको बैठकमा गम्भीर छलफल भई देहाय बमोजिमको आदेश जारी भएको छ ।

(क) सूचना अधिकारी नतोकिएकोमा १५ दिनभित्र सार्वजनिक निकायले सूचना अधिकारी तोक्ने र आयोगलाई जानकारी गराउने । सूचना अधिकारी तोक्दा सार्वजनिक निकायको प्रमुखभन्दा एक तह मुनीको पदाधिकारीलाई तोक्ने,

(ख) खण्ड (क) बमोजिम सूचना अधिकारी तोक्दा सूचना अधिकारीको नाम, पद, कोठा नं., सम्पर्क नं. (कार्यालयको फोन नं. र मोबाईल) र इमेल समेत उल्लेख गरी सार्वजनिक गर्नुका साथै वेवसाईटमा र सार्वजनिक निकायको प्रवेश कक्षमा राख्ने व्यवस्था मिलाउने,

(ग) सार्वजनिक निकायहरुले प्रत्येक ३-३ महिना व्यतित भएको १५ (पन्ध्र) दिनभित्र स्वत: प्रकाशन गर्नुपर्ने व्यवस्थाको न्यून मात्रामा पालना भएको पाईएको हुँदा यसरी प्रकाशन नगरेका सार्वजनिक निकायहरुले १५ (पन्ध्र) दिनभित्र प्रकाशन गर्ने र प्रत्येक तीन-तीन महिनामा अनिवार्यरुपमा प्रकाशन गर्ने व्यवस्था मिलाउने, यसरी सार्वजनिक गरिने स्वत: प्रकाशन वेवसाईटमा राख्ने र यस आयोगमा पनि जानकारी गराउने ।

(घ) सूचना अधिकारी नतोक्ने तथा स्वत: प्रकाशन नगर्ने सार्वजनिक निकायलाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ को उपदफा (५) स्मरणार्थ अवगत गराउने ।

परिच्छेद ७

अन्य निकायहरूमा सूचनाको हकका सम्बन्धमा भएका कार्यहरू

यस परिच्छेदमा राष्ट्रिय सूचना आयोग बाहेक अन्य सूचनाको हक प्रचलन गर्न सघाउ पुऱ्याउन अधिकार प्रत्यायोजन गरिएका कार्यालयहरूबाट आर्थिक बर्ष २०७६/७७ मा भए गरेका कार्यक्रमहरू प्रस्तुत गरिएको छ। मूलतः जिल्ला प्रशासन कार्यालयहरू यसमा रहेका छन्। आयोग बाहेकका सार्वजनिक निकाय, अनुगमन समिति तथा इकाई, जिल्ला प्रशासन कार्यालय र हुलाक कार्यालयहरूले पनि विविध कार्यहरू सञ्चालन गरिरहेको भएता पनि प्रतिवेदन तयार हुँदाको समयमा उपलब्ध विवरण मात्र यहाँ समावेश गरिएको छ। यस्ता कार्यालयहरू र कार्यक्रमको विवरण निम्न तालीकामा प्रस्तुत गरिएको छः

तालीका नं. ६: आर्थिक बर्ष ०७६/७७ मा कार्यक्रम गर्ने निकायहरू र कार्यक्रमहरूको विवरण

क. सं.	निकायको नाम	कार्यक्रमको विवरण
१	जिल्ला प्रशासन कार्यालय, अर्घाखाँची	• सूचनाको हक कार्यान्वयनमा देखिएका चुनौतीका बिषयमा सूचना अधिकारी र सञ्चारकर्मीहरूसँग अन्तरक्रिया गरेको, • सूचना अधिकारीहरूको ज्ञान, सीप र दक्षता अभिबृद्धिको लागि सञ्चारकर्मी र सूचना अधिकारीबीच अन्तरक्रिया छलफल गरेको।
२	जिल्ला प्रशासन कार्यालय, लमजुङ्ग	• मध्यनेपाल नगरपालिकाको सहकार्यमा मध्यनेपाल इशानेश्वर क्याम्पसको प्रांगणमा मिति २०७६ माघ १३ गते एक दिने एकीकृत घुम्ती सेवा शिविर तथा सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गरेको।
३	जिल्ला प्रशासन कार्यालय, चितवन	• सूचना अधिकारी र जिल्लास्थित सञ्चार माध्यमका सञ्चारकर्मीहरू बीच सूचनाको हक कार्यान्वयनको सम्बन्धमा मिति २०७६।११।२३ गते अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको।
४	प्रहरी प्रधान कार्यालय	• राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान तथा अन्य प्रहरी प्रशिक्षण केन्द्रहरूबाट सञ्चालन हुने विभिन्न तालीममा सहभागी प्रशिक्षार्थीहरूलाई सूचनाको हकसम्बन्धी बिषयमा प्रशिक्षण दिने गरेको।
५	जिल्ला प्रशासन कार्यालय, डडेलधुरा	• जिल्लास्थित सार्वजनिक निकाय र संघ/संस्थाका सूचना अधिकारी र सञ्चारकर्मीहरूका बीच एक दिने अन्तरक्रिया कार्यक्रम सञ्चालन गरेको।
६	जिल्ला प्रशासन कार्यालय, दोलखा	• नागरिकलाई सार्वजनिक महत्वको सूचना प्रकाशन तथा प्रशारणमा सहजिकरण गर्ने सम्बन्धमा जिल्लास्थित सञ्चारकर्मीहरूसँग अन्तरक्रिया कार्यक्रम सञ्चालन गरेको।
७	जिल्ला प्रशासन कार्यालय, भोजपुर	• सूचनाको हकसम्बन्धी प्रचलित ऐन नियमको कार्यान्वयनको सम्बन्धमा सबै कार्यालयका सूचना अधिकारीहरू बीच १ दिने कार्यशाला गोष्ठीको आयोजना गरेको।

परिच्छेद ८

सूचनाको हकको प्रभावकारी प्रचलनका लागि आयोगका सुझावहरू

राष्ट्रिय सूचना आयोगले २०६५ साल बैशाख २२ गते स्थापना भएदेखि नै प्रत्येक वर्ष बुझाएको प्रतिवेदनमा आफ्ना सुझावहरू दिदैँ आएको छ । सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ११ अनुसार नागरिकको सूचनाको हक संरक्षण, सम्बर्द्धन र प्रचलन गराउन गठित यस स्वतन्त्र आयोगले विगतमा आफ्ना एघारवटा बार्षिक प्रतिवेदन सम्माननीय प्रधानमन्त्री मार्फत संघीय संसदमा पेश गरिसकको छ । ती सबै प्रतिवेदनमा नागरिकको सूचनाको हक संरक्षण, सम्बर्द्धन र प्रचलनका लागि आयोगले आवश्यक ठहर गरेका सुझावहरू सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ र अन्य दफाहरूमा सूचनाको हकको संरक्षण, सम्बर्द्धनका लागि सुझाव दिने/सिफारिस गर्ने अधिकार बमोजिम आयोगले सुझावहरू दिदै आएको हो । आयोग स्थापनाको यो तेस्रो कार्यकालको प्रथम प्रतिवेदन पनि भएकाले खासगरी पहिलो र दोस्रो कार्यकालका ११ वटा प्रतिवेदनसमेतमा उल्लेख भएका र हाल अनुभूत भएका तर कार्यान्वयन हुन बाँकी सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलनलाई अझ प्रभावकारी बनाउन आयोगले अनिवार्य ठानेका र तत्काल कार्यान्वयन गर्नुपर्ने महत्वपूर्ण सुझावहरू निम्नानुसार रहेका छन् ।

८.१ सूचनाको हकसम्बन्धी संवैधानिक व्यवस्था तथा कानूनको कार्यान्वयन गर्ने गराउने प्राथमिक दायित्व सार्वजनिक निकायको हो भन्नेमा कुनै दुविधा हुनसक्दैन । तर पुनरावेदन तथा उजुरी सुनुवाई गर्ने निकायका रूपमा स्थापित आयोगले सूचनाको हक प्रचलनमा ल्याउन निरन्तर रूपमा अभियान चलाईरहेको अवस्था छ । यसबाट सूचनाको हक कार्यान्वयन गर्न गराउन सार्वजनिक निकायहरूको बढ्दो उदासिनता चिन्ताजनक देखिन्छ । सूचनाको हकको कार्यान्वयनको प्रथम स्तम्भका रूपमा रहेको सूचना अधिकारी तोक्ने र स्वतः प्रकाशन गर्ने सम्वन्धमा हालै आयोगबाट गरिएको अध्ययनबाट सूचनाको हकको कार्यान्वयन कमजोर रहेको स्पष्ट हुन्छ । तसर्थ यसको प्रभावकारी कार्यान्वयनको उच्चतहबाट नै जिम्मेवारी लिने, समन्वय गर्ने व्यवस्था गर्न केन्द्रमा सम्माननीय प्रधानमन्त्री वा सम्माननीय प्रधानमन्त्रीले तोकेको वरिष्ठ उपप्रधानमन्त्रीको संयोजकत्वमा समन्वय समिति र प्रदेश र स्थानिय तहका सार्वजनिक निकायहरूका हकमा प्रदेशका मूख्यमन्त्रीको संयोजकत्वमा समन्वय समिति गठन गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्न गराउन उपयुक्त हुने ।

८.२ सूचनाको हकको कार्यान्वयनमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने सूचना अधिकारीलाई सक्षम सवल अधिकारसम्पन्न तथा प्रोत्साहित बनाई राख्न आवश्यक छ । यसका लागि सूचना अधिकारीलाई नियमित रूपमा प्रशिक्षण दिने व्यवस्था तथा श्रोत साधनले युक्त बनाउन जरुरी हुन्छ । साथै सूचना मागकर्ताले सजिलै सम्पर्क गर्ने सहजताका लागि सूचना अधिकारीलाई स्थायी प्रकारको मोवाइल सेट, सीम कार्ड, तथा इन्टरनेट सुविधा उपलव्ध गराईनुको साथै देहाय बमोजिम गर्न आवश्यक देखिन्छ ।

- ५० जना भन्दा बढी कर्मचारी रहने वा रु २० करोड भन्दा बढी बार्षिक बजेट हुने सार्वजनिक निकायहरूले छुट्टै सूचना शाखा नै स्थापना गर्नु पर्ने ।
- सूचना अधिकारीबाट सूचना उपलव्ध गराउन, अभिलेख राख्न, स्वतः प्रकाशन गर्न, सूचना नियमित रूपमा प्रवाह गरिरहन र भौतिक सुविधा व्यवस्थापन गर्न प्रत्येक सार्वजनिक निकायमा सूचनाको हकसम्बन्धी कार्यक्रमका लागि प्रत्येक वर्ष छुट्टै बजेट शीर्षकबाट बजेट विनियोजन गर्ने व्यवस्था गर्न पर्ने ।
- सूचनाको हकको महत्वलाई ध्यानमा राखी प्रत्येक सार्वजनिक निकायले सूचना अधिकारी तोक्दा प्रमुख भन्दा एक तह मुनिको पदाधिकारीलाई तोक्ने व्यवस्था गर्न पर्ने ।

८.३ सिंहदरवारको परिसर भित्र अवस्थित मन्त्रालय तथा कार्यालयहरूको हकमा सुरक्षाका कारण सर्वसाधारणलाई परिसर भित्र प्रवेश गर्न सहज गर्न सहज वातावरण नभएको अवस्थामा सूचना माग गर्ने नागरिकलाई सूचना माग गर्न सहजताका लागि सिंहदरवार प्रवेश द्वारमा सूचनाको हकसम्बन्धी

डेस्क राखी प्राप्त सूचनाको हकसम्बन्धी आवेदन दर्ता गरी निस्सा प्रदान गर्ने, प्राप्त आवेदन सम्बन्धित निकायमा पुऱ्याउने र सार्वजनिक निकायबाट प्राप्त सूचना सूचना मागकर्तालाई उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्ने ।

८.४ सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा २७ ले सूचनाको वर्गीकरण गर्ने व्यवस्था गरेको छ तर हालसम्म यस व्यवस्थाको कार्यान्वयन हुन सकेको अवस्था छैन । वर्गीकरणका लागि आयोगले पटक पटक निर्देशन तथा अनुरोध गरेको छ । वर्गीकरण गर्दा सार्वजनिक निकायहरूलाई सूचना उपलब्ध गर्न गराउन सहज हुने अवस्था भएको हुँदा अविलम्व यो कार्य सम्पन्न गर्न पर्ने ।

८.५ सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा २९ ले सूचनादाताको संरक्षण सम्बन्धी महत्वपूर्ण व्यवस्था गरेको छ । सार्वजनिक निकायमा भएको वा भैरहेको वा हुनसक्ने भ्रष्टाचार, अनियमितता र प्रचलित कानून बमोजिम अपराध मानिने कुनै कार्यको सूचना दिनु सम्बन्धित सार्वजनिक निकायका कर्मचारीको दायित्व हुनेछ भनी गरिएको व्यवस्था र यसरी सूचना दिने सूचनादाताको पहिचान गोप्य राख्ने र संरक्षण गर्न भएको व्यवस्थाको कार्यान्वयन हुन सकेको अवस्था छैन । यसको कार्यान्वयन हुँदा सार्वजनिक निकायहरूमा हुन सक्ने अनियमितता नियन्त्रणमा महत्वपूर्ण भूमिका निर्वाह हुन सक्ने हुँदा यसको कार्यान्वयनका लागि सूचनादाताको संरक्षण सम्बन्धी नियमावली ल्याउनु पर्ने ।

८.६ नेपालको संविधानले नेपाली भाषाका साथ साथै राष्ट्रभाषालाई मान्यता दिन सकिने व्यवस्था गरेको छ । सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ४ को उपदफा (३) मा "सार्वजनिक निकायले उपदफा (२) को खण्ड (क) बमोजिम सूचना सार्वजनिक, प्रकाशन वा प्रसारण गर्दा विभिन्न राष्ट्रिय भाषा तथा आमसञ्चारका माध्यमबाट गर्न सक्नेछ" भन्ने व्यवस्था गरेको अवस्थामा सार्वजनिक निकायले प्रकाशन वा प्रकाशन गर्ने गराउने सूचना स्वाभाविक रूपमा सबै नागरिकको पहुँचमा पुगोस भन्ने उद्देश्य रहेको हुन्छ । तसर्थ सार्वजनिक निकायहरूले सूचना प्रवाह वा प्रकाशन तथा प्रसारण गर्दा नेपाली भाषाका साथ साथै स्थानीय राष्ट्रभाषामा समेत प्रवाह गर्दा सर्वसाधारण नागरिकलाई बुझ्न बुझाउन सहज हुने हुँदा सार्वजनिक निकायहरूले नेपाली भाषाका साथ साथै स्थानीय राष्ट्रभाषामा पनि सूचना प्रवाह, प्रकाशन वा प्रसारण गर्ने व्यवस्था नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहका सार्वजनिक निकायहरूले मिलाउने ।

८.७ सार्वजनिक निकायको नेतृत्व वा उच्च पदमा पुग्ने व्यक्तिमा सदाचार, सुशासन, जवाफदेहिता, पारदर्शिता प्रतिको प्रतिवद्धताले महत्वपूर्ण भुमिका खेल्छ भन्ने कुरामा कुनै दुई मत हुन सक्दैन । यसलाई मापन गर्ने थुप्रै मापदण्डहरू मध्ये सूचनाको हकको पालना एउटा महत्वपूर्ण मापदण्ड हो । जसले सूचना प्रवाह गर्न, उपलब्ध गराउन र स्वतः प्रकाशनका माध्यमबाट उल्लेखित कार्यहरू गर्न तत्पर रहन्छ त्यस्तो व्यक्तिलाई उच्च तहको पदमा पुऱ्याउँदा सार्वजनिक निकाय, सरकार र देशको विकासमा महत्वपूर्ण योगदान पुऱ्याउँछ। तसर्थ सूचनाको हकको कार्यान्वयनलाई सार्वजनिक निकायको उच्च पदमा पुग्ने मूल्याङ्कनको आधार बनाउन आवश्यक र उपयुक्त रहेको हुँदा राजनैतिक नियुक्ति वा बढुवा गर्दा यस आयोगबाट सजाय भए नभएको बुझि सजाय नभएको व्यक्तिलाई मात्र नियुक्तिको व्यवस्था गर्ने ।

८.८ सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा २५ मा भएको व्यवस्था बमोजिम आयोगले आफ्नो बार्षिक प्रतिवेदन सम्माननीय प्रधानमन्त्री समक्ष पेश गर्ने गरेको छ तर यस प्रतिवेदन उपर व्यवस्थापिका संसद वा संसदीय समितिमा छलफल हुने गरेको छैन । यस वर्षको बार्षिक प्रतिवेदन प्रदेश सरकार मार्फत प्रदेश सभा र स्थानीय तहमा पनि आयोगले उपलब्ध गराउने छ । बार्षिक प्रतिवेदन उपर व्यवस्थापिका संसद वा सम्बन्धित संसदीय समिति, प्रदेश सभा वा विषयगत समिति र स्थानीय तह वा विषयगत समितिमा छलफल हुँदा जनप्रतिनिधिहरू मार्फत नागरिकको मौलिक हकको रूपमा रहेको सूचनाको हकका क्षेत्रमा भएका काम कारवाहीका वारेमा बहस हुँदा यस क्षेत्रमा गरिन पर्ने सुधारका क्षेत्रहरूको पहिचान हुनुका साथै आयोगलाई र सार्वजनिक निकायहरूलाई सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलनमा थप जिम्मेवारीका साथ कर्तव्य निर्वाह गराउन सकिने विश्वास आयोगको रहेको छ ।

८.९ लोकतान्त्रिक पद्धतीमा जनताका लागि जनताद्वारा निर्वाचित जनप्रतिनिधिहरूबाट सृजित सार्वजनिक निकायहरूले गर्ने क्रियाकलापहरू निर्णयहरू नीतिहरू गोप्य रहनु हुँदैन भन्ने मान्यता अनुरूप संवैधानिक रूपमा सूचना माग्न पाउने र सूचना प्राप्त गर्ने हक नागरिकमा रहेकोले सीमित विषयहरूमा मात्र सूचना प्रवाह गरिने छैन भनिएको छ । यसैको आधारमा आयोगको मिति २०७६ चैत २० गतेको बैठकबाट निर्णय गरी कानून निर्माण वा संसोधन गर्दा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले व्यवस्था गरेका बाहेकका विषयमा कुनै पनि कुरा गोप्य रहने वा हुने गरी कानून निर्माण वा संसोधन नगर्न नगराउन व्यवस्थापिका संसदका विषयगत समितिहरू, प्रदेश सभा र विषयगत समितिहरू र स्थानीय तहहरूलाई अनुरोध गरिएको छ । यसै क्रममा सामान्यतया कानूनको मस्यौदा गर्दा नेपाल सरकार, प्रदेश सरकार र स्थीनय तहबाट नै हुने हुँदा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) बाहेकका विषयमा गोप्य रहने गरी कानूनको निर्माण नगर्ने र गोप्य रहने गरी रहेका प्रचलित कानूनहरू संसोधन गरी त्यस्तो व्यवस्था हटाउने तर्फ नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट पहल हुन पर्ने ।

८.१० सूचनाको माग गरेको र प्राप्त गरेको विवरण सार्वजनिक निकायमा रहन्छ । सूचनाको हक प्रचलन गर्न गराउन यस्तो विवरण सहयोगी हुन्छ । साथै सूचनाको माग गर्ने प्रवृत्ति, नागरिकको समूह तथा मागको प्रकार जस्ता तथ्याङ्कले सूचनाको हक सम्बन्धमा आयोग र सार्वजनिक निकायहरूले आगामी दिनमा लिनु पर्ने रणनैतिक क्रियाकलापमा सहयोग गर्दछ । तसर्थ यस प्रकारको अभिलेख अनिवार्य रूपमा राख्न र आयोगमा उपलब्ध गराउनका साथै स्वतः प्रकाशन गर्न गराउन नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहका सार्वजनिक निकायहरूलाई निर्देशन हुनुपर्ने ।

८.११ एउटा निश्चित प्रकारको कानूनी प्रकृया पुरा गरी संवैधानिक दायित्व निर्वाह गर्न गठन गरिएको आयोगलाई विश्वास गर्न र जिम्मेवार बनाउन आवश्यक छ । सूचनाको हकको कार्यान्वयन गर्न गठित आयोगलाई स्वतन्त्र आयोग कानूनले नै मानेको छ । आयोग कति स्वतन्त्र छ वा छैन भन्ने विषयमा छलफल वा चर्चा हुँदै गर्दा प्राय सोधिने प्रश्न भनेको नै वित्तीय स्वतन्त्रता छ कि छैन, यदि उत्तर छ भनियो भने मात्र आयोग स्वतन्त्र छ भन्ने हुन्छ भन्ने भनाई छ । यस क्रममा नेपाल सरकारले आयोगको दायित्व निर्वाह गर्न आवश्यक (सीमित) वजेट उपलब्ध गराउने गरेकै छ, यसका लागि नेपाल सरकार र विशेष गरी अर्थ मन्त्रालय प्रति आयोग आभार व्यक्त गर्दछ । तर आयोगले लामो छलफल र यथेष्ट मात्रामा आवश्यकताको तथ्यगत मूल्याङ्कन गरी कार्यक्रम र यसका लागि आवश्यक वजेटको प्रस्ताव तयार गरेको हुन्छ । यसरी प्रस्ताव गरिएको कार्यक्रम तथा वजेटलाई मन्त्रालय मार्फत प्राप्त हुने वजेट सीलिङ्ग र बजेट छलफलका क्रममा फरक प्रकारबाट स्वीकृत गरिने प्रणालीका कारण कतिपय कार्यक्रम नै काटिने वा स्वीकृत भए पनि अपर्याप्त वजेट उपलब्ध हुने कारणबाट कार्यक्रम सञ्चालन गर्न नै वाधा पुग्ने गरेको अवस्था छ । यसका कारण आयोग आफ्नो उद्देश्य अनुरूप कार्य सम्पादन गर्न समस्यामा पर्ने गरेको छ । आयोगको स्वतन्त्रताको परिक्षणमा उत्तिर्ण हुन अहिले भै रहेको व्यवस्थामा केहि परिवर्तन गर्न सकियो भने स्वाभाविक रूपमा सूचनाको हक प्रति रहेको नेपाल सरकारको प्रतिवद्धता र अग्रसरतामा थप समृद्ध हुने विश्वास आयोगको रहेको छ । यसका लागि नेपाल सरकारले आयोगसँग छलफल गरी आयोगलाई एकमुष्ट वजेट उपलब्ध गराउने र आयोगले प्रचलित कानूनको परिधि भित्र रही स्वीकृत गरेको कार्यक्रमहरूमा खर्च गर्न पाउने व्यवस्था हुनुपर्ने । यो प्रचलन नेपालका केहि निकायहरू र विभिन्न देशहरूमा अपनाइने प्रणाली नै भएकोले यस्तो प्रणाली अपनाउन उपयुक्त हुने देखिन्छ ।

८.१२ सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २१ मा "आयोगको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ र आयोगले आवश्यकता अनुसार नेपालका विभिन्न स्थानमा आफ्नो कार्यालय खोल्न सक्नेछ" भन्ने व्यवस्था गरेको छ । नेपालको संविधानले तीन तहको शासकीय संरचना बनाएको र प्रदेश तथा स्थानीय स्तरका सार्वजनिक निकायहरूबाट नागरिक तहमा अधिकतम सेवा प्रवाह हुने गरेको छ । यसका कारण सूचनाको हकको प्रयोग अर्थात सूचनाको माग स्थानीय तहमा बढी हुने गरेको छ । आयोगको कार्यालय काठमाडौंमा मात्र रहँदा नेपालभर छरिएर रहेका सूचना

मागकर्ताहरूलाई सूचना नपाएको उजुरी वा पुनरावेदन गर्न काठमाडौंमा नै आउनु पर्ने बाध्यताका कारण बाधा पुगिरहेको गुनासो प्रशस्त मात्रामा आउने गरेको छ । तसर्थ शुरुआती चरणमा आयोगले प्रत्येक प्रदेशमा थोरै कर्मचारी रहने गरी एक एक वटा सम्पर्क कार्यालय खोल्न आवश्यक देखिएको छ ।

८.१३ आयोग स्थायी प्रकृतिको भएको र हालसम्म पनि आफ्नो जग्गा वा भवन नभएकोले भाडामा बस्नु परिरहेको अवस्था हुँदा प्रत्येक वर्ष भाडा बृद्धि भई नै रहेको हुन्छ । भाडा कै कारण आयोग एक ठाउँबाट अर्को ठाउँमा सर्नु पर्ने अवस्था पनि आउने गरेको छ । सेवाग्राहीलाई स्थायी ठेगाना दिन नसकिएको अवस्था रहेको कारणबाट बाधा पर्ने गरेको छ । यसबाट बर्षेनी ठुलो रकम भाडाका रूपमा खर्च गरीरहनु पर्दा देशको लागि अनावश्यक व्ययभार बढ्दै गईरहेको छ । आयोगले आयोगका लागि स्थायी रूपमा आयोग कै नाममा रहने गरी भवन उपलब्ध गराउन वा निर्माण गरिदिन सम्पर्क मन्त्रालय सञ्चार तथा सूचना प्रविधि मन्त्रालय मार्फत नेपाल सरकारलाई पटक पटक अनुरोध गरिसकेकोमा संवोधन हुन सकेको छैन । कतिपय प्रयोगमा आउन नसकेको तथा निकट भविष्यमा प्रयोगमा पनि आउने संभावना नरहेका सरकारी जग्गा र भवन एकातर्फ खेर जानु र अर्को तर्फ सरकारी कार्यालय व्यक्तिको घरमा महङ्गो भाडा तिरेर वस्नुले नेपाल सरकार माथि परेको अनावश्यक आर्थिक व्ययभार पर्ने देखिदा नेपाल सरकारले आयोगका लागि उपयुक्त भवन वा जग्गा उपलब्ध गराई भवन निर्माण गर्ने व्यवस्था गर्ने ।

८.१४ आयोगलाई कानूनले स्वतन्त्र आयोगको रूपमा मान्यता दिएको भएता पनि यसका आफ्नै कर्मचारीहरू नहुनु, नेपाल सरकारबाट खटि आउने कर्मचारीहरूको निश्चित अवधि पुरा नहुँदै छिटो छिटो सरुवा हुनु, आयोगको स्रोत साधनको कमी कारण प्राथमिकता प्राप्त कर्मचारीहरू आयोगमा आउन नचाहनु र आयोगमा कार्यरत कर्मचारीहरू पनि लामो समयसम्म आयोगमा रहन नचाहनुका कारण आयोगको काम कारबाहीमा असहज स्थिति उत्पन्न हुने हुँदा मानव अधिकार आयोगको जस्तै यस आयोगले पनि आफ्ना कर्मचारी नियुक्ति गर्ने व्यवस्था हुनु पर्ने ।

बिगतमा दिईएका सुझाव र कार्यान्वयनको अवस्था

क. सं.	बिगतमा दिईएका सुझावहरू	कार्यान्वयनको अवस्था
१	**संविधानको धारा २७ परिमार्जन गर्ने** नेपालको संविधानको धारा २७ मा "प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि बिषयको सूचना माग्ने र पाउने हक हुनेछ । तर कानून बमोजिम गोप्य राख्नु पर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पारिने छैन" भन्ने व्यवस्था छ । यसमा निम्नानुसारको संशोधन गरी परिमार्जन गर्नु पर्ने देखिन्छ : १.१ <u>प्रतिबन्धात्मक वाक्यको भ्रम हटाउने</u> : संविधानको धारा २७ मा रहेको प्रतिबन्धात्मक वाक्यमा रहेको "तर कानून बमोजिम गोप्य राख्नु पर्ने सूचना दिन बाध्य गरिने छैन" भन्ने कुरा सूचनाको हकसम्बन्धी ऐनले प्रबाह नगरिने सूचना दिन बाध्य गरिने छैन भन्ने भावनामा लेखिएको हो । तर, केही व्यक्तिहरूले क्षेत्रगत कानूनमा रहेको गोप्य प्राबधान समेतलाई जोडेर यस बिषयलाई बुझ्दा भ्रम श्रृजना भएको छ । यसर्थ संविधानको धारा २७ को प्रतिबन्धात्मक वाक्यमा "तर सूचनाको हकसम्बन्धी कानूनमा प्रबाह नगरिने भनिएका सूचना दिन कसैलाई पनि बाध्य गरिने छैन" भनी परिमार्जन गर्ने । १.२ <u>प्रबाहको हक थप गर्ने</u> :	कार्यान्वयन हुन बाँकी

	सन् १९४८ मा जारी गरिएको मानव अधिकारसम्बन्धी घोषणापत्रको दफा १९ मा र विश्वव्यापी प्रचलनलाई नियाल्दा प्रत्येक व्यक्तिमा सूचना माग्ने, पाउने र प्रवाह गर्ने हकको सुनिश्चिता देखिन्छ । यसर्थ संविधानको धारा २७ मा पनि 'प्रवाहको हक' थप गर्ने । १.३ नागरिकको सट्टा व्यक्तिलाई अधिकार : हाल हामी बिश्वव्यापी संजालमा आबद्ध छौं । नेपालले बिश्वका प्रायः सबै अन्तर्राष्ट्रिय संयन्त्र/संजालको सदस्यता लिनुका साथै तिनीहरूको संरचनाप्रति प्रतिबद्धता जनाएको छ । हामीले प्रत्यक्ष बैदेशिक लगानी (FDI) को आह्वान गरेका छौं । गैह्र आवासीय नेपालीले पनि नेपालमा लगानी बृद्धि गर्दैछन् । नेपालको प्राथमिकतामा पर्यटन व्यवसाय पर्दछ । यी सबै पक्षलाई मनन् गर्दा अब 'नेपाली नागरिक' लाई प्रदान गरिएको आफूसँग सम्बन्धित सूचना माग्ने हक 'व्यक्ति' लाई प्रदान गर्ने गरी संविधान संशोधन गर्ने । १.४ प्रादेशिक सूचना आयोगको स्थापना गर्ने : नेपालको संविधानले नेपाललाई ७ वटा प्रदेशमा बिभाजन गरेको छ । संघीय शासन पद्धति अवलम्बन गरेका प्रायः सबै मुलुकमा संघीय सूचना आयोग र प्रादेशिक सूचना आयोग स्थापना गर्ने प्रचलन छ । यसर्थ नेपालमा पनि प्रादेशिक सूचना आयोग स्थापनाको संबैधानिक प्रत्याभूति गर्ने ।	
२	**सूचनाको हकसम्बन्धी ऐनमा संशोधन गर्ने** ऐन जारी भएको एघार बर्ष बितिसकेको छ । यस अबधिमा नयाँ संविधान नै जारी भएको र राजनैतिक क्षेत्रमा व्यापक परिबर्तन भएकाले सूचनाको हकसम्बन्धी ऐन, २०६४ मा केही बिषय बस्तुमा आधारभूत रूपमै परिमार्जन गर्नुपर्ने महसुस गरिएको छ । जो निम्नानुसार छन् : २.१ परिभाषाको दफालाई प्रष्ट पार्ने : ऐनको परिभाषा खण्डमा सार्वजनिक निकाय भन्नाले सरकारी कार्यालय, राजनैतिक दल र सार्वजनिक संस्थानलाई बुझाएको कुरा प्रष्ट छ । तर, गैह्र सरकारी संस्था र निजी क्षेत्रका सन्दर्भमा प्रष्ट हुने गरी परिभाषा खण्डमा लेखिनु आवश्यक छ । २.२ स्वतः प्रकाशन र दण्डको व्यवस्था : सूचनाको हकसम्बन्धी ऐनको मूल उद्देश्य भनेकै नागरिकले सूचना माग नगरे पनि लोकतन्त्रमा सार्वजनिक निकाय आफै खुल्ला, पारदर्शी, र जवाफदेही हुन ती निकायबाट निरन्तर सूचना प्रबाह भैरहनु पर्ने हो । यसका लागि ऐनको दफा ५ मा प्रत्येक ३।३ महिनामा सार्वजनिक निकायले स्वतः प्रकाशन गर्नु पर्ने व्यवस्था भएपनि अधिकांश निकायले यो व्यवस्थाको पालना गरेको पाईदैन । कानूनी रूपमा दण्डित हुने प्रष्ट व्यवस्था नभएकाले यस्तो हेलचेक्र्याई भएको महसुस गरिएको छ । त्यसैले यस्तो बिवरण सार्बजनिक नगरेमा दण्ड हुने वा बजेट रोक्का गरिने वा अन्य बिभागीय सजाय हुने गरी प्रष्ट व्यवस्था गर्न अति नै जरुरी छ । २.३ सूचना अधिकारीको योग्यता र सुबिधा : सूचनाको हकसम्बन्धी कानूनबमोजिम नागरिकलाई सूचना प्रबाह गर्न सर्वाधिक महत्वपूर्ण भूमिका निर्बाह गर्ने पदाधिकारी नै सूचना अधिकारी हो । यसर्थ निज कार्यालय प्रमुख पछिको दोस्रो व्यक्ति तोकिनु पर्ने वा	कार्यान्वयन हुन बाँकी

प्रचार विभागको प्रमुख वा निश्चित महाशाखाको प्रमुख तोकिनु पर्दछ । निजले सूचना प्रबाहको तालीम लिएको हुनु पर्छ । निज नागरिकको अधिकारको प्रचलनमा सकारात्मक सोच भएको हुन पर्छ। निजलाई सूचना अधिकारी भै काम गरे बापत केही सुबिधा दिने गरी प्याकेज घोषणा गर्नु पर्छ। बार्षिक रूपमा उत्कृष्ट सूचना अधिकारीलाई पुरस्कृत गर्नु पर्छ। यी विषयलाई सम्बोधन हुने गरी ऐन र नियमावलीमा प्रष्ट व्यवस्था गर्ने ।

२.४ कार्यबिधि छोट्याउने :

बर्तमान सूचनाको हकसम्बन्धी ऐनले सूचना माग गरेको १५ दिनभित्र सूचना अधिकारीले सूचना उपलब्ध नगराएमा वा निजले सूचना दिन इन्कार गरेमा कार्यालय प्रमुखसमक्ष उजूरी गर्नुपर्ने, त्यसपछि प्रमुखले ७ दिनभित्र सूचना दिनु उपलब्ध गराउनु पर्ने, निजबाट पनि सूचना उपलब्ध नभए पुनरावेदनमार्फत राष्ट्रिय सूचना आयोगले सूचना दिनू भन्ने आदेश जारी गर्नुपर्ने व्यवस्था छ। यो प्रक्रिया लामो र झण्झटपूर्ण भएको आम नागरिकको गुनासो छ। यसर्थ सामान्य, माध्यमस्तरीय र जटिल सूचना गरी क्रमशः ३ देखि ५ दिन, ५ देखि १० दिन र १० देखि १५ दिनभित्र सूचना उपलब्ध गराउने गरी कार्यदिन वर्गीकरण गर्नु उपयुक्त हुन्छ । यसैगरी सूचना अधिकारी र कार्यालय प्रमुखको दुई तहको प्रणाली पनि साह्रै बैज्ञानिक देखिएको छैन । व्यवहारमा यी दुबैको निर्णय सर्वत्र एकै देखिएको छ । यसर्थ यसमा पनि सुधारको खाँचो देखिएको छ । साथै, मौखिक सूचना माग र प्रबाहको पनि अभिलेख राख्ने प्रणालीको विकास गरी बार्षिक रूपमा कति वटा सूचना प्रबाह भयो ? सोको दुरुस्त बिवरण सार्वजनिक गर्नु पर्दछ। यस बिषयलाई बाध्य हुने गरी ऐन संशोधन गर्ने ।

२.५ आयोगका पदाधिकारी सम्बन्धी व्यवस्था :

राष्ट्रिय सूचना आयोगका पदाधिकारीसम्बन्धी व्यवस्थामा पनि सिफारिस समिति र पदावधिमा सुधारको आवश्यकता बोध भएको छ। विश्वव्यापी प्रचलनलाई हेर्दा प्रधानमन्त्रीको अध्यक्षतामा विपक्षी दलको नेतासमेत रहेको सिफारिस समितिको सिफारिसका आधारमा आयोगका पदाधिकारीहरू राष्ट्रपतिबाट नियुक्ति गर्नु पर्छ। साथै, सूचना आयुक्तहरू प्रमुख सूचना आयुक्तमा नियुक्ति हुन एक पदावधिले बाधा नपर्ने कुरा पनि प्रष्ट्याउनु जरुरी छ । साथै, आयोगको निरन्तरताका लागि दुई जना आयुक्तको हकमा चक्रीय प्रणालीद्वारा प्रत्येक साढे दुई बर्षमा एक जना नियुक्ति गर्ने प्रबन्ध गर्न सके राम्रो हुने अनुभवले देखाएकोले सो बमोजिम कानून संशोधन गर्ने ।

२.६ सूचना बर्गिकरणको समयाबधि तोक्ने :

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २७ मा सूचना बर्गिकरण गर्ने व्यवस्था छ। हाल सूचना बर्गिकरण नभएको स्थिति छ। यसमा अधिकतम् ३ महिनाभित्र सूचना बर्गिकरण गर्नु पर्ने गरी समय सिमा किटान गर्ने ।

२.७ कार्यालय प्रमुख र सूचना अधिकारी बाहेकका पदाधिकारीलाई पनि दायित्व तोक्ने :

सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम नागरिकमा सूचना प्रवाह गर्नुपर्ने गरी कार्यालय प्रमुख र सूचना अधिकारीको मात्र दायित्व स्पष्ट रूपमा किटान भएको अहिलेको अवस्थामा कतिपय कार्यालयहरूमा

	दायित्व स्पष्ट किटान नभएका अन्य शाखा सम्वद्ध कर्मचारीहरूबाटै सूचना अधिकारीको सूचनाको पहुँचमा अबरोध पुगिरहेको भन्ने व्यापक गुनासो आईरहेको सन्दर्भमा सूचना प्रवाहमा विलम्व हुनु वा अवरोध पुऱ्याउन र कार्यालय प्रमुख वा सूचना अधिकारीले अन्य कर्मचारी संलग्न भएको भन्ने उजुरी/निवेदन गरेमा त्यस्ता कर्मचारीलाई पनि सूचनाको हकसम्बन्धी कानून बमोजिम आवश्यक कारवाहीको प्रक्रिया अघि बढाउन सक्ने गरी कानूनी व्यवस्था गर्ने । २.८ मन्त्रिपरिषद्लाई पनि जवाफदेही बनाउने : सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम सूचना उत्पादन गर्ने निकाय नै सूचना प्रवाहका लागि जिम्मेवार हुने व्यवस्था छ । तर मन्त्रिपरिषद्बाट हुने निर्णयहरू मन्त्रालयबाट प्रस्तावका रूपमा जाने र कतिपय अवस्थामा प्रधानमन्त्रीबाट सोझै ठाडो प्रस्ताव पनि आउने प्रचलन रहेकोमा सूचना माग्ने जनतालाई सूचना उत्पादन गर्ने निकायको किटानी गर्न झण्झट पर्न सक्ने हुँदा सिङ्गो मन्त्रिपरिषद्लाई एउटा सार्वजनिक निकाय मानी मन्त्रिपरिषद्को निर्णयको सूचना अनिवार्य प्रवाह गर्ने सुप्रबन्धका लागि सूचना अधिकारी तोक्ने गरी कानूनी व्यवस्था मिलाउने ।	
३	**सूचनाको हकसम्बन्धी नियमावलीमा संशोधन** समय र परिस्थितिको गतिशीलतासँगै मौजूदा ऐन र नियमावलीमा संशोधनको आवश्यकता पर्दछ । हाल सूचनाको हकले नागरिकमा सचेतना बृद्धि गर्दै लगेको परिवेशमा सूचनाको हकसम्बन्धी नियमावली, २०६५ मा पनि समय सापेक्ष निम्नानुसारको परिमार्जन आवश्यक देखिएको छ : ३.१ स्वतः प्रकाशनको प्रावधानमा संशोधन : नियमावलीको नियम नं. ३ मा ३।३ महिने स्वतः प्रकाशनमा ऐनको प्रावधानमा अतिरिक्त ७ वटा बुँदा थप गरिएको छ । यी बुँदा प्रायः सरकारी कार्यालयको लागि मात्रै अनुकूल हुँदा बिशेषगरी राजनैतिक दल र निजी क्षेत्रका लागि आवश्यक नपर्ने गरी यस प्रावधानलाई परिमार्जजन गर्ने । ३.२ मौखिक र विद्युतीय सूचनाको व्यवस्था : नेपालमा मौखिक सूचना माग गर्ने र दिने, तर अभिलेख नराख्ने प्रचलन छ । यसमा सुधार गर्न जरुरी छ । साथै, विद्युतीय संजालबाट सूचना प्रवाह गर्ने प्रावधान गर्नु तथा विद्युतीय सञ्जालबाटै सूचना माग्ने, पाउने र नपाए पुनरावेदन गर्ने कुरालाई वैधानिकता दिने गरी नियमावलीमा थप गर्ने ।	कार्यान्वयन हुन बाँकी
४	**विश्व विद्यालय र स्कूलको पाठ्यक्रममा समावेश गर्ने** त्रिभुवन विश्व विद्यालय वा अन्य कुनै विश्व विद्यालयमा सूचनाको हकको छुट्टै विभाग स्थापना गर्नुपर्छ । यस विभागमा अन्य मिल्दो बिषयहरू पनि समावेश गर्न सकिन्छ । यस विधाको अध्ययनले नेपालमा लोकतन्त्रको प्रबर्द्धन र स्थायित्वलाई बल पुऱ्याउने छ । यस बिषयमा स्नातक वा स्नातकोत्तर गरेकालाई छुट्टै सेवा समूह गठन गरी सूचना अधिकारीमा नियुक्ति गर्न पनि सकिन्छ । हुनतः हालका लागि पत्रकारिता वा कानून बिषयमा स्नातक वा स्नातकोत्तर गरेकालाई सूचना अधिकारीमा नियुक्ति गर्ने गरी निजामती सेवा ऐनमा आवश्यक संशोधन गर्नु उपयुक्त हुनेछ । यसैगरी स्कूलको कक्षा ६ देखि १२ कक्षासम्मको पाठ्यक्रममा सूचनाको हकलाई समावेश गर्दा विद्यार्थीहरूले पारदर्शिता, जवाफदेहिता, उत्तरदायित्व र	यसको सम्बन्धमा विद्यालयस्तरको पाठ्यक्रममा समावेश गरिएता पनि विश्वविद्यालयको हकमा कार्यान्वयन हुन बाँकी रहेको ।

	सुशासनको बोध गर्नेछन् । यसबाट भावि पुस्ताले सञ्चालन गर्ने राजनीति, प्रशासन, गैह्रसरकारी संस्था र निजी प्रतिष्ठान तुलनात्मक रूपमा पारदर्शि हुने कुरामा विश्वस्त हुन सकिन्छ । हाल कक्षा ६, ७, ९ र ११ मा समावेश भइसकेपनि कक्षा ८ र १२ को पाठ्यक्रममा समेत समावेश गर्ने । यस अतिरिक्त सबै सरकारी तालीम केन्द्र र उपभोक्ता समूह लगायत सबै संस्था र निकायका कार्यक्रममा सूचनाको हकलाई अनिवार्य रूपमा समावेश गर्ने प्रबन्ध गर्ने ।	
५	**सूचनाको हकलाई कार्यसम्पादन मूल्याङ्कनको आधार बनाउने** नागरिक सूचना माग्न आएपनि वा नआएपनि सार्वजनिक निकाय आफै खुला, पारदर्शि र जवाफदेही हुँदै सुशासन कायम गर्न सूचना प्रवाह गर्नु संविधानको धारा २७ र सूचनाको हकसम्बन्धी ऐन, २०६४ को मूल मर्म हो । संविधान र कानूनको यो मूल मर्म कार्यान्वयनमा ल्याउन सार्वजनिक निकायका पदाधिकारी/कर्मचारीलाई जनतामा सूचना प्रवाह गर्न उत्प्रेरित, जागरुक र सचेत गराउन अनिवार्य हुन्छ । यही कारण अहिलेलाई कम्तिमा सार्वजनिक निकायमध्ये जनताप्रति बढि जवाफदेही हुनुपर्ने सरकारी कार्यालयका कर्मचारीहरूलाई सूचना प्रवाह गरेर पारदर्शी र जवाफदेही बनाउन उनीहरूको कार्यसम्पादन र मूल्याङ्कनको आधारहरूमध्ये सूचनाको हक कार्यान्वयनलाई पनि समावेश गर्ने गरी सम्बन्धित कानूनमा व्यवस्था गर्ने ।	कार्यान्वयन हुन बाँकी
६	**सूचनादाताको संरक्षण सम्बन्धी नियमावली बनाउने** सार्वजनिक निकायमा भएको वा हुने बेथिति, अनियमितता वा भ्रष्टाचार नियन्त्रण गर्न सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २९ मा राखिएको सूचनादाताको संरक्षणसम्बन्धी व्यवस्थामा रहेका पाँच वटा उपदफा यो उद्देश्य प्राप्तिका लागि पर्याप्त नभएको महशुस गरी सूचनादाताको संरक्षणसम्बन्धी अलग्गै कानूनको आवश्यकता बोधसहित यस अघि सुझाव दिइसकेको सन्दर्भमा यो कानून निर्माणको गहनता, अन्तर्राष्ट्रिय अभ्यासको अध्ययन, यसमाथिको ब्यापक छलफल र निष्कर्ष समेतलाई बिचार गर्दा यसको निर्माण गर्न केही लामो समय लाग्ने भएको हुँदा सार्वजनिक निकायमा हुने वा भएको बेथिति, अनिमियमितता र भ्रष्टाचार नियन्त्रणमा तत्काल तदारुकता आवश्यक भएकाले हाललाई सूचनाको हकसम्बन्धी ऐनको दफा-२९ को व्यवस्थालाई थप स्पष्ट र प्रभावकारी बनाउन सूचनादाताको संरक्षणसम्बन्धी नियमावली पारित गरी कार्यान्वयनमा ल्याउने ।	कार्यान्वयन हुन बाँकी
७	**सरकारी कर्मचारीहरूलाई गोपनीयताको सट्टा पारदर्शीताको शपथ दिने व्यवस्था गर्ने** हाल सरकारी कर्मचारीलाई पद तथा गोपनीयताको शपथ गराउने गरिएको छ । एकातिर यस प्रकारको शपथ गराउने र अर्कोतिर सूचना प्रबाह गर, पारदर्शि हुनुपर्छ भन्दा नमिलेको जस्तो महशुस भएको छ । यसर्थ संभव भए गोपनीयताको शपथ नै हटाउनु पर्छ, हाल सो संभव नदेखिए सूचनाको कानून अनुसार सूचना प्रबाह गर्न भने यो गोपनीयताको शपथले बाधा नपर्ने कुरा प्रष्ट पार्न जरुरी छ ।	कार्यान्वयन हुन बाँकी
८	**७५३ वटा स्थानीय तहहरूमा आरटिआई अम्बुड्सम्यान गठन गर्ने** नेपालका ७ ओटा प्रदेशमा सातओटा सूचना आयोग गठन गर्नु पर्छ । यसैगरी ७५३ ओटा स्थानीय तहमा सूचना प्रबाहको प्रबन्ध गर्नका लागि उपप्रमुख वा उपाध्यक्षको संयोजकत्वमा कम्तिमा स्थानीय संचारकर्मी, सूचनाको हकका अभियन्ता र नागरिक समाजका प्रतिनिधि समेत रहने गरी एउटा सूचना प्रबाहको जिम्मेबार संजाल गठन गर्नुपर्छ ।	कार्यान्वयन हुन बाँकी

९	**आयोगको प्रतिरक्षा गर्ने प्रणाली व्यवस्थित गर्ने** राष्ट्रिय सूचना आयोगले सार्वजनिक निकायको प्रमुख वा सूचना अधिकारीलाई सूचना प्रवाह गर्न दिएको आदेशका विरुद्धमा सम्मानित सर्वोच्च अदालत वा पुनरावेदन अदालतमा पुनरावेदन वा रिट निवेदन दिएको अवस्थामा आयोगको तर्फबाट महान्यायाधिवक्ताको कार्यालले अनिवार्यरूपमा बहस पैरबी गर्नुपर्ने कानूनी व्यवस्था गर्नुपर्छ ।	कार्यान्वयन हुन बाँकी
१०	**बाझिएका कानून संशोधन गर्ने** सूचनाको हकसम्बन्धी ऐन, २०६४ सँग बाझिएका कानूनहरूका प्राबधानहरूलाई केही नेपाल ऐन संशोधन गरी परिमार्जन/संशोधन/खारेज गर्ने ।	कार्यान्वयन हुन बाँकी
११	**खुल्ला सरकारी तथ्यांकसम्बन्धी प्रस्तावित कार्ययोजना लागू गर्ने** संविधानको धारा २७ र सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेका सूचनामा जनताको पहुँच स्थापित गर्न सूचनाको अधिकार प्रदान गरेको सन्दर्भमा तथ्य/तथ्याङ्क विनाको सूचना कोरा भुत्ते हुने भएकाले संविधान र कानूनको भावना र मर्मअनुसार नागरिकलाई सुसूचित गरेर साँचो अर्थमा सशक्तिकरण गर्न सवै सार्वजनिक निकायमा रहेका तथ्य/तथ्याङ्कलाई नागरिकले निर्वाध उपयोग गर्ने गरी पुर्नयोग/वितरण गर्न सक्ने गरी मेशीन रिडेवल फरर्मेटमा सार्वजनिक गर्न जरुरी छ । यस्का लागि सार्वजनिक निकायलाई पारदर्शी र जवाफदेही बनाउन राष्ट्रिय सूचना आयोगले सरकारलाई बुझाएको खुला सरकारी तथ्याङ्क सम्बन्धी प्रस्तावित कार्ययोजना लागू गर्ने ।	कार्यान्वयन हुन बाँकी

अनुसूची १
नागरिक बडापत्र

क्र.सं.	सेवाको किसिम	सेवा प्रदान गर्ने शाखा	तल्ला	सेवा प्रदान गर्ने कर्मचारीहरू	निर्णय प्रक्रिया तथा सेवा प्राप्त गर्न पेश गर्नुपर्ने कागजात	सेवा प्राप्त गर्न लाग्ने शुल्क	सेवा प्राप्त गर्न लाग्ने समय	सेवा प्राप्त नभएमा उजुरी/पुनरावेदन सुन्ने अधिकारी	कै.
१.	सार्वजनिक निकायबाट सूचना नपाएको, गलत वा अधुरो सूचना पाएको सम्बन्धमा पुनरावेदन	पुनरावेदन तथा फैसला कार्यान्वयन शाखा	दोस्रो तल्ला	उप सचिव श्री बाबुराम पाण्डे कानुन अधिकृत श्री शान्ति वाग्ले शाखा अधिकृत श्री मन्दिरा महर्जन नायव सुब्बा श्री विदुर आचार्य	– सार्वजनिक निकायको प्रमुखले गरेको निर्णयउपर चित्त नबुझ्ने व्यक्तिले ३५ दिनभित्र आयोगसमक्ष पुनरावेदन दिनसक्ने । – यसरी प्राप्त पुनरावेदनको कारवाही र किनारा गर्दा आयोगले सम्बन्धित प्रमुख वा सूचना अधिकारीलाई आफू समक्ष उपस्थित गराई बयान गराउन, कुनै लिखत पेश गर्न लगाउन, सो सम्बन्धमा साक्षी प्रमाण बुझ्न वा सार्वजनिक निकायबाट कुनै लिखतको नक्कल माग गर्ने । – पुनरावेदनको व्यहोरा मनासिब देखिएमा समयावधि तोकी पुनरावेदकलाई विना शुल्क सूचना उपलब्ध गराउनु भनी सम्बन्धित निकायको प्रमुखको नाममा आदेश गर्ने । – पुनरावेदन निरर्थक देखिएमा खारेज गर्ने । – सो पुनरावेदनको सम्बन्धमा आवश्यक कारवाही गरी अन्तिम निर्णय गर्ने र आयोगको आदेशको कार्यान्वयनको अनुगमन गर्ने ।	कुनै शुल्क नलाग्ने	पुनरावेदन परेको ६० दिनभित्र	आयोगले गरेको सजाय उपर पुनरावेदन अदालतमा पुनरावेदन लाग्ने, अन्यको हकमा पुनरावेदन नलाग्ने । आयोगको कार्य र प्रक्रियाका सम्बन्धमा प्रमुख सूचना आयुक्त समक्ष उजूरी गर्न सकिने ।	
२.	योजना तर्जुमा गर्ने, सूचनाको हकको प्रवर्द्धन गर्ने तथा अनुगमन गर्ने	योजना तथा प्रवर्द्धन शाखा	पहिलो तल्ला	उप सचिव कपिल प्रसाद उपाध्याय शाखा अधिकृत श्री डिल्लीराम भट्ट	– योजना तथा प्रवर्द्धन शाखा प्रमुखले बार्षिक रूपमा सञ्चालन गर्ने कार्यक्रम तयार गर्ने । – स्वीकृत बार्षिक कार्यक्रम अनुसार गर्नुपर्ने कामहरूको बजेट, कार्यक्रम र औचित्य समेत विचार गरी कार्यक्रम सञ्चालनको लागि अवधारणा तयार गर्ने र कार्यान्वयन गर्ने । – सूचना परियोजना कार्यान्वयन गर्ने ।	कुनै शुल्क नलाग्ने	निरन्तर	सचिव श्री मणिराम ओझा	
३.	सूचना अधिकारी /सहायक प्रवक्ता आयोगको दैनिक प्रशासन सञ्चालन	प्रशासन शाखा	भुई तल्ला	उप सचिव श्री दिवस आचार्य मो.नं. ९८५१२४४६६५ शाखा अधिकृत श्री हिरा कुमारी यादव शाखा अधिकृत श्री सन्ध्या सिग्देल	– कर्मचारी प्रशासन, आर्थिक प्रशासन, आन्तरिक प्रशासन गर्ने । – स्टोर व्यवस्थापन लगायत सबै काम गर्ने । – आयोगसँग सम्बन्धित सूचना माग भएबमोजिम उपलब्ध गराउने ।	कुनै शुल्क लाग्दैन	निरन्तर	सचिव श्री मणिराम ओझा	

आयोगको नोटिस वोर्ड सेवा नम्बर :–१६१८०७०७८२४२६
फोन नम्बर :– ०१-४४६४४१२, ४४९६५४४
ईमेल :– nifo@nic.gov.np
Facebook/rtinepal
Web Site :- www.nic.gov.np
फ्याक्स नम्बर :– ४४९६५४५

अनुसूची २

राष्ट्रिय सूचना आयोगको सँगठन संरचना



अनुसूची ३

आर्थिक बर्ष २०७६/७७ मा सम्पन्न भएका सूचनाको हकसम्बन्धी कार्यक्रमहरूको संक्षिप्त विवरण

सि.नं.	कार्यक्रमको नाम	जिल्ला	मिति	सहभागि संख्या	सलग्न पदाधिकारीरकर्मचारी
१	प्रदेश नं १ का प्रदेश सभाका माननीय सदस्यहरुसँग सूचनाको हक सम्बन्धि अन्तरक्रिया	मोरङ	२०७६।०५।०९	११८	प्रमुख सूचना आयुक्त श्री कृष्णहरी बाँस्कोटा, सूचना आयुक्त श्री किरण कुमार पोखरेल, सचिव श्री मणिराम ओझा, उप सचिव श्री बाबुराजा श्रेष्ठ र ना.सु मोहन बहादुर बुढाथोकी
२	उच्च अदालतका न्यायाधीश र जिल्ला अदालतका जिल्ला न्यायाधीश, न्यायाधिवक्ता र बार एशोसिएसनका कानून व्यवसायीहरुसँग अन्तर्क्रिया	मोरङ	२०७६।०५।०९	११४	प्रमुख सूचना आयुक्त श्री कृष्णहरी बाँस्कोटा, सूचना आयुक्त श्री किरण कुमार पोखरेल, सचिव श्री मणिराम ओझा,उप सचिव श्री बाबुराजा श्रेष्ठ र ना.सु मोहन बहादुर बुढाथोकी
३	उच्च अदालतका न्यायाधीश र जिल्ला अदालतका जिल्ला न्यायाधीश, न्यायाधिवक्ता र बार एशोसिएसनका कानून व्यवसायीहरुसँग अन्तर्क्रिया	दाङ	२०७६।०५।२६	८०	प्रमुख सूचना आयुक्त श्री कृष्णहरी बाँस्कोटा, सूचना आयुक्त श्री किरण कुमार पोखरेल, सूचना आयुक्त श्री यशोदादेवी तिम्सिना, सचिव श्री मणिराम ओझा,उप सचिव श्री बाबुराम पाण्डे र ना.सु श्री देव बहादुर घिमिरे
४	उच्च अदालतका न्यायाधीश र जिल्ला अदालतका जिल्ला न्यायाधीश, न्यायाधिवक्ता र बार एशोसिएसनका कानून व्यवसायीहरुसँग अन्तर्क्रिया	बुटवल	२०७६।०५।२७	८०	प्रमुख सूचना आयुक्त श्री कृष्णहरी बाँस्कोटा, सूचना आयुक्त श्री किरण कुमार पोखरेल, सचिव श्री मणिराम ओझा, उप सचिव श्री बाबुराम पाण्डे र ना.सु श्री देव बहादुर घिमीरे
५	कार्यालय प्रमुख, सूचना अधिकारी र सञ्चारकर्मीसँग अन्तरक्रिया कार्यक्रम	डोल्पा	२०७६।०७।०४	३४	सूचना आयुक्त श्री यशोदादेवी तिम्सिना, सचिव श्री मणिराम ओझा, सह सचिव श्री कुमार प्रसाद दाहाल र ना.सु श्री मोहन बहादुर बुढाथोकी
६	कार्यालय प्रमुख, सूचना अधिकारी र सञ्चारकर्मीसँग अन्तरक्रिया कार्यक्रम	महोत्तरी	२०७६।०७।२२	१००	सूचना आयुक्त श्री यशोदादेवी तिम्सिना, सचिव श्री मणिराम ओझा, सहसचिव कुमार प्रसाद दाहाल, उप सचिव बाबुराजा श्रेष्ठ,
७	कार्यालय प्रमुख सूचना अधिकारी र सञ्चारकर्मीसँग अन्तरक्रिया कार्यक्रम	रुकुम पूर्व	२०७६।०७।२७	१०३	प्रमुख सूचना आयुक्त श्री कृष्णहरी बाँस्कोटा, सचिव श्री मणिराम ओझा र उप सचिव श्री बाबुराम पाण्डे

८	कार्यालय प्रमुख सूचना अधिकारी र सञ्चारकर्मीसँग अन्तरक्रिया कार्यक्रम	सल्यान	२०७६।०७।२८	९५	प्रमुख सूचना आयुक्त श्री कृष्णहरी बाँस्कोटा, सचिव श्री मणिराम ओझा र उप सचिव श्री बाबुराम पाण्डे
९	कार्यालय प्रमुख सूचना अधिकारी र सञ्चारकर्मीसँग अन्तरक्रिया कार्यक्रम	पाल्पा	२०७६।०८।०८	९०	सूचना आयुक्त श्री यशोदादेवी तिम्सिना, सहसचिव कुमार प्रसाद दाहाल, उप सचिव बाबुराजा श्रेष्ठ, शा.अ. मन्दिरा महर्जन र ना.सु हेमन्त रिज्याल
१०	कार्यालय प्रमुख सूचना अधिकारी र सञ्चारकर्मीसँग अन्तरक्रिया कार्यक्रम	गुल्मी	२०७६।०८।०९	१३५	सूचना आयुक्त श्री यशोदादेवी तिम्सिना, सहसचिव कुमार प्रसाद दाहाल, उप सचिव बाबुराजा श्रेष्ठ, शा.अ. मन्दिरा महर्जन र ना.सु हेमन्त रिज्याल
११	कार्यालय प्रमुख सूचना अधिकारी र सञ्चारकर्मीसँग अन्तरक्रिया कार्यक्रम	सुस्ता पूर्व	२०७६।०८।२७	१४७	सूचना आयुक्त श्री किरण कुमार पोखरेल, सचिव श्री मणिराम ओझा उप सचिव श्री बाबुराम पाण्डे र क.अ. रविन गौतम
१२	कार्यालय प्रमुख सूचना अधिकारी र सञ्चारकर्मीसँग अन्तरक्रिया कार्यक्रम	काठमाडौं	२०७६।०९।२३	८६	प्रमुख सूचना आयुक्त श्री कृष्णहरी बाँस्कोटा, सूचना आयुक्त श्री किरण कुमार पोखरेल, सचिव श्री मणिराम ओझा, सह सचिव श्री कुमार प्रसाद दाहाल लगायत आयोगका कर्मचारीहरु
१३	सूचनाको हकमा महिला सशक्तिकरण सम्बन्धि कार्यक्रम	काठमाडौं	२०७६।१०।२८	१२३	प्रमुख सूचना आयुक्त श्री महेन्द्रमान गुरुङ, सूचना आयुक्त श्री कमला ओली थापा, सचिव श्री मणिराम ओझा, लगायत आयोगका कर्मचारीहरु
१४	कार्यालय प्रमुख सूचना अधिकारी र सञ्चारकर्मीसँग अन्तरक्रिया कार्यक्रम	संखुवासभा	२०७६।११।०८	१०८	सूचना आयुक्त श्री रत्नप्रसाद मैनाली, सचिव श्री मणिराम ओझा,उप सचिव श्री दिवस आचार्य शा.अ. डिल्ली राम भट्ट र ना.सु. हेमन्त रिज्याल

अनुसूची ४

आयोगमा आर्थिक बर्ष २०७६।७७ मा कार्यरत पदाधिकारी र कर्मचारीहरूको विवरण

(क) पदाधिकारीहरू

क. सं.	नामावली	पद	कार्यरत अवधि
१	श्री कृष्णहरि बाँस्कोटा	प्र.सूचना आयुक्त	२०७६।०९।२३ सम्म
२	श्री किरण कुमार पोखरेल	सूचना आयुक्त	२०७६।०९।२३ सम्म
३	श्री यशोदादेवी तिम्सिना	सूचना आयुक्त	२०७६।०९।२३ सम्म

(ख) पदाधिकारीहरू

क. सं.	नामावली	पद	कार्यरत अवधि
१	श्री महेन्द्र मान गुरुङ्ग	प्र.सूचना आयुक्त	२०७६।०९।२४ देखि
२	श्री कमला ओली थापा	सूचना आयुक्त	२०७६।०९।२४ देखि
३	श्री रत्नप्रसाद मैनाली	सूचना आयुक्त	२०७६।०९।२४ देखि

(ग) कर्मचारीहरू

सि.नं.	नामावली	पद	श्रेणी	सेवा/समुह/उप समुह	कार्यरत अवधि
१	श्री मणिराम ओझा	सचिव	विशिष्ट	न्याय	पुरै आर्थिक बर्ष
२	श्री सुशील ढकाल	सह सचिव	रा.प प्रथम	प्रशासन,	२०७६।०५।१५ सम्म
३	श्री कुमार प्रसाद दाहाल	सह सचिव	रा.प प्रथम	प्रशासन,	२०७६।१०।२३ सम्म
४	श्री बिनु बज्राचार्य	सह सचिव	रा.प प्रथम	प्रशासन,	२०७६।१०।२६ देखि
५	श्री बाबुराजा श्रेष्ठ	उप सचिव	रा.प. द्वितीय	प्रशासन, सामान्य प्रशासन	पुरै आर्थिक बर्ष
६	श्री दिवस आचार्य	उप सचिव	रा.प. द्वितीय	प्रशासन, सामान्य प्रशासन	२०७६।११।१२ सम्म
७	श्री कपिल प्रसाद उपाध्याय	उप सचिव	रा.प. द्वितीय	प्रशासन, सामान्य प्रशासन	२०७६।११।०७ देखि
८	श्री बाबुराम पाण्डे	उप सचिव	रा.प. द्वितीय	न्याय, कानून	पुरै आर्थिक बर्ष
९	श्री प्रमिता शर्मा	शाखा अधिकृत	रा.प. तृतीय	प्रशासन, सामान्य प्रशासन	२०७६।०६।१० सम्म
१०	श्री मन्दिरा महर्जन	शाखा अधिकृत	रा.प. तृतीय	प्रशासन, सामान्य प्रशासन	पुरै आर्थिक बर्ष
११	श्री इन्द्र प्रसाद चापागाई	शाखा अधिकृत	रा.प. तृतीय	प्रशासन, सामान्य प्रशासन	२०७६।०६।१० सम्म
१२	श्री सन्ध्या सिग्देल	शाखा अधिकृत	रा.प. तृतीय	प्रशासन, सामान्य प्रशासन	पुरै आर्थिक बर्ष
१३	श्री हिरा कुमारी यादव	शाखा अधिकृत	रा.प. तृतीय	प्रशासन, सामान्य प्रशासन	पुरै आर्थिक बर्ष
१४	श्री डिल्लीराम भट्ट	शाखा अधिकृत	रा.प. तृतीय	प्रशासन, सामान्य प्रशासन	२०७६।१०।०६ देखि
१५	श्री सिजन कुमार ओली	शाखा अधिकृत	रा.प. तृतीय	प्रशासन, सामान्य प्रशासन	२०७६।०८।१५ देखि
१६	श्री हरिहर कार्की	शाखा अधिकृत	रा.प. तृतीय	प्रशासन, सामान्य प्रशासन	२०७७।०२।२१ देखि
१७	श्री शान्ति वाग्ले	कानून अधिकृत	रा.प. तृतीय	न्याय, कानून	२०७६।०४।१९ देखि
१८	श्री मोहन ब. बुढाथोकी	नायव सुब्बा	रा.प.अनं. प्रथम	प्रशासन, सामान्य प्रशासन	२०७६।०८।०९ सम्म
१९	श्री हेमन्त रिज्याल	नायव सुब्बा	रा.प.अनं. प्रथम	प्रशासन, सामान्य प्रशासन	पुरै आर्थिक बर्ष
२०	श्री भिमा घिमिरे	नायव सुब्बा	रा.प.अनं. प्रथम	प्रशासन, सामान्य प्रशासन	२०७६।०६।०५ सम्म
२१	श्री देव बहादुर घिमिरे	नायव सुब्बा	रा.प.अनं. प्रथम	प्रशासन, सामान्य प्रशासन	२०७६।०४।०३ देखि
२२	श्री विदुर आचार्य	नायव सुब्बा	रा.प.अनं. प्रथम	प्रशासन, सामान्य प्रशासन	२०७६।०४।३२ देखि
२३	श्री गौरब गुरुङ	क. अ.	रा.प.अनं. प्रथम	विविध	पुरै आर्थिक बर्ष
२४	श्री रबिन गौतम	क. अ.	रा.प.अनं. प्रथम	विविध	पुरै आर्थिक बर्ष
२५	श्री कृष्णकुमार लामा	ह.स.चा.	श्रेणी विहिन	विविध	पुरै आर्थिक बर्ष
२६	श्री हरि बुढाथोकी	ह.स.चा.	श्रेणी विहिन	विविध	पुरै आर्थिक बर्ष
२७	श्री सिताराम बस्नेत	ह.स.चा.	श्रेणी विहिन	विविध	पुरै आर्थिक बर्ष
२८	श्री विजय श्रेष्ठ	ह.स.चा.	श्रेणी विहिन	विविध	पुरै आर्थिक बर्ष
२९	श्री ब्रिज किशोर राउत थारु	ह.स.चा.	श्रेणी विहिन	विविध	२०७६।०८।०१ देखि
३०	श्री माइली तामाङ	का. स.	श्रेणी विहिन	विविध	पुरै आर्थिक बर्ष
३१	श्री नविन सुवेदी	पाले/चौकिदार	श्रेणी विहिन	विविध	पुरै आर्थिक बर्ष
३२	श्री सुनिता पोडे	कुचीकार	श्रेणी विहिन	विविध	पुरै आर्थिक बर्ष
३३	श्री सृजना देवकोटा	का. स.	श्रेणी विहिन	विविध	पुरै आर्थिक बर्ष
३४	श्री रूपसना भट्टराई	का. स.	श्रेणी विहिन	विविध	पुरै आर्थिक बर्ष
३५	श्री गौतम होमेगाई	का. स.	श्रेणी विहिन	विविध	पुरै आर्थिक बर्ष
३६	श्री मनोज कुमार पोखरेल	का. स.	श्रेणी विहिन	विविध	पुरै आर्थिक बर्ष
३७	श्री अर्जुन तिमल्सिना	पाले/चौकिदार	श्रेणी विहिन	विविध	२०७६।०९।०४ देखि

अनुसूची ५

आर्थिक बर्ष २०७६/७७ मा भएका आदेशहरूको विवरण

	साउन	भदौ	असोज	कार्तिक	मंसिर	पुष	माघ	फागुन	चैत	बैशाख	जेठ	असार	जम्मा
७ दिनभित्र लिखित जवाफ पेश गर्नू भन्ने आदेश	२९	३२	२४	११	३२	१२	३३	२७	७	१	५	१४	२२७
७ दिनभित्र सूचना उपलब्ध गराउनू भन्ने आदेश	१	१७	१०	३	१३	२	२२	१६	४		४	९	१०१
२४ घण्टाभित्र सूचना उपलब्ध गराउनू भन्ने आदेश	१	१											२
दफा ३२ बमोजिम कारबाही गर्नू भन्ने आदेश	१	१						१					३
१५ दिनभित्र दस्तुर पुनरावलोक गर्नू भन्ने आदेश		१											१
३ दिनभित्र सूचना उपलब्ध गराउनू भन्ने आदेश			२	१	३			२	१		१	११	२१
ऐनको दफा १९ बमोजिम भएको आदेश		१			१३		१						१५
ऐनको दफा २८ बमोजिम									१				१
आदेश सच्याईएको		३											३
लगतकट्टा गर्नू भन्ने आदेश	१		१	१	४		१३	६				१८१	२०७
तामेलीमा राख्नू भन्ने आदेश								१	२			५००	५०३
जम्मा आदेश सङ्ख्या	३३	५६	३७	१६	६५	१४	६९	५३	१५	१	१०	७१५	१०८४

आयोगको बैठकबाट भएको आदेश											७६३		७६३
दरपीठ भएको	१३	४	१				१						१९
पत्राचार भएको	१३४	१२३	७७	४३	९६	११६	१२६	९४	३३	१	१५	२६८	११२६
मुद्दा दर्ता सङ्ख्या	२८	४२	२६	६	३२	४६	४३	१९	७	१	४	१३	२६७

परिशिष्ट

आर्थिक बर्ष ०७६/७७ मा आयोगमा परेको पुनरावेदन उपर भएको कारवाहीको संक्षिप्त विवरण

क्रम सङ्ख्या: १

क्र.सं	मिति	विवरण
पक्ष :		गिरिजा अधिकारी
विपक्ष :		जि. बि. स. को कार्यालय, मकवानपुर
१	२०७३।०३।०५	सूचना पाईन भनी पुनरावेदन गरेको ।
२	२०७३।०३।२८	७ दिनभित्र सूचना उपलब्ध गराउनू भन्ने विपक्षीको नाममा आदेश भएको ।
३	२०७३।०३।२९	आदेश कार्यान्वयन सम्बन्धमा पत्र ।
४	२०७७।०४।०९	आवश्यक कारबाहीको लागि लेखी गएको ।

क्रम सङ्ख्या: २

क्र.सं	मिति	विवरण
पक्ष :		राजु ढकाल
विपक्ष :		नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालय
१	२०७२।१२।२८	सूचना पाईन भनी पुनरावेदन गरेको ।
२	२०७२।१२।२९	खुलाई पठाउनु भन्ने विपक्षीका नाममा पत्र ।
३	२०७३।०४।२६	विपक्षीको नाममा ताकेता पत्र लेखी गएको ।
४	२०७३।०५।२९	पुनरावेदकलाई प्राप्त पत्रको जानकारी दिएको ।
५	२०७३।१०।१९	विपक्षीको नाममा ताकेता पत्र लेखी गएको ।
६	२०७४।१०।२३	विपक्षीको नाममा ताकेता पत्र लेखी गएको ।
७	२०७४।१०।२४	पुनरावेदकलाई प्राप्त पत्रको जानकारी दिएको ।
८	२०७६।०३।३१	विपक्षीको नाममा ताकेता पत्र लेखी गएको ।

क्रम सङ्ख्या: ३

क्र.सं	मिति	विवरण
पक्ष :		परमेश्वर धरिकार
विपक्ष :		श्री जनता नि. मा. वि. रामग्राम नवलपरासी
१	२०७४।०४।२०	सूचना पाईन भनी पुनरावेदन गरेको ।
२	२०७४।०४।२६	७ दिनभित्र सूचना उपलब्ध गराउनू भन्ने विपक्षीको नाममा आदेश भएको ।
३	२०७४।०४।३२	आदेश कार्यान्वयन सम्बन्धमा पत्र ।
४	२०७४।०६।२६	विपक्षीको नाममा ताकेता पत्र लेखी गएको ।
५	२०७४।०८।२६	पुनरावेदकलाई प्राप्त पत्रको जानकारी दिएको ।
६	२०७५।०२।०८	विपक्षीको नाममा ताकेता पत्र लेखी गएको ।
७	२०७५।०४।२०	पुनरावेदकलाई प्राप्त पत्रको जानकारी दिएको ।
८	२०७६।०२।०९	विपक्षीको नाममा ताकेता पत्र लेखी गएको ।

क्रम सङ्ख्या: ४

क्र.सं	मिति	विवरण
पक्ष :		परमेश्वर धरिकार
विपक्ष :		जिल्ला शिक्षा कार्यालय, नवलपरासी र बाइसीदेवी प्रा. वि., रगरगञ्ज, सनई, नवलपरासी
१	२०७४।०१।२९	सूचना पाईन भनी पुनरावेदन गरेको ।
२	२०७४।०२।०५	खुलाई पठाउनु भन्ने विपक्षीका नाममा पत्र ।
३	२०७४।०३।३०	पुनरावेदकलाई प्राप्त पत्रको जानकारी दिएको ।
४	२०७४।०६।२०	विपक्षीको नाममा ताकेता पत्र लेखी गएको ।
५	२०७४।०८।२६	पुनरावेदकलाई प्राप्त पत्रको जानकारी दिएको ।
६	२०७४।१२।१५	पुनरावेदकलाई प्राप्त पत्रको जानकारी दिएको ।
७	२०७५।०२।०८	विपक्षीको नाममा सूचना उपलब्ध गराउने सम्बन्धमा पत्राचार गरेको ।
८	२०७६।०३।२९	विपक्षीको नाममा सूचना उपलब्ध गराउने सम्बन्धमा पत्राचार गरेको ।
९	२०७६।०५।०१	पुनरावेदकलाई प्राप्त पत्रको जानकारी दिएको ।
१०	२०७७।०३।३१	तामेलीमा राख्नू भन्ने आदेश ।

क्रम सङ्ख्या: ५

क्र.सं	मिति	विवरण
पक्ष :		अशोक कुमार कलवार
विपक्ष :		आयूर्वेद चिकित्सा परिषद, नरदेवी, काठमाडौं
१	२०७५।०२।०४	सूचना पाईन भनी पुनरावेदन गरेको ।
२	२०७५।०२।२३	खुलाई पठाउनु भन्ने विपक्षीका नाममा पत्र ।
३	२०७५।०३।२१	पुनरावेदकलाई प्राप्त पत्रको जानकारी दिएको ।
४	२०७६।०३।३१	विपक्षीको नाममा ताकेता पत्र लेखी गएको ।
५	२०७६।०८।०२	पुनरावेदकलाई प्राप्त पत्रको जानकारी दिएको ।

क्रम सङ्ख्या: ६

क्र.सं	मिति	विवरण
पक्ष :		सागर खड्का
विपक्ष :		मानव अधिकार सचेतना तथा विकास केन्द्र, दोलखा
१	२०७४।११।२०	सूचना पाईन भनी पुनरावेदन गरेको ।
२	२०७४।०१।१३	खुलाई पठाउनु भन्ने विपक्षीका नाममा पत्र ।
३	२०७५।०२।०१	पुनरावेदकलाई प्राप्त पत्रको जानकारी दिएको ।
४	२०७५।०२।०४	विपक्षीको नाममा ताकेता पत्र लेखी गएको ।
५	२०७५।०३।०६	पुनरावेदकलाई प्राप्त पत्रको जानकारी दिएको ।
६	२०७६।०३।३१	विपक्षीको नाममा ताकेता पत्र लेखी गएको ।

क्रम सङ्ख्या: ७

क्र.सं	मिति	विवरण
पक्ष :		फूलोवती तत्मा
विपक्ष :		नापी कार्यालय, सिरहा र मालपोत कार्यालय, सिरहा
१	२०७४।०३।२६	सूचना पाईन भनी पुनरावेदन गरेको ।
२	२०७४।०३।२८	७ दिनभित्र सूचना उपलब्ध गराउनू भन्ने विपक्षीको नाममा आदेश भएको ।
३	२०७४।०३।३०	आदेश कार्यान्वयन सम्बन्धमा पत्र ।
४	२०७४।०८।११	विपक्षीको नाममा ताकेता पत्र लेखी गएको ।
५	२०७४।१०।१५	३ दिनभित्र सूचना उपलब्ध गराउनू भन्ने विपक्षीको नाममा आदेश भएको ।
६	२०७४।१०।१७	आदेश कार्यान्वयन सम्बन्धमा पत्र ।
७	२०७४।१२।३०	पुनरावेदकलाई प्राप्त पत्रको जानकारी दिएको ।
८	२०७६।०३।३१	विपक्षीको नाममा ताकेता पत्र लेखी गएको ।
९	२०७६।०५।१०	२४ घण्टाभित्र सूचना उपलब्ध गराउनू भन्ने विपक्षीको नाममा आदेश भएको ।
१०	२०७६।०५।११	आदेश कार्यान्वयन सम्बन्धमा पत्र ।
११	२०७६।०९।०२	पुनरावेदकलाई प्राप्त पत्रको जानकारी दिएको ।

क्रम सङ्ख्या: ८

क्र.सं	मिति	विवरण
पक्ष :		शैलेन्द्र झा
विपक्ष :		दुर्गाभगवती गाउँपालिकाको कार्यालय, रौतहट
१	२०७४।११।०९	सूचना पाईन भनी पुनरावेदन गरेको ।
२	२०७४।१२।१९	खुलाई पठाउनु भन्ने विपक्षीका नाममा पत्र ।
३	२०७५।०३।३२	७ दिनभित्र सूचना उपलब्ध गराउनू भन्ने विपक्षीको नाममा आदेश भएको ।
४	२०७५।०४।०३	आदेश कार्यान्वयन सम्बन्धमा पत्र ।
५	२०७५।१२।०४	तामेलीमा राख्नू भन्ने आदेश भएको ।
६	२०७६।०९।०८	विपक्षीको नाममा ताकेता पत्र लेखी गएको ।

क्रम सङ्ख्या: ९

क्र.सं	मिति	विवरण

पक्ष :		दीप चन्द
विपक्ष :		जिल्ला प्रहरी कार्यालय, कञ्चनपुर
१	२०७३।०६।०५	सूचना पाईन भनी पुनरावेदन गरेको ।
२	२०७३।०६।०७	खुलाई पठाउनु भन्ने विपक्षीका नाममा पत्र ।
३	२०७४।०३।३०	विपक्षीको नाममा ताकेता पत्र लेखी गएको ।
४	२०७४।०६।३१	पुनरावेदकलाई प्राप्त पत्रको जानकारी दिएको ।
५	२०७४।१२।१९	७ दिनभित्र सूचना उपलब्ध गराउनू भन्ने विपक्षीको नाममा आदेश भएको ।
६	२०७४।१२।२६	आदेश कार्यान्वयन सम्बन्धमा पत्र ।
७	२०७५।०३।२१	पुनरावेदकलाई प्राप्त पत्रको जानकारी दिएको ।
८	२०७५।०६।२४	सूचना उपलब्ध गराउनू भन्ने विपक्षीको नाममा आदेश भएको ।
९	२०७५।०६।२४	आदेश कार्यान्वयन सम्बन्धमा पत्र ।
१०	२०७६।०२।०८	आवश्यक कारबाहीको लागि प्रहरी प्रधान कार्यालय, नक्सालालाई पत्र लेखी गएको ।
११	२०७६।०३।१७	पुनरावेदकलाई प्राप्त पत्रको जानकारी दिएको ।

क्रम सङ्ख्या: १०

क्र.सं	मिति	विवरण
पक्ष :		दिपेन्द्रबहादुर चन्द
विपक्ष :		जिल्ला प्रहरी कार्यालय, कैलाली
१	२०७५।०६।०७	सूचना पाईन भनी पुनरावेदन गरेको ।
२	२०७५।०६।१८	७ दिनभित्र लिखित जवाफ पेश गर्नू भन्ने विपक्षीको नाममा आदेश भएको ।
३	२०७५।०६।१९	आदेश कार्यान्वयन सम्बन्धमा पत्र ।
४	२०७५।०८।११	पुनरावेदकलाई प्राप्त पत्रको जानकारी दिएको ।
५	२०७५।१२।२८	पुनरावेदकलाई प्राप्त पत्रको जानकारी दिएको ।
६	२०७६।०२।०६	आवश्यक कारबाहीको लागि प्रहरी प्रधान कार्यालय, नक्सालालाई पत्राचार गरेको ।
७	२०७६।०३।१७	पुनरावेदकलाई प्राप्त पत्रको जानकारी दिएको ।
१०	२०७६।०९।२२	आवश्यक कारबाहीको लागि प्रहरी प्रधान कार्यालय, नक्सालालाई पत्र लेखी गएको ।

क्रम सङ्ख्या: ११

क्र.सं	मिति	विवरण
पक्ष :		बालदेव प्रसाद साह
विपक्ष :		नापी विभाग
१	२०७४।०७।२१	सूचना पाईन भनी पुनरावेदन गरेको ।
२	२०७४।०८।१३	खुलाई पठाउनु भन्ने विपक्षीका नाममा पत्र ।
३	२०७४।१०।०२	पुनरावेदकलाई प्राप्त पत्रको जानकारी दिएको ।
४	२०७४।१०।२३	पुनरावेदकलाई प्राप्त पत्रको जानकारी दिएको ।
५	२०७४।१२।१५	विपक्षीको नाममा ताकेता पत्र लेखी गएको ।
६	२०७५।०२।२४	७ दिनभित्र सूचना उपलब्ध गराउनू भन्ने विपक्षीको नाममा आदेश भएको ।
७	२०७५।०२।२९	आदेश कार्यान्वयन सम्बन्धमा पत्र ।
८	२०७५।०९।२६	पुनरावेदकलाई प्राप्त पत्रको जानकारी दिएको ।
९	२०७६।०३।३१	विपक्षीको नाममा ताकेता पत्र लेखी गएको ।
१०	२०७६।०६।०६	३ दिनभित्र सूचना उपलब्ध गराउनू भन्ने विपक्षीको नाममा आदेश भएको ।
११	२०७६।०६।०७	आदेश कार्यान्वयन सम्बन्धमा पत्र ।
१२	२०७६।०६।३०	पुनरावेदकलाई प्राप्त पत्रको जानकारी दिएको ।
१३	२०७६।०८।०२	आवश्यक कारबाहीको लागि पत्र लेखेको ।
१४	२०७६।०९।१५	पुनरावेदकलाई प्राप्त पत्रको जानकारी दिएको ।

क्रम सङ्ख्या: १२

क्र.सं	मिति	विवरण
पक्ष :		सविन पोखरेल
विपक्ष :		निर्वाचन आयोग
१	२०७३।०८।१०	सूचना पाईन भनी पुनरावेदन गरेको ।
२	२०७३।०८।२०	खुलाई पठाउनु भन्ने विपक्षीका नाममा पत्र ।
३	२०७३।११।३०	पुनरावेदकलाई प्राप्त पत्रको जानकारी दिएको ।
४	२०७५।०२।०९	तामेलीमा राख्नू भन्ने आदेश भएको ।
५	२०७६।०१।०४	विपक्षीको नाममा सूचना उपलब्ध गराउने सम्बन्धमा पत्राचार गरेको ।
६	२०७६।०९।०८	विपक्षीको नाममा प्रगति विवरण पठाउन पत्राचार गरेको ।

क्रम सङ्ख्या: १३

क्र.सं	मिति	विवरण
पक्ष :		भीम प्रसाद पुन
विपक्ष :		सूचना तथा सञ्चार मन्त्रालय
१	२०७१।०२।०७	७ दिनभित्र सूचना उपलब्ध गराउनू भन्ने विपक्षीको नाममा आदेश भएको ।
२	२०७१।०२।१३	आदेश कार्यान्वयन सम्बन्धमा पत्र ।
३	२०७१।०७।१०	विपक्षीको नाममा ताकेता पत्र लेखी गएको ।
४	२०७२।०३।१०	तामेलीमा राख्नू भन्ने आदेश भएको ।
५	२०७३।१०।२५	विपक्षीको नाममा ताकेता पत्र लेखी गएको ।
६	२०७४।०३।१३	विपक्षीको नाममा ताकेता पत्र लेखी गएको ।
७	२०७५।०५।२८	७ दिनभित्र लिखित जवाफ पेश गर्नू भन्ने विपक्षीको नाममा आदेश भएको ।
८	२०७५।०५।३१	आदेश कार्यान्वयन सम्बन्धमा पत्र ।
९	२०७६।०३।३०	पुनरावेदकलाई प्राप्त पत्रको जानकारी दिएको ।

क्रम सङ्ख्या: १४

क्र.सं	मिति	विवरण
पक्ष :		मनोजकुमार रौनियार
विपक्ष :		जिल्ला प्रशासन कार्यालय, पर्सा
१	२०७५।०९।२६	सूचना पाईन भनी पुनरावेदन गरेको ।
२	२०७५।१०।०२	७ दिनभित्र लिखित जवाफ पेश गर्नू भन्ने विपक्षीको नाममा आदेश भएको ।
३	२०७५।१०।०३	आदेश कार्यान्वयन सम्बन्धमा पत्र ।
४	२०७६।०१।०४	पुनरावेदकलाई प्राप्त पत्रको जानकारी दिएको ।

क्रम सङ्ख्या: १५

क्र.सं	मिति	विवरण
पक्ष :		मनोजकुमार रौनियार
विपक्ष :		गुणस्तर तथा नापतौल क्षेत्रीय कार्यालय, पर्सा
१	२०७६।०२।०३	सूचना पाईन भनी पुनरावेदन गरेको ।
२	२०७६।०२।२१	७ दिनभित्र लिखित जवाफ पेश गर्नू भन्ने विपक्षीको नाममा आदेश भएको ।
३	२०७६।०२।२१	आदेश कार्यान्वयन सम्बन्धमा पत्र ।
४	२०७६।०३।३१	पुनरावेदकलाई प्राप्त पत्रको जानकारी दिएको ।

क्रम सङ्ख्या: १६

क्र.सं	मिति	विवरण
पक्ष :		मनोजकुमार रौनियार
विपक्ष :		श्री बि. पी. मेमोरियल मेडिकल साईन्स कलेज, धरान
१	२०७६।०२।०३	सूचना पाईन भनी पुनरावेदन गरेको ।
२	२०७६।०२।२१	७ दिनभित्र लिखित जवाफ पेश गर्नू भन्ने विपक्षीको नाममा आदेश भएको ।
३	२०७६।०२।२१	आदेश कार्यान्वयन सम्बन्धमा पत्र ।

क्रम सङ्ख्या: १७

क्र.सं	मिति	विवरण
पक्ष :		मनोजकुमार रौनियार
विपक्ष :		ठाकुरराम बहूमुखी क्याम्पस, वीरगंज, पर्सा
१	२०७६।०२।०३	सूचना पाईन भनी पुनरावेदन गरेको ।
२	२०७६।०२।२१	७ दिनभित्र लिखित जवाफ पेश गर्नू भन्ने विपक्षीको नाममा आदेश भएको ।
३	२०७६।०२।२१	आदेश कार्यान्वयन सम्बन्धमा पत्र ।

क्रम सङ्ख्या: १८

क्र.सं	मिति	विवरण
पक्ष :		मनोजकुमार रौनियार

विपक्ष :		वाणिज्य कार्यालय, वीरगंज, पर्सा
१	२०७६।०२।०३	सूचना पाईन भनी पुनरावेदन गरेको ।
२	२०७६।०२।२१	७ दिनभित्र लिखित जवाफ पेश गर्नू भन्ने विपक्षीको नाममा आदेश भएको ।
३	२०७६।०२।२१	आदेश कार्यान्वयन सम्बन्धमा पत्र ।

क्रम सङ्ख्या: १९

क्र.सं	मिति	विवरण
पक्ष :		मनोजकुमार रौनियार
विपक्ष :		वीरगंज महानगरपालिकाको कार्यालय, पर्सा
१	२०७६।०२।०३	सूचना पाईन भनी पुनरावेदन गरेको ।
२	२०७६।०२।२१	७ दिनभित्र लिखित जवाफ पेश गर्नू भन्ने विपक्षीको नाममा आदेश भएको ।
३	२०७६।०२।२१	आदेश कार्यान्वयन सम्बन्धमा पत्र ।
४	२०७६।०३।२४	पुनरावेदकलाई प्राप्त पत्रको जानकारी दिएको ।

क्रम सङ्ख्या: २०

क्र.सं	मिति	विवरण
पक्ष :		मनोजकुमार रौनियार
विपक्ष :		ठाकुरराम बहूमुखी क्याम्पस, वीरगंज, पर्सा
१	२०७६।०२।०३	सूचना पाईन भनी पुनरावेदन गरेको ।
२	२०७६।०२।२१	७ दिनभित्र लिखित जवाफ पेश गर्नू भन्ने विपक्षीको नाममा आदेश भएको ।
३	२०७६।०२।२१	आदेश कार्यान्वयन सम्बन्धमा पत्र ।

क्रम सङ्ख्या: २१

क्र.सं	मिति	विवरण
पक्ष :		मनोजकुमार रौनियार
विपक्ष :		नापी कार्यालय, वीरगञ्ज, पसा
१	२०७५।११।१३	सूचना पाईन भनी पुनरावेदन गरेको ।
२	२०७५।११।२२	७ दिनभित्र लिखित जवाफ पेश गर्नू भन्ने विपक्षीको नाममा आदेश भएको ।
३	२०७५।११।२२	आदेश कार्यान्वयन सम्बन्धमा पत्र ।
४	२०७६।०३।३१	७ दिनभित्र सूचना उपलब्ध गराउनू भन्ने विपक्षीको नाममा आदेश भएको ।
५	२०७६।०३।३१	आदेश कार्यान्वयन सम्बन्धमा पत्र ।

क्रम सङ्ख्या: २२

क्र.सं	मिति	विवरण
पक्ष :		मनोजकुमार रौनियार
विपक्ष :		जिल्ला प्रशासन कार्यालय, पर्सा
१	२०७५।०९।२६	सूचना पाईन भनी पुनरावेदन गरेको ।
२	२०७६।१०।०२	७ दिनभित्र लिखित जवाफ पेश गर्नू भन्ने विपक्षीको नाममा आदेश भएको ।
३	२०७५।१०।०३	आदेश कार्यान्वयन सम्बन्धमा पत्र ।
४	२०७६।०३।३१	मागेको सूचना स्पष्ट रूपमा खुलाउन पत्राचार गरेको ।

क्रम सङ्ख्या: २३

क्र.सं	मिति	विवरण
पक्ष :		मनोजकुमार रौनियार
विपक्ष :		जिल्ला प्रशासन कार्यालय, पर्सा
१	२०७५।१०।०१	सूचना पाईन भनी पुनरावेदन गरेको ।
२	२०७५।१०।०९	७ दिनभित्र लिखित जवाफ पेश गर्नू भन्ने विपक्षीको नाममा आदेश भएको ।
३	२०७५।१०।११	आदेश कार्यान्वयन सम्बन्धमा पत्र ।
४	२०७६।०३।३१	७ दिनभित्र सूचना उपलब्ध गराउनू भन्ने विपक्षीको नाममा आदेश भएको ।
५	२०७६।०३।३१	आदेश कार्यान्वयन सम्बन्धमा पत्र ।
६	२०७६।०४।२२	पुनरावेदकलाई प्राप्त पत्रको जानकारी दिएको ।

क्रम सङ्ख्या: २४

क्र.सं	मिति	विवरण
पक्ष :		शम्साद अहमद समेत
विपक्ष :		केन्द्रीय हज समिति, गृह मन्त्रालय, सिंहदरबार
१	२०७५।०६।०१	सूचना पाईन भनी पुनरावेदन गरेको ।
२	२०७५।०६।१८	७ दिनभित्र लिखित जवाफ पेश गर्नू भन्ने विपक्षीको नाममा आदेश भएको ।
३	२०७५।०६।१९	आदेश कार्यान्वयन सम्बन्धमा पत्र ।
४	२०७५।१०।०६	पुनरावेदकलाई प्राप्त पत्रको जानकारी दिएको ।
५	२०७५।११।०६	विपक्षीको नाममा ताकेता पत्र लेखी गएको ।
६	२०७६।०१।०४	पुनरावेदकलाई प्राप्त पत्रको जानकारी दिएको ।
७	२०७७।०३।२५	तामेलीमा राख्नू भन्ने आदेश ।

क्रम सङ्ख्या: २५

क्र.सं	मिति	विवरण
पक्ष :		बिश्वनाथ पुलामी समेत
विपक्ष :		ञ्याडिशन होटलमा संचालित क्यासीनो ञ्याड, लाजिम्पाट, काठमाडौं
१	२०७५।११।२१	सूचना पाईन भनी पुनरावेदन गरेको ।
२	२०७५।१२।०४	७ दिनभित्र लिखित जवाफ पेश गर्नू भन्ने विपक्षीको नाममा आदेश भएको ।
३	२०७५।१२।०५	आदेश कार्यान्वयन सम्बन्धमा पत्र ।
४	२०७६।०१।०४	पुनरावेदकलाई प्राप्त पत्रको जानकारी दिएको ।
५	२०७६।०३।२४	विपक्षीको नाममा ताकेता पत्र लेखी गएको ।
६	२०७६।०३।०५	पुनरावेदकलाई प्राप्त पत्रको जानकारी दिएको ।
७	२०७६।०५।०३	विपक्षीको नाममा ताकेता पत्र लेखी गएको ।
८	२०७६।०६।१४	७ दिनभित्र सूचना उपलब्ध गराउनू भन्ने विपक्षीको नाममा आदेश भएको ।
९	२०७६।०६।१४	आदेश कार्यान्वयन सम्बन्धमा पत्र ।
१०	२०७६।०८।०१	पुनरावेदकलाई प्राप्त पत्रको जानकारी दिएको ।
११	२०७७।०३।३१	तामेलीमा राख्नू भन्ने आदेश ।

क्रम सङ्ख्या: २६

क्र.सं	मिति	विवरण
पक्ष :		शिशिर सिंखडा
विपक्ष :		कालिका नगरपालिका, चितवन
१	२०७६।०१।१९	सूचना पाईन भनी पुनरावेदन गरेको ।
२	२०७६।०१।२३	७ दिनभित्र लिखित जवाफ पेश गर्नू भन्ने विपक्षीको नाममा आदेश भएको ।
३	२०७६।०१।२४	आदेश कार्यान्वयन सम्बन्धमा पत्र ।
४	२०७६।०३।१२	पुनरावेदकलाई प्राप्त पत्रको जानकारी दिएको ।
५	२०७६।०३।३१	आदेश कार्यान्वयन सम्बन्धमा पत्र ।
६	२०७७।०३।२५	तामेलीमा राख्नू भन्ने आदेश ।

क्रम सङ्ख्या: २७

क्र.सं	मिति	विवरण
पक्ष :		मनोजकुमार रौनियार
विपक्ष :		मालपोत कार्यालय, वीरगञ्ज, पर्सा
१	२०७५।११।१३	सूचना पाईन भनी पुनरावेदन गरेको ।
२	२०७५।११।२१	७ दिनभित्र लिखित जवाफ पेश गर्नू भन्ने विपक्षीको नाममा आदेश भएको ।
३	२०७५।११।२२	आदेश कार्यान्वयन सम्बन्धमा पत्र ।

क्रम सङ्ख्या: २८

क्र.सं	मिति	विवरण
पक्ष :		रामपुकार रौनियार
विपक्ष :		दिल्ली पब्लिक स्कूल, लिपनीमाल-८, बारा
१	२०७५।०२।०४	सूचना पाईन भनी पुनरावेदन गरेको ।
२	२०७५।०२।१५	खुलाई पठाउनु भन्ने विपक्षीका नाममा पत्र ।
३	२०७५।०६।२२	पुनरावेदकलाई प्राप्त पत्रको जानकारी दिएको ।
४	२०७५।०९।१०	७ दिनभित्र सूचना उपलब्ध गराउनू भन्ने विपक्षीको नाममा आदेश भएको ।
५	२०७५।०९।१०	आदेश कार्यान्वयन सम्बन्धमा पत्र ।
६	२०७५।१२।०४	३ दिनभित्र सूचना उपलब्ध गराउनू भन्ने विपक्षीको नाममा आदेश भएको ।

७	२०७५।१२।०५	आदेश कार्यान्वयन सम्बन्धमा पत्र ।
८	२०७६।०३।०५	आदेश तामेलीको लागि जि. प्र. का., बारालाई पत्र लेखी गएको ।
९	२०७६।०३।२६	आदेश सच्चाउनू भन्ने आदेश भएको ।
१०	२०७६।०३।२६	आदेश कार्यान्वयन सम्बन्धमा पत्र ।
११	२०७६।०३।३१	आदेश तामेलीको लागि जि. प्र. का., बारालाई पत्र लेखी गएको ।
१२	२०७६।०४।१७	दफा ३२ बमोजिम सूचना उपलब्ध नगराउने पदाधिकारी उपर कारबाहीको आदेश भएको ।
१३	२०७६।०४।१९	आदेश कार्यान्वयन सम्बन्धमा पत्र ।
१४	२०७६।०४।१९	जि. प्र. का., बारालाई आयोगबाट भएको जरीवाना असुल गरी जानकारी पठाई दिने सम्बन्धमा पत्र लेखी गएको ।
१५	२०७६।०४।१९	जि. शि. स. इ., बारालाई सूचना उपलब्ध गराउने सम्बन्धमा ।
१६	२०७६।०४।२६	पुनरावेदकलाई प्राप्त पत्रको जानकारी दिएको ।

क्रम सङ्ख्या: २९

क्र.सं	मिति	विवरण
पक्ष :		मनोजकुमार रौनियार
विपक्ष :		कोष तथा लेखा नियन्त्रण कार्यालय, पर्सा
१	२०७५।११।१३	सूचना पाईन भनी पुनरावेदन गरेको ।
२	२०७५।११।२२	७ दिनभित्र लिखित जवाफ पेश गर्नू भन्ने विपक्षीको नाममा आदेश भएको ।
३	२०७५।११।२२	आदेश कार्यान्वयन सम्बन्धमा पत्र ।
४	२०७६।०१।०४	पुनरावेदकलाई प्राप्त पत्रको जानकारी दिएको ।

क्रम सङ्ख्या: ३०

क्र.सं	मिति	विवरण
पक्ष :		मनोजकुमार रौनियार
विपक्ष :		शहरी विकास तथा भवन कार्यालय, पर्सा
१	२०७५।११।१३	सूचना पाईन भनी पुनरावेदन गरेको ।
२	२०७५।११।२१	७ दिनभित्र लिखित जवाफ पेश गर्नू भन्ने विपक्षीको नाममा आदेश भएको ।
३	२०७५।११।२२	आदेश कार्यान्वयन सम्बन्धमा पत्र ।
४	२०७६।०३।३१	७ दिनभित्र सूचना उपलब्ध गराउनू भन्ने विपक्षीको नाममा आदेश भएको ।
५	२०७५।०३।३१	आदेश कार्यान्वयन सम्बन्धमा पत्र ।
६	२०७६।०५।३०	पुनरावेदकलाई प्राप्त पत्रको जानकारी दिएको ।

क्रम सङ्ख्या: ३१

क्र.सं	मिति	विवरण
